# सम्झना

नाटक- च्याङ्बाको चेतना विशेषाङ्क | अङ्क-८ | वर्ष-२९ | सन्-२०२५

| प्रधान सम्पादक | व्यवस्थापक |
|---|---|
| गणेशकुमार प्रधान | भीमबहादुर श्रेष्ठ |
| | गुञ्जदास श्रेष्ठ |
| सम्पादक | तीलकराम शर्मा |
| बिकास कार्की | रमा शर्मा पौड्याल |
| | धनबहादुर भुसाल |
| कार्यकारी सम्पादक | हितबहादुर खड्का |
| राजु पाठक | रिना श्रेष्ठ |
| | पद्मा गुरुङ |
| सहसम्पादक | दिलिप श्रेष्ठ |
| सञ्जीब गुरुङ | जगत् थापा (जित) |
| निमा निष्कर्ष | |
| | प्रकाशक |
| सल्लाहकार | श्री श्री जानकी माता नेपाली धार्मिक सङ्घ |
| राधेश्याम लेकाली | रजिस्ट्रेसन नम्बर : S0066281 |
| विमल भौकाजी | 228/3/1, Gopal Lal Tagore Road, Adarsh Pally |
| दिव्य गिरी | Mullick Colony, Baranagar, Kolkata - 7000 36 |
| हरिसिंह थापा | Branch : |
| कोमलप्रसाद श्रेष्ठ मल्ल | 14/2, Sir Hariram Goenka Street, Kolkata-7000 07 |
| सुरेशजंग शाह | jmnepalidharmiksangh@gmail.com |
| | +91 8582894910/9883601798/9432922587 |

# सङ्घको गीत !!

श्री श्री जानकी माता नेपाली धार्मिक सङ्घ
हाम्रो पुर्खाले सुम्पिएको आत्मीय तरङ्ग

पहाड र मधेश यो हाम्रो साझा फूलबारी
मानवसेवा शान्ति विकास हो हाम्रो चिन्हारी

सेवा गर्दागर्दै मर्नु नै परे पनि मर्ने
अठोट छ हाम्रो सेवा सेवा सेवा नै गर्ने

परदेशी जीवन हुन्छ अपनत्व हर्ने
हाम्रो उद्देश्य लक्ष्य अपनत्व फर्काउने

जुन काम हामी सबैले मिलेर गर्नै पर्ने
भाषा, साहित्य एवं संस्कृति जागृत गर्ने

यताउता नगरी हिंँडे लक्ष्यमा पुग्ने छौँ
कहिल्यै शिर नझुकेको वीरका सन्तान हौँ।

-गुञ्जदास श्रेष्ठ
कोलकाता

# विषय सूची


| | | |
|---|---|---|
| प्रकाशकीय | | 5 |
| सम्पादकीय | | 6 |
| सभापतिको भनाइ | | 7 |
| महासचिवको भनाइ | | 10 |
| श्री श्री जानकी माता नेपाली महिला कल्याणकारी कोष, अध्यक्षाको भनाइ | | 11 |
| **नाटक "च्याङ्बाको चेतना"** | | |
| भूमिका | -दिव्य गिरी | 23 |
| च्याङ्बाको चेतना | -गणेशकुमार प्रधान | 27 |
| **लेख** | | |
| ख्याति र सम्मानको हिमाल चढ्दै श्री श्याम थापा | -सञ्जीव गुरुङ | 51 |
| संयुक्त नेपाली वेलफेयर ट्रस्ट | -चन्द्रबहादुर स्याङ्दन | 53 |
| "हाम्रो छहारी एक कैरन" | -मणिकुमार शर्मा | 55 |
| कोलकाता महानगरीमा ए.जी. नेपाली मण्डलीको सङ्क्षेपमा परिचय | -देवराज भट्टराई | 57 |
| संयुक्त नेपाली केन्द्रिय सेवा सङ्घको गतिविधि | -चन्द्रबहादुर स्याङ्दन | 59 |
| लैनसिंह बाङ्देल साहित्य कला प्रतिष्ठानको परिचय | -देविका मुक्तान | 62 |
| **कविता** | | |
| "भयो बाबु ! कस्तो अहो ! त्यो मनैमा" | -डा युवराज भट्टराई | 64 |
| कला | -सिर्जना शाहा | 65 |
| तिम्रो स्वागतमा म | -सुरेशजङ्ग शाह | 66 |
| कोमल श्रेष्ठ मल्लका कविताहरू | | 67 |

| | | |
|---|---|---|
| मेरो सत्लुङ | -हरिसिंह थापा | 68 |
| गीत | -सुमन थापा संगम | 69 |
| कोरोना र फेहरिस्त | -सञ्जीव गुरुङ | 70 |
| सिंहको राज्यमा स्यालको बिद्रोह | -राजु पाठक | 71 |
| गजल | -निमा निष्कर्ष | 72 |
| जन्म दिने आमा | -रमा शर्मा पौड्याल | 73 |

**विविध**

| | |
|---|---|
| पत्रपत्रिकामा प्रकाशित भएका समाचारहरू | 75 |
| संस्थाद्वारा सम्मानित आमाहरू | 84 |
| संस्थाद्वारा सम्मानित महानुभावहरू | 89 |
| विभिन्न कार्यक्रमका तस्बिरहरू | 91 |

# प्रकाशकीय

स्नेह समाजसेवी सज्जनवृन्द

देश छ र पो हामी छौँ, हामी छौँ र पो समाज, भाषा, साहित्य, संस्कृति, अनि जाती छ। हर जातजातिको आफ्नो रीतिरिवाज परम्परा अनि धर्म छ। यसलाई बचाइराख्ने दायित्व तपाईं हामी सबैको हो। हाम्रो भाषा, साहित्य, सांस्कृतिक, जातजाति बलियो छ भने हाम्रो समाज बलियो हुन्छ अनि राष्ट्र र समाजको गौरव र विकास गर्ने क्षमता हुन्छ ।

यी सबैलाई मद्देनजर राखेर श्री श्री जानकी माता नेपाली धार्मिक संघ जन्मकालदेखि नै धार्मिक, सामाजिक, साहित्यिक, सांस्कृतिक समाजसेवा, रक्तदान, स्वास्थ्य परीक्षण तथा उपचार, खेलकुद र प्राकृतिक प्रकोप, जस्तै- भूकम्प, बाढी पहिरो, दिन दु:खी सेवा आदिमा सहयोग कार्य गर्दै आइरहेको सर्वविदितै छ।

हाम्रो नेपाली साहित्यिक पत्रिका 'सम्झना'को आठौँ अङ्क प्रकाशन गर्न सफल भएका छौँ। यस पत्रिकामा शुभकामना, 'च्याङ्बाको चेतना' एकाङ्की नाटक लेखक गणेशकुमार प्रधान, लेख, रचना, कविता, कथा, विज्ञापन दिनुहुने सम्पूर्ण समाजसेवी, साहित्यकार, सहयोगी संघसंस्था, बुद्धिजीवी महानुभाव तथा यस पत्रिकालाई स्तरीय बनाउन दिनरात कम्प्युटरमा खट्नु हुने कार्यकारी सम्पादक राजु पाठकज्यू, प्रधान सम्पादक, सम्पादक, सहसम्पादक, सल्लाहकार, व्यवस्थापक लगायत सम्पूर्ण सम्झना परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

श्री श्री जानकी माता नेपाली धार्मिक संघ, श्री श्री जानकी माता नेपाली महिला कल्याणकारी कोष, श्री श्री जानकी माता नेपाली मौलिक नौमती पञ्चेबाजा ब्यान्ड कोलकाता, श्री श्री जानकी माता नेपाली महिला सिलाईबुनाई प्रशिक्षण केन्द्र कोलकाताका सम्पूर्ण पदाधिकारी, कार्यकारिणी सदस्य र साधारण सदस्यहरू एवं देशविदेश रहनुहुने सम्पूर्णमा नववर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना !

भीम बहादुर श्रेष्ठ
चेयरमेन
श्री श्री जानकी माता नेपाली धार्मिक संघ, कोलकाता

# सम्पादकीय

कलकत्ताबाट प्रकाशित हुने पत्र पत्रिकाहरू मध्ये सम्झना पनि एक हो । यसै त कलकत्ताबाट वर्षेनी तीनचार वटा पत्रिकाहरू निरन्तर प्रकाशित भइरहेका छन् । यी पत्रिकारहरूले कलकत्तामा रहेर अन्य भाषामा शिक्षार्जन गररे आफ्नो मातृभाषामा लेख्न चाहाने नेपालीहरूको निम्ति ठूलो ठाउँ तयारी गरिदिएको छ । कलकत्तामा स्थायी अस्थायी बसोबास गरिरहेका र आफ्नो मातृभाषा, साहित्य अनि समाजको समोन्नतिको निम्ति धैरै सङ्घ संस्थाहरू लागिपरेका छन् । जसमध्ये श्री श्री जानकी माता नेपाली धार्मिक सङ्घ कलकत्ता एक हो । जानकी माता नेपाली धार्मिक सङ्घ कलकत्ताको स्थापना समाज सचेतक श्री गणेष प्रधानको नेतृत्वमा सन् १९७७ सालमा भएको थियो । तत्कालिन नेपाली समाजको अवस्था र व्यवस्था देखेर कलकत्ताका विभिन्न ठाउँमा रहेका नेपालीहरूलाई एकजुट गरी, उनीहरूमा सामाजिक जागरुकता जगाउन, सत्यनारयणको ब्रतकथा लगाएर एकजुट गरी सामाजिक, आध्यात्मिक चेत जगाउने काम गरेका थिए । अनि समाजमा परेको आफत विपदमा सहयोग गर्ने कामहरू आएका थिए, जो अध्यावधि चलिरहेको छ । कलकत्तामा यस्ता सामाजिक सङ्घ संस्थाहरू धैरै जन्मिए र विलाएर पनि गए तर जानकी माता नेपाली धार्मिक सङ्घ कलकत्ता भने समाज सेवा र साहित्यको सेवामा निरन्तर लागिरहेको छ । सङ्घले सामाजिक मात्रै होइन भाषा र साहित्यको सेवामा पनि सकेसम्म आफ्नो योगदान दिइरहेको छ । सङ्घले सन् २००० सालबाट सम्झना साहित्यिक पत्रिका प्रकाशन गरेर भाषा अनि साहित्यको सेवामा ठूलो योगदान पुर्याएको छ । सम्झना समसामयिक भए तापनि यसका अङ्कहरू सङ्ग्रहणीय छन् । पत्रिकाको यो आठौँ अङ्क साहित्य अनि कलकत्ताका यस्ता धैरै जानकारीहरू छन् जो पाठकको निम्ति सङ्ग्रहणीय छ । आशा छ पाठकले यसको सदुपयोग गर्ने छन् ।

- बिकास कार्की

सम्पादक

# सभापतिको भनाइ

“मानव सेवा नै परम धर्म हो “ !

हाम्रो सेवा , हाम्रो उद्देश्य !!
भोकालाई भोजन, प्यासीलाई पानी !
दु:खीलाई सहयोग, रोगीलाई उपचार !!
नाङ्गालाई कपडा, अन्धोलाई चस्मा !
अनपढलाई शिक्षा, अपाङ्ग ह्वीलचेयर !!
सानालाई माया , ठूलालाई सम्मान !
यही त हो हाम्रो कर्तव्य र स्वाभिमान ! !
सेवा गरौँ, पुण्य कमाऔँ !!
आफू पनि बचौं ! अरूलाई पनि बचाऔँ !!

राष्ट्र, राष्ट्रियता, समाज, सामाजिक व्यक्तित्व, परोपकार, और मानव सेवामा समर्पित संस्था...............

हाम्रो सेवा, हाम्रो धर्म।
सबैले गरौँ राम्रो कर्म॥

आदरणीय सज्जनवृन्द,
श्री श्री जानकी माता नेपाली धार्मिक संघ सन् १९७७ सालदेखि नै संघको क्षमताले भ्याएसम्म मानव जातिमा परिआएको समस्या, सहयोग र सेवा पुर्याउँदै आएको हजुरहरूलाई थाहा छँदैछ।
कोलकाता वरपर बस्नु हुने हाम्रो जातिहरूलाई दु:खबिमारमा पर्दा हस्पिटल लान ल्याउन एम्बुलेन्सको व्यवस्था, रगतको आवश्यकता परेमा रगत, औषधिको आवश्यकता परेमा औषधि, मृगौला, क्यान्सरजस्ता आत्मघाती रोगीहरूको लागि आर्थिक सहयोग संकलन, महिलाहरू दुई जिउकी हुँदा दहीचिउरा खुवाई (गोद भराई) सुत्केरी मरमसला, स्याहारसुसार र मर्दापर्दा, लावारिस लासलाई दाहसंस्कार, सहयोगको व्यवस्था गर्दै आएको छ। घर परिवार बिछोड भई हराएका मानिसहरूलाई घरसम्म पुर्याउने व्यवस्था, सत्यनारायण पूजाका साथ नेपाली सांस्कृतिक कार्यक्रम इत्यादि।

दिन दुःखी विपन्न परिवारहरूलाई जाडो मौसममा कपडा, कमल, ओढ्ने सल र गरम महिनामा सर्वसाधारणहरूको लागि चिसो सर्बत पानी वितरण साथै प्रत्येक शनिवार र सोमवार नमो: नारायण भोग (भोजन) वितरण गर्दै आएका छौँ।

कोरोनाले गर्दा २३ मार्च २०२० देखि मानिसहरू घरभित्र थुनिन बाध्य भएका थिए। यस अवस्थामा हाम्रो संस्थाले खाना मास्क सेनिटाइजर लगायत घर-घर गएर रासनपानी औषधिका साथ स्वास्थ्य उपचार गराउने काम गरेको थियो।

हाम्रो संस्थाले आम्फान तुफानले क्षतिग्रस्तहरूको सहयोगार्थ बंगाल सरकार आपातकालिन मुख्यमन्त्री राहत कोषमा रु १०००००/- (एक लाख) सहयोग गरेको थियो साथै अरुण पाण्डेज्यूको नेतृत्वमा यास तुफानले क्षतिग्रस्त सुन्दरबनका जनसमुदायमा रासनपानी एवं औषधि वितरण गरेको थियो।

नेपालको मेलम्ची र तराई क्षेत्रमा बाढीपीडितहरूलाई राहत सहयोग गरिएको थियो।

शिक्षार्जन तीर्थ भ्रमण आदिमा आउनेहरूलाई उपचार बसोबास लगायतका अन्य आवश्यकीय सहयोग गर्दै आएको छ।

अनाथाश्रमहरूमा रासनपानी कपडा औषधि आदिको सहयोग गर्दै आएको छ।

कोलकाताका पार्कहरू सजाउने कार्यमा सहभागी बन्दै आएको छ।

रोजगार, व्यवसायका साथै सिपमूलक दक्षता हासिल प्रशिक्षण एवं सहयोग गर्दै आएको छ।

भाषा, साहित्य एवं खेल तथा सांस्कृतिक कार्यक्रमको आयोजन निरन्तर गर्दै आएको छ।

वृद्ध आमाबुबालाई हामीले वृद्ध आश्रम पुर्याउने होइन, वृद्ध आमाबुबालाई त हामीले आश्रय दिनुपर्छ भन्ने मूल मन्त्रबाट अभिप्रेरित भई वृद्ध आमाहरूलाई स्याहारसुसार र सम्मान गर्नुपर्छ भन्ने अभियान चलाई प्रत्येक वर्ष हरितालिका तीजको पावन अवसरमा ज्येष्ठ नागरिक आमाहरूलाई सम्मान र हिन्दू महिला दिदीबहिनीहरूको महान् पर्व हरितालिका तीजमा दर खुवाई विभिन्न संस्कृति मनोरञ्जन लोकगीत लोकनृत्य भव्यताको साथ मनाउँदै आएका छौँ।

श्री श्री जानकी माता नेपाली धार्मिक संघ कोलकाताको आयोजनमा विगत १९ औँ वर्ष लगातार तपाईंहरूको सहयोग, सहभागितामा नि: शुल्क आखा, दाँत स्वास्थ्य परीक्षण एवं औषधि वितरण र स्वच्छ रक्तदान शिविर परिचालनको साथै कविता वाचन, साहित्य गोष्ठी, नेपाली साहित्य पत्रिका "सम्झना" विमोचन एवम् हाम्रो पहिचान नेपाली मौलीक नौमती पन्चेबाजा, सांस्कृतिक संरक्षण एवं संवर्द्धनका लागि अभिप्रेरित गर्दै जातीय पहिचानको मर्मबोध गराउनुको साथै समाजसेवमा तल्लीन रहनु नै हाम्रो मुख्य उद्देश्य हो।

राष्ट्र, राष्ट्रियता, धार्मिक, समाजीक, नैतिक, भाषा, साहित्य, सांस्कृतिक, कर्मठ समाजसेवी विभूतिहरूलाई श्री श्री जानकी माता नेपाली धार्मिक संघ कोलकाता अनि शिव कैलाश कलामन्दिर काठमाण्डौंको संयुक्त आयोजनामा हरितालिका तीजको सुअवसरमा कोलकातामा एक विराट

सांस्कृतिक कार्यक्रम सम्पन्न गरीयो। उक्त भव्य संस्कृतिक कार्यक्रममा Indo Nepal International Award 2024 ले नेपाल अनि भारतका विभिन्न क्षेत्रमा योगदान पुर्याउनु हुने, भाषा-साहित्य, समाजसेवा, खेलकूद, कला, पत्रकारिता, स्वस्थ्य आदि श्रेत्रका विभूतिहरूलाई १ सेक्टेम्बर २०२४ आइतबार Indo Nepal International Award ले सम्मान गर्नको साथै उक्त दिन  शिव कैलाश कला मन्दिर काठमाण्डौं नेपालका राष्ट्रिय ख्यातिप्राप्त उत्कृष्ट कलाकारहरूद्वारा सांस्कृतिक कार्यक्रम लोकगीत तथा विभिन्न भाषाभाषीका लोकनृत्य र श्री श्री जानकी माता नेपाली मौलीक नौमती पञ्चेबाजा ब्याण्ड, कोलकाताद्वारा उत्कृष्ट पञ्चेबाजा प्रदर्शन गरी सर्वप्रथम कोलकातामा  ऐतिहासिक कार्यक्रम गरिएको थियो । साथै कोलकातामा विभिन्न उत्सवहरूमा हामीले नौमती बाजाद्वारा जनमानसमा नेपाली मौलिकताको परिचय दिने कार्य गर्दै आएका छौं।

तत्कालिन कोलकाताका नेपाली महावाणिज्यदूत श्रीमान् ईश्वर राज पौडेलज्यूको उच्चतम सोच र विशेष पहलले नेपाली कला, सांस्कृतिक, धर्म, समाजसेवा तथा प्रवर्द्धन गर्ने ध्येयले नेपाली मौलीक नौमती पन्चेबाजा वाद्य समूह निर्माण गरी नेपाली संस्कृति र परम्परालाई कोलकातामा रहेका नेपाली र नेपाल प्रेमीहरू माझ प्रवर्द्धन गर्ने उद्देश्यले नौमती पञ्चेबाजा नेपालबाट खरिद गरी कोलकाता ल्याउन र प्रशिक्षण (शिक्षक) नेपालबाट ल्याउनको लागि आवश्यक पर्ने रकम बी पी कोइराला भारत नेपाल फाउंडेशन (BPKF) सचिवालय न्यु दिल्ली र नेपाली महावाणिज्यदूतावास कोलकाताको कोषबाट आर्थिक सहयोग प्राप्त गरी अहिले हाम्रो मौलीक नौमती पन्चेबाजा ब्याण्ड ,कोलकातामा उत्कृष्ट कलाकारको रूपमा तयार भएको छ। तपाईंहरूको कुनै पनि शुभ कार्यमा पञ्चेबाजा घन्काउन इच्छा भए कृपया सम्पर्क गर्नु होला भन्ने हार्दिक अनुरोध छ।

अन्तमा हाम्रो यो पवित्र पुण्य सेवामूलक शुभकार्यमा तपाईंहरू पनि जोडिन चाहनु हुन्छ भने कृपया हामीसँग सम्पर्क गरी सदस्य बनी तन, मन, धनले सहयोग, सुझाव र सहभागी हुनु होला भन्ने हार्दिक सविनय विनम्र अनुरोधको साथ  हाम्रो  संस्था भारत सरकार को 1961 नियम अनुसार तपाईंले गर्नुभएको आर्थिक सहयोगको  80G, 12A अन्तर्गत (Income tax) इनकम टैक्स छुट पाउने दोहोरो प्रावधान छ ।

गुञ्जदास श्रेष्ठ
+91 8582894910
सभापति
श्री श्री जानकी माता नेपाली धार्मिक संघ, कोलकाता।

# महासचिवको भनाइ

नेपाली भाषा, साहित्य र कलाको उन्नयन र विस्तारमा भारतका विभिन्न राज्यहरू विशेषगरी पश्चिम बंगालको दार्जिलिङ, कोलकाता, सिलगढी अनि आसाम र सिक्किम आदिको महत्त्वपूर्ण योगदान रहेको इतिहास साक्षी छ । यही क्रममा कोलकातामा रहिबसेका नेपालीहरूले पनि नेपाली भाषा साहित्यको संरक्षण र संवर्द्धन "सम्झना" साहित्यिक पत्रिका प्रकाशन गरेर आफ्नो उपस्थित देखाउँदै आएको छ। कोलकातामा रहेका नेपाली नेपालीबीच एकता राख्नुका साथसाथै नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण निम्ति पवित्र भावनाले सन् १९७७ मा स्थापित श्री श्री जानकी माता नेपाली धार्मिक संघले आफ्नो स्थापना कालदेखि नै वार्षिक रूपमा "सम्झना" साहित्यिक पत्रिका प्रकाशन गर्दै आएको पनि तीन दशकको नजिकै पुगिसक्यो । "सम्झना" प्रकाशनको यति धेरै वर्ष व्यतीत भए पनि यसको प्रकाशन सङ्ख्या चाहिँ थोरै हुनुको पछाडि धेरै कारणहरू छन् । तापनि विगतका केही वर्षहरूदेखि यसको प्रकाशनले निरन्तरता पाइआएको छ। यो नै खुसीको कुरा हो।

नेपाललगायत भारतीय राज्यहरूमा अहिलेको पुस्तामा अङ्ग्रेजी भाषाप्रति बढ्दै गएको रुचिको कारण नेपाली भाषाको पठनपाठन र साहित्यको क्षेत्रमा परेको नकारात्मक असरलाई कमी गर्दै नव पुस्तामा नेपाली भाषा र कलासाहित्यप्रति आकर्षणमा वृद्धि गर्नु अत्यावश्यक भइसकेको छ। त्यसको लागि नेपाली भाषामा प्रकाशित भएका साहित्यिक पत्र पत्रिकाको महत्त्वपूर्ण र सार्थक भूमिका रहन्छ । हामीले लगभग तीन दशकदेखि नेपाली भाषा, साहित्य र संस्कृतिको निम्ति "सम्झना" मार्फत पुऱ्याउँदै आएको योगदानले थोरै नै भए पनि नेपाली भाषा साहित्यको विकासमा बल पुर्याएकै महसुस गर्न पाउनु एउटा उपलब्धि नै हो।

यस साहित्यिक पत्रिकामा नेपाल र भारतका साहित्यकारहरूका रचना समावेश गरिँदै आएको छ । यसबाट नेपाल र भारतका साहित्यकारहरूले एकातिर भिन्न भिन्न परिवेशमा रचिएको साहित्य पढ्न पाउँछन् भने अर्कोतिर दुई देशका साहित्यकार बीच आपसमा सद्भाव र आत्मीयता बढ्दै जान्छ।

वास्तवमा साहित्य, सङ्गीत र कलाको कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय सीमा हुँदैन। यो सर्वव्यापी हुन्छ। यही परिप्रेक्ष्यमा "सम्झना" को प्रकाशनले नेपाली भाषी नेपालीहरू बीचको सुमधुर सम्बन्ध कायम गर्दै नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ र यसको पछिल्लो प्रकाशनले यसलाई अझै बलियो, दीगो र अमरत्व प्रदान गर्नेमा विश्वस्त हुन सकिन्छ।

अन्त्यमा यस अङ्कको निम्ति रचना र विज्ञापन उपलब्ध गराउनुहुने सबैलाई हार्दिक धन्यवादसहित आभार प्रकट गर्दछु।

-तिलकराम शर्मा

महासचिव, श्री श्री जानकी माता नेपाली धार्मिक संघ

# श्री श्री जानकी माता नेपाली महिला कल्याणकारी कोष, अध्यक्षाको भनाइ

कलकत्तामा जतिपनि नेपाली संघसंस्थाहरू छन् सबैले आफ्नो क्षेत्रमा रहेर विभिन्न कार्यहरू त गरिरहेकै छन्, सबै काम गर्ने उत्कृष्ट संस्था त सायद हाम्रो नै हो जस्तो लाग्दछ।

किन कि हरेक कार्यहरू सामाजिक सेवामूलक काम, साथै हाम्रो परम्परा, संस्कृति भाषा साहित्य, चाडपर्व, शुभकामना आदानप्रदान लगायत विगत कोरोना कालको विशेष महत्त्वपूर्ण योगदान भोकालाई खाना बिरामी परेकोलाई औषधि र रगतको अभावमा छट्पटी भएको बिरामीलाई रगत दिएर बचाएको ज्वलन्त उदाहरण हेर्न त इतिहास नै साक्षी छ।

अर्कोतिर नेपाली संस्कृतितिर फर्किदा, हेर्दा नेपाली पञ्चेबाजाले कोलकाता नगरीलाई नै मनोरञ्जन दिइएको छ।

सबैतिर हेर्दा यो संस्था अग्र पङ्क्तिमा बलियो खम्बा हो भन्दा फरक नपर्ला ।

अन्त्यमा यो संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष्य रूपमा सहयोग गर्ने सबै शुभचिन्तकलाई विशेष धन्यवाद ! संस्थाको अझै उत्तोरोत्तर प्रगतिको कामना ।।

नमस्कार ! जय जानकी माता !

-रमा शर्मा पौडेल
अध्यक्षा
श्री श्री जानकी माता महिला कल्याणकारी कोष
कोलकाता

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ, नेपाल
फोन : ०१-५३२१२४१, ५३२१२४२, ५३२१२८३
फ्याक्स : ९७७-०१-४२४१७८६, ४२५७८८६
पो.ब.नं. : २३०५८, काठमाडौँ, नेपाल
इमेल : office@nepalacademy.gov.np
info@nepalacademy.gov.np
वेबसाइट : www.nepalacademy.gov.np

पत्र सङ्ख्या
चलानी नं.

# शुभकामना

जुनसुकै भूगोलमा रहे पनि नेपालीहरूले आफ्नो मौलिक संस्कार, संस्कृति र भाषा साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका हुन्छन् । नेपालबाहिर बस्दा नेपालीपनको मूल्य र महत्त्व अझ गहिरोसँग अनुभूत हुने गर्दछ । यही अनुभूति प्रवासी नेपालीहरूको सिर्जनात्मक सक्रियतामा प्रतिविम्बित भएको पाइन्छ ।

भारत हाम्रो निकटतम छिमेकी मात्र नभई ठूलो सङ्ख्यामा नेपालीहरूको बसोबास रहेको देश पनि हो । पश्चिम बङ्गालको प्रान्तीय राजधानी कोलकातामा रहनुभएका नेपाली समुदायले निरन्तर रूपमा नेपाली भाषा, साहित्य र संस्कृतिको जगेर्ना र प्रसारमा समय र श्रम खर्चिँदै आउनुभएको छ । श्री श्री जानकी माता नेपाली धार्मिक सङ्घ पनि कोलकातामा रही नेपाली भाषा, साहित्य र संस्कृतिको प्रवर्धन र विकासका लागि प्रतिबद्ध रहँदै आएको संस्था हो । यो संस्थाले वार्षिक रूपमा प्रकाशन गर्दै आएको साहित्यिक पत्रिका 'सम्झना' को आठौँ अङ्क प्रकाशन हुन लागेको थाहा पाउँदा मलाई निकै खुसी लागेको छ । नेपालभित्र र बाहिर रहेका लेखक तथा पाठकहरूबिच सशक्त सेतुको भूमिका निर्वाह गर्दै आएको यो पत्रिकाले नेपाली साहित्यिक चिन्तन, सांस्कृतिक पहिचान र भाषा साहित्यको अन्तर्राष्ट्रिय विस्तारमा योगदानसमेत पुऱ्याउँदै आएको छ । आगामी दिनहरूमा यो प्रयास अझ व्यापक, सुदृढ र फलदायी हुँदै जाने छ भन्नेमा म पूर्ण विश्वस्त छु । यस्तो प्रतिबद्ध प्रयास र दायित्वबोधले नेपाली समुदायबिचको आपसी विश्वास, सहकार्य र एकतालाई थप सुदृढ बनाउँछ भन्ने मेरो ठम्याइ छ ।

नयाँ अङ्क प्रकाशनको यस सुखद अवसरमा संस्थाका अध्यक्ष गुञ्जदास श्रेष्ठ, वरिष्ठ सल्लाहकार दिव्य गिरी, प्रधान सम्पादक गणेशकुमार प्रधानलगायत यस कार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण महानुभवको सराहना गर्दै पत्रिकाको निरन्तर प्रगति एवम् सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

भूपाल राई
कुलपति
वि.सं. २०८२ पुस २१

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

AMBASSADOR

मिति : २०८२/०९/१८

**शुभकामना**

भारतको कोलकातामा रहेका प्रवासी नेपालीहरुको संस्था श्री श्री जानकी माता धार्मिक संघले विगत झै यस वर्ष पनि साहित्यिक पत्रिका 'सम्झना' प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ।

आफ्नो भाषा, धर्म, साहित्य, संस्कृतिको संरक्षण र विकासका लागि संस्थाबाट भइरहेको कार्य अत्यन्त प्रशंसनीय रहेको छ। प्रवासका सबै नेपालीहरुको आर्थिक, सामाजिक कल्याणका लागि भविष्यमा संस्था अझ बढी क्रियाशील हुने मेरो अपेक्षा छ।

अन्तमा प्रकाशन्मुख "सम्झना" मा समावेश हुने विषयवस्तु सम्बन्धित सबैको लागि उपयोगी हुने विश्वास गर्दै संस्थाको पूर्ण सफलताको कामना गर्दछु।

डा. शंकर प्रसाद शर्मा

नेपाली महावाणिज्यदूतावास
कोलकाता
CONSULATE GENERAL OF NEPAL
KOLKATA

नेपाली महावाणिज्यदूतावास
कोलकाता

मितिः २०८२।०८।१६

**शुभकामना**

भारतको कोलकोतामा रहेका प्रवासी नेपालीहरुको संस्था **श्री श्री जानकी माता धार्मिक संघ**ले विगत झै यस बर्ष पनि साहितियक पत्रिका **"सम्झना"** प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ।

विदेशी भूमिमा रहेर पनि नेपाली भाषी आमाबुबा, दाजुभाइ तथा दिदी बहिनीहरूले आफ्नो भाषा, धर्म, साहित्य र सांस्कृतिक परम्परालाई अभिवृद्धिका लागि गरिएको प्रयास सराहनीय छ। यस साहित्यिक पत्रिकामार्फत समुदायलाई ज्ञान, चेतना र आपसी सम्बद्धतामा जोड्ने कार्य यस संघले वर्षौंदेखि गरेको निरन्तर योगदान हो, जुन आजको पुस्ताका लागि पनि अत्यन्त नै प्रेरणादायी छ।

यस पत्रिकाले नेपाली भाषा र संस्कृतिको मात्र संरक्षण गरेको छैन, विदेशमा जन्म बढेका हाम्रो नयाँ पुस्तालाई आफ्नै पहिचानसँग जोडिराख्ने महत्वपूर्ण सेतुको भूमिका खेलिरहेको छ। साहित्य, कला, इतिहास तथा सामुदायिक अनुभवलाई एकै थलोमा समेटेर प्रस्तुत गर्ने **"सम्झना"** को प्रयासले नेपाली समुदायबीच आत्मगौरव र सांस्कृतिक एकताको भावना अझ सुदृढ बनाएको छ।

नेपाली समुदायबीच सद्भाव, आत्मीयता, सहयोग र मेलमिलाप प्रवर्द्धन गर्ने तपाईंहरूको अभियान यस्ता प्रकाशनहरूले अझै बलियो ठोस आधार पाउनेछन् भन्ने पूर्ण विश्वासका साथ आगामी दिनहरूमा संस्थाले अझ ठूलो उचाइ प्राप्त गरोस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु। वार्षिक पत्रिका **"सम्झना"** द्वारा नेपाली भाषा, साहित्य र कलाको संरक्षण, संवर्द्धन तथा विकासमा पुऱ्याइएको योगदानको उच्च प्रशंसा गर्दै यसको निरन्तरता तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

.......................

**झक्कप्रसाद आचार्य**
**महावाणिज्यदूत**

1, National Library Avenue, Alipore, Kolkata-700 027, W.B., INDIA, ● Tel : 033-2456-1154 / 1224 / 1103
E-mail ID : cgnkolkata@mofa.gov.np, nepalconsulate@gmail.com ● Website : ccu.nepalconsulate.gov.np

Reg. No. 223/2072 Kathmandu

**जरा फाउण्डेसन, नेपाल**
अनामनगर, काठमाडौं, नेपाल
**Jara Foundation, Nepal**
Anamnagar, Kathmandu, Nepal

PAN No. 603658969
Social Welfare Council
Affliated No.: 42286

Stone House, H.No. 107/3
Saras Marg, Anamnagar
Kathmandu-29, Nepal

५ जनवरी, २०२६

श्री गुन्जमान श्रेष्ठज्यू
अध्यक्ष, श्री श्री जानकी माता धार्मिक नेपाली संघ
कोलकत्ता, पश्चिम बंगाल, भारत

श्री गुन्जमान श्रेष्ठज्यू
तपाईं र तपाईंको यस संस्थाले कोलकत्ता जस्तो भारतको यो महानगरीमा रहेर नेपाली भाषा, साहित्य, संस्कृति र मानवीय क्षेत्रमा पुर्याइरहनुभएको सेवाको जति मूल्याङ्कन गरे पनि कम हुन्छ। विशाल संस्कृति बोकेको यस भूमिमा छुट्टै पहिचान बनाउन तपाईंहरूले गरिरहनुभएको अनुकरणीय सेवा र नेपालीपन बोकेका सबै कर्महरू स्तुत्य छन्, जसलाई हामी र हाम्रो संस्थाले नजिकबाट नियाल्ने मौका पाएका छौं।
आगामी दिनहरूमा पनि यस्ता सत्कर्महरू अझ सुवासित भएर संसारभरि फैलिऊन् भन्दै तपाईंहरूको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु। नयाँ वर्ष २०२६ मा तपाईंले प्रकाशन गर्न लाग्नुभएको यस सम्झना पत्रिकाको पनि उज्ज्वल भविष्यको कामना गर्दछु।

कृष्ण प्रसाई
**कृष्ण प्रसाई**
**अध्यक्ष**
**जरा फाउन्डेसन नेपाल**

Phone: (+977)-1-5707099/ 5707076 || Mob: (+977) 985-103-3283
Email: krishnaprasai2013@gmail.com || Web: www.jarafoundation.org

# नेपाली साहित्य विकास परिषद् यू.के.

स्थापित: २०५१

# NEPALESE LITERATURE DEVELOPMENT COUNCIL UK

**Estd. 1995**


**PATRON (EX- Officio)**
H.E. Nepalese Ambassador
(Charge d'affaires a.i.)
Mr Bipin Duwadi

**FOUNDER**
Suresh Jung Shah

**14TH EXECUTIVE COMMITTEE**

(2024-2026)

**PRESIDENT**
Komal Prasad Shrestha Malla

**IMMEDIATE PAST PRESIDENT**
Suresh Jung Shah

**SENIOR JOINT PRESIDENT**
Durba K.C.

**JOINT PRESIDENT**
Basanta RayaChetri
Birendra Kunwar
Resham Aryal
Gokul Bhandari
Bachspati Regmi

**VICE-PRESIDENT**
Damber Singh "Prayas"
Dr.Sangita Shrestha'swechchha'

**GENERAL SECRETARY**
Dr Sudha Shrestha

**JOINT GENERAL SECRETARY**
Ahilya Kunwar

**SENIOR TREASURER**
Manoj Anjan

**EXECUTIVE MEMBERS**
Basudev Sapkota
Rukmeni Manandhar

**ADVISOR**
Dr Rghav Prasad Dhital OBE
Suresh Jung Shah
Hari Singh Thapa
Khagendra Nepali
Haribivor Karki
Madan Thapa Go. Da. Ba.
Bijay Thapa
Dr Gopal Paudyal
Krishna Bhatta
Tank Bhattrai
Dr Janak Kumari Dhital
Hinda Maya Baidhya
Ghan Bahadur Thapa Magar
Pashupati Bhandari
Kamal Bhandhari
Bal Jung Aryal

**MEDIA COORDINATOR**
Nabin Pokharel
Naresh Khapangi Magar


## शुभकामना

भारतको कोलकोत्ता सहरमा बसोबास गर्दै आएका नेपालीहरूको सामाजिक संस्था श्री जानकीमाता धार्मिक संघले लामो समय देखि कोलकोत्ता स्थित नेपाली जनसमाजबीच नेपाली भाषा साहित्य धर्म संस्कृति र नेपाली एकता एबम् भातृत्त्वको भावना र सामाजिक सहयोग सद्भाव अभिवृद्धि गर्ने अहम उद्देश्य राखेर निरन्तररूपमा सामाजिक, सांस्कृतिक, धार्मिक र साहित्य-सांस्कृतिका कार्यक्रहरू गर्दै आइरहेकोमा नेपाली साहित्य विकास परिषद् यूके हार्दिक सरहाना र गर्व गर्दछ । यसै क्रममा संघले आफ्नो नियमित प्रकाशन "सम्झना पत्रिका" प्रकाशन गर्न लागेको यस सुखद् घडीमा बेलायत स्थित समस्त नेपाली लेखक कवि साहित्यकारहरूको तर्फबाट नेपाली साहित्य विकास परिषद् यूके द्वारा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सुरेशजङ्ग शाह
संस्थापक तथा निवर्तमान अध्यक्ष

कोमल प्रसाद श्रेष्ठ मल्ल
अध्यक्ष

डा.सुधा श्रेष्ठ
महासचिव

नेपाली साहित्य विकास परिषद् यूके
स्थापित १९९५(विसं २०५१), लन्डन
१५औंकार्यसमिति( २०२४-२०२६)


Secretariat Office
83 Beverly Gardens, Wembley, Middlesex, London, HA9 9RB
Web: http://nepalisahityabikashuk.org/ email: nepalisahityauk@gmail.com
President:07863138902 General Secretary:0799054314

नेपाली समाज भारत - जिन्दावाद !　　　　　　　　　　　　　　　　भारत-नेपाल जनमैत्री - जिन्दावाद !

# नेपाली समाज भारत

## Nepali Samaj Bharat

Reg. No.: IV-1902-02267/2024

केन्द्रीय लेखा तथा निर्वाचन आयोग

केन्द्रीय समिति

Central Office : Ground Floor, 44/H/3, Benia Pukur Lane, Kolkata-700014
Branch Office : H-9, Harakesh Nagar, Okhla Phase-2, New Delhi- 110020
E-mail: nepalisamajbharat@gmail.com / Mob.: +91 8976524504 / +91 9958492898

***01/01/2026***

श्रीमान् सभापतिज्यू
श्री श्री जानकी माता नेपाली धार्मिक सङ्घ
कोलकाता

***<u>शुभकामना सन्देश</u>***

महोदय,
श्री श्री जानकी माता नेपाली धार्मिक सङ्घ, कोलकाताले वार्षिक साहित्यिक पत्रिका "सम्झना अंक-८" प्रकाशित गर्ने खबर पाउँदा हामी अत्यन्त हर्षित छौं।

कोलकातामा क्रियाशील संगठनहरूमध्ये एक सक्रिय समाजसेवी संगठनको रूपमा स्थापित हुन सफल भएको संगठनले स्थापना कालदेखि नै साहित्यिक क्षेत्रमा पनि उत्तिकै कार्य गर्दै आएकोमा हामी नेपाली हुनुको नाताले गौरवान्वित छौँ।

भारत स्तरीय हाम्रो संगठन पनि एक सामाजिक, साहित्यिक संगठन भएकोले आगामी दिनमा पनि अहिले जस्तै हातेमालो गर्दै समाजसेवामा एकसाथ मिलेर सेवाकार्य गर्दै जाने क्रममा हाम्रो सहकार्य अझ विश्वासका साथ सुदृढ र सुमधुर हुँदै जानेछ भन्नेमा हामी विश्वस्त छौँ।

उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना !

राजु पाठक
अध्यक्ष
केन्द्रीय लेखा तथा निर्वाचन आयोग
नेपाली समाज भारत
+91 9748631443
rajupathakkolkata@gmail.com

# संयुक्त नेपाली केन्द्रिय सेवा संघ

## SANYUKTA NEPALI KENDRIYA SEVA SANGH

49/5/1L, KARL MARX SARANI (C.G.R. ROAD)
KOLKATA-700023

**OBJECTIVES OF SANGH**

SERVING SOCIETY BY ORGANISING:

- Free Medical Camp (Temp.) at Babughat
- Blood Donation Camp.
- Eye Check-up & Free Medicine
- Free Spectacles Distribution.
- Free Cataract Operation.
- Free Health Check-up
- Celebrating National Days.
- Celebrating Birth Anniversaries of National Figures.
- Awareness Programme.
- Disseminate Brotherhood in Society.

Ref: No.

Date: 3rd December, 2025

**शुभकामना**

श्री श्री जानकी माता नेपाली धर्मिक संघ, कोलकताले १४ डिसेम्बर २०२५को दिन १९ औं रक्तदान महोत्सवको शुभावसर पारी संघको सहित्यिकी पत्रिका "सम्झना" को आठौं अङ्क प्रकाशित गर्न लागेको थाहा पाउँदा हामी अत्यन्तै हर्षित छौं.

यस "सम्झना" पत्रिकाको प्रकाशनले नेपाली भाषा र साहित्यको मध्यम बाट विभिन्न क्षेत्रमा बसोबास गर्दै आउनु भएका सम्पूर्ण नेपालीहरूलाई एकताको सूत्रमा बाँध्न तथा परस्पर सहयोगको एक दिगो परम्परालाई निरन्तरता दिनेछ भन्ने हाम्रो पूर्ण विश्वास छ.

प्रवासमा रहेर पनि श्री श्री जानकी माता नेपाली धर्मिक संघ, कोलकताका साथीहरूले नेपाली भाषा र साहित्यका निम्ति गर्नुभएको यस्तो असल कार्यको सराहना गर्दै "सम्झना" पत्रिकाको यस अङ्कले पूर्ण सफलता तथा निरन्तरता पाओस भनि हार्दिक शुभकामना प्रकट गर्दछौं,

धन्यवाद,

(चन्द्र बहादुर स्याङ्दन)
अध्यक्ष

# नर्मदेश्वर सेवा समाज
# Narmadeshwor Sewa Samaj

ओखलढुङ्गा-काठमाडौं, नेपाल
Email: narmadeshworsewasamaj@gmail.com
Contact No. 9807669249
स्थापना : २०७४

प्यान नं : ६०७६२२७६८
जि.प्र.का.द.नं.: ५५८/०७४/०७५
स.क.प.आ.द.ज.न.: ४७५७८


प.सं.
च.नं.

मिति : २०८२/०८/२५

### हार्दिक शुभकामना

श्री श्री जानकी माता नेपाली धार्मिक संघ, कोलकाताले विगत आठ वर्षदेखि निरन्तर रुपमा प्रकाशन गर्दै आएको साहित्यिक पत्रिका 'सम्झना' को आठौँ अङ्क प्रकाशन हुन लागिरहेको यस शुभ अवसरमा हामी नर्मदेश्वर सेवा समाज ओखलढुंगा-काठमाडौं परिवार अत्यन्त हर्षित छौँ। नेपाली भाषा, साहित्य तथा संस्कृति प्रवर्द्धनका लागि विदेशमा बसेर प्रवासी नेपालीहरुले जनाउँदै आएको समर्पण, योगदान र निरन्तरताले हामी सबैलाई गर्व दिने काम गरेको छ।

नेपालीपनलाई बचाइराख्ने, विदेशमा जन्मिएका नयाँ पुस्तामा नेपाली भाषा तथा संस्कृतिप्रतिको अभिरुचि बढाउने र साहित्यिक जागरणलाई सुदृढ गर्ने कार्यमा 'सम्झना' पत्रिकाको भूमिका उल्लेखनीय रहेको छ। यस पत्रिकाले विदेशमा रहेका नेपालीभाषी समुदायलाई एकताको सूत्रमा बाँध्नुका साथै साहित्यिक सिर्जनाको क्षेत्रमा निरन्तर सक्रिय रहन प्रेरित गर्दै आएको छ, जुन कार्य प्रशंसनीय छ।

यस आठौँ अङ्कले पनि प्रतिनिधिमूलक र उत्कृष्ट सामग्री प्रस्तुत गरी प्रवासी नेपाली लेखक, सिर्जनाकर्मी तथा पाठकहरूबीच नयाँ उत्साह, ऊर्जा र सिर्जनासँग जोडिने थप अवसर प्रदान गर्ने विश्वास हामीले लिएका छौँ। आगामी दिनमा 'सम्झना' पत्रिकाले यसैगरी आफ्नो साहित्यिक यात्रालाई अझ व्यावहारिक, प्रभावशाली र समयसापेक्ष बनाउँदै लैजाओस् भन्ने हार्दिक कामना गर्दछौँ।

विदेशी भूमिमा रहेर नेपाली भावनालाई जोगाइराख्ने, साहित्यिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने सबै स्रष्टा, सम्पादक तथा सम्पूर्ण सम्पादकीय टोलीलाई हार्दिक धन्यवाद व्यक्त गर्दै, 'सम्झना' साहित्यिक पत्रिकाको आठौँ अङ्क सफल, प्रभावशाली र स्मरणीय होस् भन्ने शुभेच्छा व्यक्त गर्दछौँ।

| फत्तेकुमार श्रेष्ठ | रवि कुमार श्रेष्ठ | टिकादास श्रेष्ठ |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | सचिव |
| सम्पर्क ९८४१२३३९२३ | सम्पर्क ९८४९०३०६३१ | सम्पर्क ९८४१४९८४६८ |

नर्मदेश्वर सेवा समाज ओखलढुंगा -काठमाडौं परिवार

इमेल ठेगाना : narmadeshworsewasamaj@gmail.com

# हाम्रो छहारी
HAMRO CHHAHARI
केन्द्रीय समिति, मुम्बई महाराष्ट्र

Estd : 2019

Trust Reg. No. Greater Mu/0001875/2025 • 80G-12A-NGO DARPAN Certified


**Ref. No.................................** **Date: 15-12-2025**

## शुभकामना पत्र

**सेवामा,**
**श्री गुञ्जदास श्रेष्ठ**
**सभापति**
**श्री श्री जानकी माता नेपाली धार्मिक संघ, कोलकाता।**

**सादर नमस्कार ।**

**हजूरहरूको गौरवशाली संस्थाद्वारा नयाँ वर्षको शुभ साइतमा "सम्झना" स्मारिकाको ८औं अङ्क प्रकाशन गर्ने सुखद् समाचारले हाम्रो छहारी परिवार आनन्दित बनेका छौं।**

**कलकत्ता जस्तो महानगरीमा गोर्खा समुदायलाई सङ्गठित गरी धार्मिक र सामाजिक गतिविधि लगायत धेरै परोपकारी कार्य गर्दै आएको हामीले आफ्नै आँखाले देखेका छौं। अर्थात् मानव सेवामा अग्रणी भूमिका निभाउँदै आएको श्री श्री जानकी माता धार्मिक संघ परिवारको हामी मुग्ध कण्ठले प्रशंसा गर्दछौं।**

**अब प्रकाशनमा आउने "सम्झना"-को आठौं अङ्क ओजपूर्ण एवं ऐतिहासिक हुनेछ भन्ने कामनासहित हार्दिक बधाई तथा शुभकामना टक्राउँदछौं।**

**सधन्यवाद ।**

| | | | |
|---|---|---|---|
| कमल सिंह<br>केन्द्रीय अध्यक्ष | प्रेम कुमार बरदेवा<br>केन्द्रीय कार्यकारी अध्यक्ष | कुमार छेत्री<br>केन्द्रीय महासचिव | Mani Kr. Sharma.<br>मणिकुमार शर्मा<br>केन्द्रीय कोषाध्यक्ष |


B-55 / 6Th Floor Sundar Apartment, Sion Trombay Road opp, Diamond Garden behind Saraswat Bank, Chembur Mumbai 400071 Mob. 9892133323 / 9851873018
• Email: hamrochhahari@gmail.com • hamrochhaharimumbai@gmail.com

# Lain Singh Bangdel Sahitya Kala Pratishthan

110/4, B.T. Road (Ban Hooghly), Kolkata-700110

Regd. No. S/2L-19865

सेवामा
सभापति
श्री श्री जानकी माता नेपाली धार्मिक सङ्घ
कलकत्ता

महोदय
श्री श्री जानकी माता नेपाली धार्मिक सङ्घ कलकत्ताले यस संस्थाको स्थापना कालदेखि नै सामाजिक धार्मिक भाषिक साहित्यिक सांस्कृतिक आदि क्षेत्रमा निरन्तर रुपमा उल्लेखनीय कार्यहरू गर्दै आइरहेको छ।

यसै संस्थाद्वारा प्रकाशित पत्रिका 'सम्झना'को विमोचन हुन लागेको जनकारी पाउँदा अत्यन्तै हर्षबोध भएको छ।

हाम्रो संस्थाको तर्फबाट हार्दिक शुभेच्छा।

-विकास कार्की
सचिव

# नाटक: “च्याङ्बाको चेतना”

# भूमिका

**-दिव्य गिरी**

साहित्यका विभिन्न विधाहरू जस्तै कविता, कथा, उपन्यास, निबन्ध आदि मध्ये सबैभन्दा कम लेखिने विधामा पर्दछ नाटक। साहित्यमा लोकप्रिय विधा हो नाटक। तर जति नै लोकप्रिय विधा भए पनि वर्तमान अवस्थामा नाटक लेखन, प्रकाशन र प्रदर्शनीको गति सुस्त नै रहेको छ। अरू विधाजस्तो पढेर मात्र पुग्दैन नाटक। नाटकलाई पढ्नुभन्दा पनि नाट्यशालामा यसको मञ्चीय प्रस्तुती विशेष र महत्वपूर्ण हुनेभएको हुँदा यसलाई रङ्गमञ्चमा अभिनयका साथ प्रस्तुत गरेपछि मात्र नाटक कत्तिको प्रभावकारी रहेछ भन्ने कुरा थाहा हुन्छ। नाटकको विषय, संवाद र पात्रको जीवन्त अभिनय नै नाटकको प्रमुख विशेषता हुन्। त्यसैले नाटक अभिनयात्मक प्रस्तुतीमा निर्भर रहन्छ।

नाटकलाई नेपाली बृहत् शब्दकोश (२०४०) ले यसरी परिभाषित गरेको छ–

१. कुनै देश, काल र वातावरणसँग सम्बद्ध नर-नारीको चरित्र र कार्यलाई पात्रहरूका अभिनयका माध्यमद्वारा प्रदर्शित गरिने उद्देश्यले लेखिएको संवादात्मक साहित्यिक विधा; दृश्य काव्य।

२. रङ्गमञ्चमा अभिनय गरेर देखाउन मिल्ने गरी लेखिएको कुनै कथावस्तु।

"नाटकलाई व्यापक अर्थमा लिँदा यो एक प्रकारको नक्कल हो। मानिसले भाषा र साहित्यको सृष्टि गर्नुभन्दा पहिलेदेखि नै एक अर्कामा कार्यशैलीको नक्कल गर्ने गरेको हो। नक्कल गर्ने प्राकृतिक र सहज भएकोले मानिसले शैशव अवस्थादेखि नै पूर्वजहरूको र ठूलाबडाको अनुकरण गर्ने गरेको हो।"

"नाटकलाई यति विस्तृत अर्थमा लिई जुनसुकै प्रकारका सामान्य अनुसरणलाई नाटक भन्न चाहिँ मिल्दैन। मानव जीवनका विभिन्न पक्ष, सुख, दुःख, हर्ष र विषादका विभिन्न अनुभूतिलाई कलात्मक रुपमा अनुकरण गरी अभिनय गर्नु नाटकको आधार हो। त्यसैले नाटकलाई सुखदुःख पूर्ण अनुभूतिको सशक्त अभिव्यक्तिको अभिनयात्मक रूप मानेको पाइन्छ।"

"यो जीवनको विचमा विचार व्यक्त गर्ने एक कला हो, जहाँ अभिनेताले उसको व्याख्या गर्नसक्छ औ आफ्ना शब्दमा सुन्ने तथा अभिनय हेर्नेलाई रुचि बनाउन पनि सक्छ।" (शशिशेखर मैनाली, जयशंकर ओ लक्ष्मीनारायण मिश्र के नाटकों का तुलनात्मक अध्ययन, विश्वविद्यालय प्रकाशन, वाराणसी, प्रथम संस्करण, पृष्ठः १)

"नाटक शब्द 'नट्' धातुबाट बनेको छ र त्यसको अर्थ नृत्यको भाव मुद्राबाट भाव प्रकाशन गर्नु हो।" (कृष्णप्रसाद पराजुली, राम्रो रचना मीठो नेपाली, पृष्ठः २६७)

माथि उल्लिखित परिभाषा अनुसार पनि नाटक विशेष गरी प्रदर्शनयोग्य एक प्रकारको काव्य लेखन हो भन्ने बुझिन्छ। जसमा चार कुराहरू मुख्य मनिन्छन्– कथावस्तु, संवाद, अभिनय र प्रदर्शनी।

लिखित नाटक केवल पुस्तकमा मात्र सीमित रहन्छ। मानवीय जीवनका विविध पक्षलाई अनुकरण गरी कलाकार अर्थात् पात्रहरूको कलात्मक अभिनयको माध्यमबाट नाटकलाई रङ्गमञ्चमा प्रदर्शन गर्नु नै महत्वपूर्ण हुन्छ। त्यसैले पनि नाटकलाई मानव जीवनको अभिन्न अङ्गको रुपमा स्वीकारिएको छ। मानव जाति स्वयम्ले पनि आफ्नो दैनिक जीवनमा पनि विभिन्न प्रकारका अभिनय गरिरहेको हुन्छ।

नाटकमा विशेषतः चार विषयले प्रधानता पाएको हुन्छ– सामाजिक, पौराणिक, ऐतिहासिक र मनोविश्लेषणवादी। यी चार विषयमा नाटक लेख्दा कथावस्तु, चरित्र, पदरचना, विचार र कोरसलाई संयोजन गरी दृश्यको माध्यमबाट नाटकको पूर्ण रूप दिइएको हुन्छ।

नेपाली साहित्यमा प्रारम्भिक कालमा संस्कृत र हिन्दी नाटकलाई नेपाली भाषामा अनुवाद गरिन्थ्यो। "संस्कृत भाषामा लेखिएको 'हरिसिद्धि' शीर्षकको नाटक नेपालमा सर्वप्रथम लेखिएको र अभिनीत भएको बुझिन्छ।" (केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, साझा प्रकाशन, द्वितीय प्रकाशन, २०३४, पृष्ठ ५९)।

वि.सं. १९८६ सालमा बालकृष्ण समको मुटुको व्यथा नाटक प्रकाशित भएपछि नेपाली नाटक लेखनमा आधुनिक युगको प्रारम्भ भयो र यो नाटकले निकै प्रख्याति पनि पायो। आधुनिक नेपाली साहित्यमा नाटक सर्वाधिक लोकप्रिय विधा हो तापनि समय र परिस्थिति अनुसार नाटकले त्यति सन्तोषजनक प्रगति गर्न सकेको छैन। लेखन र प्रकाशन दुवै हिसाबले हेर्ने हो भने पनि साहित्यका अन्य बिधाभन्दा नाटक कमै लेखिन्छन् र प्रकाशन भएका छन्।

नेपाली साहित्यमा नाटक विधामा महत्वपूर्ण स्थान लिनु भएका नाटककारहरूमा भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, गोविन्दबहादुर मल्ल गोठाले, विजयबहादुर मल्ल, बासु शशि, मानबहादुर मुखिया, मोहनबहादुर मल्ल, सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधवप्रसाद घिमिरे, शताब्दी पुरुष सत्यमोहन जोशी, श्यामदास वैष्णव, लीलाध्वज थापा, दौलतविक्रम बिष्ट, शंकर कोइराला, लीलबहादुर क्षत्री, रमेश विकल, भूपी शेरचन, कुमार घिसिङ, मोहनराज शर्मा र पछिल्लो समयमा ध्रुवचन्द्र गौतम, अशेष मल्ल र सरुभक्त आदि हुन्।

नेपाली साहित्यमा नाटक लेखनकै सन्दर्भमा समाजसेवी एवम् साहित्यकार गणेश प्रधानले लेख्नुभएको र सन् २००७ अर्थात् वि.सं.२०६३ सालमा प्रकाशित कलकत्ता, हामी र हाम्रो समाज शीर्षकको पुस्तकमा समावेश गरिएको सामाजिक नाटक 'च्याङ्बाको चेतना' अब सम्झना पत्रिकामा दोस्रो संस्करण प्रकाशित हुँदैछ।

परदेशमा रहेर पनि नेपाली जाति, भाषा, धर्म, साहित्य र संस्कृतिको सेवामा समर्पित एक कर्मठ समाजसेवी एवम् साहित्यकार हुन् गणेश प्रधान। नेपालको साँघुटार बजार, रामेछापमा जन्मिएर लामो समय भारतको कोलकातामा प्रहरी सेवामा सेवारत रहनुभएको र त्यहाँ नै उहाँले विभिन्न साहित्यिक र धार्मिक संघसंस्था स्थापना गरेर तिनै संघ संस्थामा आबद्ध भई नेपाली जाति, भाषा धर्म, साहित्य

र संस्कृतिको उन्नयनमा दिलोज्यान दिएर लागिरहनु भएको छ। समाजसेवी एवम् साहित्यकार गणेश प्रधानका अन्य प्रकाशित कृतिहरू हाम्रो साँघुटार बजार (सन्.१९९४), कलकत्ता, हामी र हाम्रो समाज (विविध संकलन) मा समावेश गरिएको नाटक च्याङ्बाको चेतना (२००७), एकाङ्की नाटक तीन चेली (सन् २०१२) समेत गरी चार वटा साहित्यिक कृतिहरू प्रकाशित भइसकेका छन्। उहाँले समाजको शरण पर्छु (कविता), सन् १९९६, मेरो सप्तरंगी सपना, १९९७ र सम्झना-स्मारिका सन् १९९४ देखि सन् २००४ सम्म सम्पादन गर्नु भएको थियो भने अहिले पनि सम्झना-स्मारिका उहाँकै प्रधान सम्पादकत्वमा पुनः प्रकाशित हुँदै आएको छ। यसका साथै उहाँले च्याङ्बाको चेतनाका र लाली गुराँस नाटकको पनि निर्देशन गर्नु भएको थियो। विभिन्न पत्रपत्रिका– मौलो, सम्झना, परदेशी, बिहानी, स्रष्टा, युगरेखा, बाबरी, सेरोफेरो कलकत्ता र स्मारिका आदि उहाँकै सम्पादन र प्रधान सम्पादकत्वमा प्रकाशित हुँदै आएका छन्। उहाँको नाट्यकृति च्याङ्बाको चेतना (सामाजिक नाटक) पुनः प्रकाशन हुनु खुशीकै कुरा हो।

हाम्रो समाजमा व्याप्त सामाजिक कुरीति र कुसंस्कार अद्यावधि कायमै छ। विशेषगरी दुर्गम गाउँहरूमा आफै पनि यो प्रथा हट्न सकेको छैन। अशिक्षा, अज्ञान र गरिबी यसका मुख्य कारण हुन्। अझ भन्ने हो भने बेरोजगारले सामाजिक विकृति बढाउन अझ मद्दत पुर्‍याएको छ। जहाँ कङ्गाल उहीँ चण्डाल भनेजस्तै जो व्यक्ति बेरोजगार हुन्छ ऊ कुलतमा फस्ने सम्भावना ज्यादा हुन्छ। आफ्नो गाउँघरमा काम नपाएर रक्सीको लतमा फसेको एउटा युवक विदेशी भूमिमा गएपछि पनि आफ्नो रक्सी खाने र तास खेल्ने आदतलाई त्याग्न सक्दैन। घरदेश छोडेर परदेशलाई कर्मभूमि बनाएर बसेका नेपालीहरूले आफ्नो जाति, धर्म, भाषा, साहित्य र संस्कृतिको जगेर्ना गर्नको निम्ति खोलिएको एउटा सामाजिक संस्था श्री श्री जानकी माता नेपाली धार्मिक संघमा आबद्ध भएका सामाजिक जीवन्त अभियन्ताहरूलाई नै पात्र बनाएर त्यसैको माध्यमबाट कुलतमा फसेको एउटा युवालाई नाटककार प्रधानले नाटक लेख्नुभएको छ– च्याङ्बाको चेतना। यही नाटकमार्फत कुलतमा फसेको युवालाई सही बाटोमा ल्याउन सकिन्छ भन्ने सन्देश अभिव्यक्त गर्नुभएको छ। खासगरी नाटक वियोगान्तक वा सुखान्तक हुन्छन्। यो नाटक सुखान्तक नाटक हो।

मानिसको निम्ति चेतना निकै महत्वपूर्ण कुरा हो। जीवनको हरेक कुरामा चेतना भएन भने उसको जीवन दुःखपूर्ण र कठीन हुन्छ। नाटकमा गाउँमा बेरोजगार भएको च्याङ्बालाई सत्मार्गमा हिँडाउने उद्देश्यले परदेशबाट गाउँ गएको कुमारले च्याङ्बालाई पनि विदेशीभूमि अर्थात् कोलकातामा लिएर जान्छ। तर नानीदेखि लागेको बानी भनेझैँ च्याङ्बाको रक्सी पिउने र तास खेल्ने आदत परदेशमा पनि छुट्दैन। परदेशमा नोकरीमा लागेको ऊ अर्थात् च्याङ्बा नोकरीतर्फ ध्यान नदिई रक्सी, जुवातास र केटीतर्फ नै लागिरहन्छ। रक्सी खाएर नोकरीतर्फ इमान्दारिपूर्वक काम नगरेपछि मालिकले च्याङ्बालाई नोकरीबाट हटाइदिन्छ। त्यसरी मालिकले नोकरीबाट हटाएपछि र आफूसँग हिँड्ने केटीले पनि साथ छोडेर गएपछि

च्याङ्बा रुँदैरुँदै श्री श्री जानकी माता नेपाली धार्मिक संघमा शरण लिन पुग्छ । नेपालीकै सुख दुःखमा सहयोग र साथ दिन खोलिएको उक्त संस्थाका सभापतिले च्याङबालाई अबदेखि रक्सी नखाने कबुल गराउँछन् र उसलाई पनि संघको सदस्य बनाउँछन् । त्यसपछि संघका पदाधिकारीहरू गएर च्याङ्बाको मालिकसँग सबै कुरा गर्छन् । च्याङ्बा अब उप्रान्त कहिले पनि रक्सी नखाने र आफ्नो मालिकको काम इमानदारीपूर्वकक गर्ने वचन दिन्छ । त्यसपछि मालिकले च्याङ्बालाई पहिलेको गल्ती माफी गरेर पुनः काममा नियुक्त गर्दछन् । नाटकको सारांश अर्थात् सारतत्व यही हो ।

यस नाटकको प्रमुख विशेषता के भने परदेशमा रहेका नेपालीहरू आपसमा मिलेर आफ्नो देशमा जस्तै सांस्कृतिक, सामाजिक र धार्मिक कार्यहरू गर्ने र त्यसबाट आपसी सद्भाव कायम राख्ने तर्फ लागेको देखिन्छ । आफ्नो देशको भाषा, भेष, कला, संस्कृतिलाई विदेशी भूमिमा बसेर पनि उन्नति गर्नको निम्ति एउटा संस्थाको आवश्यकता पर्ने हुनाले उनीहरूले श्री श्री जानकी माता नेपाली धार्मिक संघ स्थापना गर्दछन् र नेपालको गाउँघरमा बहुप्रचलित सत्यनारायणको पूजा पनि लगाउँछन् । त्यसबाट आपसमा सद्भाव र सहयोगका भावना अभिवृद्धि हुने र कोही कसैलाई आपत्विपत् पर्दा वा बाटो बिराएको मान्छेलाई सहयोग गर्न सकिन्छ भन्ने दृष्टान्त च्याङ्बाको चेतना नाटकले दिएको छ । साँच्चै यो नाटक चेतनामूलक नाटक हो र यसबाट समाज वा व्यक्तिलाई राम्रो कामतर्फ लाग्नुपर्दछ भन्ने पाठ सिकाउँछ । घरदेश होस् कि परदेश जहाँ गए पनि आफूले मिहेनत नगरी सुख पाइन्न । परदेशमा सहयोग भनेको आफ्नै देशका मानिसबाट पाइन्छ ।

यस नाटकको अर्को विशेषता भनेको विदेशी भूमिलाई कर्मभूमि बनाइ बसेका नेपालीहरूले श्री श्री जानकी माता नेपाली धार्मिक संघको गठन, संघमा विभिन्न पेसामा आबद्ध नेपालीहरूको संलग्नता र कामको खोजमा परदेश गएका नेपालीलाई आपत्विपत् परेको बखतमा सहयोग गर्नु रहेको देखिन्छ। जम्मा अठार दृष्यमा विभक्त यो नाटकलाई श्री श्री जानकी माता नेपाली धार्मिक संघले सन् १९८० मा लेखककै निर्देशनमा मञ्चित पनि गरिएको थियो । विशुद्ध सामाजिक चेतनालाई आधार बनाएर लेखिएको यस नाटकले बाटो बिराएको व्यक्तिलाई सही मार्गतिर ल्याउन मार्गनिर्देशन गरेको छ । यो हाम्रो जस्तो अक्षित र गरिबी व्याप्त समाजको आजको पनि यथार्थ विषय हो र हिजो पनि थियो । हाम्रो समाजमा यस प्रकारका नाटकहरूको अत्यन्त खाँचो छ जसले समाजलाई सुधारतर्फ डोर्‍याउँदछ ।

नाटककार गणेश प्रधानको यो नाटक पुनः दोस्रो संस्करणको रुपमा प्रकाशन हुन लागेकोमा उहाँलाई हार्दिक बधाई तथा शुभकामना प्रकट गर्दछु ।

कार्तिक २५, २०७८

महालक्ष्मी नगरपालिका, वडा नं. ५
टीकाथली, ललितपुर ।
९८४१४११३९३

सामाजिक नाटक

# च्याङ्बाको चेतना

-गणेशकुमार प्रधान

**स्पष्टीकरण-**

यो कलकत्ता महानगरीमा हाम्रो जातिको सेवाको निम्ति स्थापित भएको संस्थाहरू धेरै छन् । सर्वप्रथम १९१२ सालमा 'गोर्खा साथी' पत्रिका हरिसिंह थापाको सम्पादनमा प्रकाशित हुँदादेखि हाल २००५ साल सम्ममा कलकत्तामा थुप्रै संस्थाहरूको जन्म भएको छ ।

यही मध्ये १९७७ सालमा श्री श्री जानकी माता नेपाली धार्मिक संघको पनि जन्म भएको हो र धार्मिक कार्य श्री सत्यनारायण भगवान्को पूजाद्वारा सुरुआत भएको संघ हो । यसले जन्मकालबाट नै धार्मिक, सांस्कृतिक, सामाजिक र साहित्यिक कार्यमा मात्र सीमित नरहेर यो महानगरी कलकत्तामा सर्वप्रथम नेपाली संस्थाहरूमा संघले नै आयोजन गरी रक्तदान शिविर पनि वर्षको एक पटक २००३ सालबाट आरम्भ गरेको छ श्री श्री जानकी माता नेपाली धार्मिक संघले ।

संघले १९७७ जन्मकालदेखि नै जानी नजानी सकी नसकी भए पनि लगनशील भै निरन्तर सामाजिक, धार्मिक, सांस्कृतिक र साहित्यिक कार्यहरूमा सक्दो सहयोग गर्दै आइरहेको छ ।

संघले सुरुआतमा जानी नजानी भएपनि दुःखकष्ट भोगेर पनि सक्दो सेवा कार्य गर्दै आएको र सत्यकथा संघले नाटक मञ्चन गरी देखाएको पनि छ । यो नाटक संघको सत्य कुरा र च्याङ्बाको चेतनालाई आधारित गरी सामाजिक नाटक 'च्याङ्बाको चेतना' नामले १९८० सालमा स्थानः ११ नं. गोपाल चन्द्र चटर्जी रोड, कोलकता-७०००० २, गोपाल विद्या मन्दिर स्कूलको प्राङ्गणमा मञ्चन गरेको हो। यसलाई हाम्रो जाति, हाम्रो समाज, बुद्धिजीवीप्रति र पाठकप्रति यो एउटा पुस्तकको रूपमा पुर्‍याउने प्रयास गरेको छु । हाम्रो नेपाली साहित्यमा र हाम्रो समाजमा यो संघले गरेको कृतिहरू पनि एउटा सानु झिनो केही चिनारी रहोस् भनेर पुस्तकको रूपमा प्रकाशित गर्नु विनम्र प्रयास हो मेरो ।

हामी जहाँ पनि जाउँ तर हाम्रो भाषा हाम्रो जाति र हाम्रो समाज नै दुःख र कष्ट आपत् विपत्मा काम लाग्छ र सानु होस् ठुलो होस्, एक दिन ता हाम्रो समाज संघ-संगठन अनिवार्य चाहिन्छ भन्ने कुरालाई च्याङ्बाको चेतनाले भन्छ । जाति, भाषा, धर्म, साहित्य, संस्कृति, र समाजलाई सदासर्वदा उच्च सिरमा राख्नु प्रयास हो मेरो । धन्यवाद ।

## पात्र परिचय

| | | |
|---|---|---|
| १. | सभापति : | कृष्णबहादुर छेत्री |
| २. | उपसभापति: | वलकबहादुर श्रेष्ठ |
| ३. | सचिव: | बलबहादुर श्रेष्ठ |
| ४. | उपसचिव: | ललितबहादुर श्रेष्ठ |
| ५. | कोषाध्यक्ष: | भीमबहादुर तामाङ |
| ६. | मिटिङ अध्यक्ष: | रामबहादुर महत |
| ७. | सल्लाहकार: | गणेशकुमार प्रधान |
| ८. | सदस्य: | चित्रनारायण श्रेष्ठ, धनबाहादुर तामाङ |
| ९. | पुरोहित (बाजे): | बोधराज शर्मा |
| १०. | कुमार: | गणेश प्रधान |
| ११. | च्याङ्बा : | उमाकान्त बगाले |
| १२. | बुडी : | मरीचमान गुरुङ |
| १३. | नक्कली : | श्रीमती माया तामाङ |
| १४. | गायक: | लोक बहादुर गुरुङ |
| १५ | गायिका : | कुमारी सरस्वती सिंह |
| १६ | सङ्गीतकारद्वय: | विजय सिंह अनि असिम भट्टाचार्य |
| १७. | कुमारी: | भारती थापा |
| १८. | म्यानेजर : | रामबहादुर महत |
| १९. | पिउन: | चित्रनारायण श्रेष्ठ |

### दृश्य– १

(एउटा सानु घरको दृश्य– नजिकमा एउटा ठूलो स्कूलको बिल्डिङमा काम गर्ने भीम बहादुर तामाङ: फूलहरूले सजिएको स्कूलको आँगन, त्यही छेउमा सानु घर हुन्छ।

भीम बहादुर तामाङ : बिहानी पख घरको सरसफाइ गरी आँगनको फूलहरूमा पानी हाल्दै गरिरहेको हुन्छ।

चित्र नारायण श्रेष्ठ : के गर्दैछौं भीम बहादुर ?

भीम बहादुर : बसिरहेको छु दाइ के गर्नू... स्कूल पनि एक महिनाको लागि दशैं तिहारको बिदा भयो घर जाने बिचार पनि गरिन बिदा त्यसै बित्ने भयो बसेर नै।

चित्र नारायण श्रेष्ठ : त्यसो भए, सत्यनारायणको पूजा लाउने चाँजो मिलाउँ न त ।
भीम बहादुर : हुन्छ । लगाउँ न त यो त राम्रो कुरा गर्नुभयो दाइ ।
चित्र नारायण श्रेष्ठ : बलबहादुर श्रेष्ठ पनि छ ।
भीम बहादुर : हाम्रो दाइ धनबहादुर तामाङ पनि छन् । हामी चार जना त भई गयौँ ।
चित्र नारायण श्रेष्ठ : त्यसो भए लौ जाउँ त बल बहादुर भएको ठाउँमा सल्लाह गर्नुलाई । दुवै जना गए ।

## दृश्य– २

(स्कूलको ठुलो बिल्डिङको सिन हुन्छ बल बहादुर श्रेष्ठ ४५ वर्ष उमेर हुन्छ । स्कूलको बरन्डामा खबर कागज पढेर कुर्सीमा बसिरहेको हुन्छ । उताबाट भीम बहादुर र चित्र नारायणको प्रवेश)
चित्र नारायण श्रेष्ठ : के गर्दैछौ बलबहादुर ?
बल बहादुर : के गर्नु र बसिरहेको छु स्कूल पनि बिदा भइगयो एक महिना दशैंदेखि तिहारसम्म ।
भीम बहादुर : एउटा कुरा सल्लाह गरौँ भनेर आएको हामी ।
बल बहादुर: भन न के कुरा हो ।
भीम बहादुर: होइन हाम्रो मनमा हठात् सत्यनारायण भगवान्को पूजा लाउने सम्झना आयो र हामी ४/५ जना मिलेर पूजा लगाउँ भनेर सल्लाह गर्नु आएको ।
बल बहादुर: यो त खुसीको कुरो लिएर आए छौ भीम बहादुर तिमीले । भोलि चार बजी बेलुका धनबहादुर तामाङ दाइलाई पनि बोलाउनु तिम्रो घरमा, म पनि आउँछु । हुन्छ त लौ भनेर चित्रनारायण र भीम बहादुर हिंडे ।

## दृश्य– ३

(भीम बहादुरको घर हुन्छ । भीम बहादुर बसिरहेको हुन्छ त्यतीखेर बलबहादुरको प्रवेश)
भीम बहादुर: आइपुग्यौ ? बस बस भनेर कुर्सी दिन्छ ।
बल बहादुर: धने दाइलाई खबर गर्यौ। त ।
भीम बहादुर: बोलाको छु, आउँछन् ।
(उताबाट चित्रनारायणले कृष्णबहादुर छेत्रीलाई लिएर प्रवेश गर्छन्, यताबाट धनबहादुर र बोलकबहादुर श्रेष्ठको प्रवेश हुन्छ । सबै जना बस्छन् ।)
भीम बहादुर: आज हामी ६ जना भेला हुनुको कारण चाहिँ हामी सबै मिलेर सत्यनारायण भगवान्को पूजा लगाउँ भनेर सल्लाह गर्नु बोलाको तपाईंहरूलाई ।

कृष्ण बहादुर छेत्री: हुन्छ लगाउनु पर्छ। अरू सबैले सहमति दिए।
बल बहादुर: पूजा कहाँ लगाउनु कहिले लगाउनु ?
चित्र नारायण: यहीँ नै लगाउँ स्कूलको आँगन पनि ठुलो छ स्कूल बिदा पनि छ।
बल बहादुर: हुन्छ यहीँ नै राम्रो हुन्छ। यो एरियाको माझ पनि पर्छ। बसबाट आउनेहरूलाई मूल बाटोको नजिक हुनाले सजिलो पनि हुन्छ।
भीम बहादुर: तपाईंहरूले ठीकै भन्नु भयो, कारण कोई बस्छन् आटा पाडा, कोई बस्छन् दमदम, कोही बस्छन् काशिपुर डकमा माझमा त मनै पर्ने रहेछु, हुन्छ यहीँ नै पूजा लगाउँ। त्यस ठाउँमा नै पूजा लाउने सहमत भयो सबैको।
बल बहादुर: त्यसो भए पूजा कहिले लगाउने ?
कृष्ण बहादुर: बाहुनलाई साइत हेराउनु पर्छ। ख साइत जुराएर मात्र पूजा लाउनुपर्छ। यता नजिक बाहुन कोई छैनन ?
बल बहादुर: बाजे त म बसेको नजिकै छन्। दबाईको कारखानामा काम गर्छन्। अहिले भेटिन्छ कि भेटिन्न।
धन बहादुर: यसो भए तपाईं जानुहोस्। बाजेलाई लिएर आउनु होस् साथै ‘पात्रो’ पनि ल्याउनु भन्नु होला साइत जुराउनुलाई।
बल बहादुर: हुन्छ। म छिटै बाजेलाई लिएर आउँछु भनेर हिंडे।
भीम बहादुर: पूजा त लगाउने भयौँ तर पैसा कसरी उठाउने ?
चित्र नारायण: एक एक सौ उठाऊँ हामीहरूले चाहिँ।
बोलक बहादुर: हुन्छ त्यसै गरी उठाऊँ हामीले चाहिँ अरू चिनेका जानेका मानिसहरूसँग पनि भन्दा दिन्छन्।
कृष्ण बहादुर: हुन्छ त्यसै गरौँ भन्नासाथ उताबाट बलबहादुर बाजेलाई लिएर आइपुग्छन्। सबैले बस्नुहोस् बाजे भने। बाजे बस्नुभयो। कसैले हाता ढोग गर्नुभयो। कसैले गोडामा ढोग गर्नुभयो।
कृष्ण बहादुर: होइन बाजे तपाईंको नाम केहो ?
बाजे: मेरो नाउँ भोजराज शर्मा हो।
बोलक बहादुर: घर काहाँ हो त बाजे ?
बाजे: होइन तपाईंहरू यतिका मान्छे हुनुहुन्छ फेरि नाम पनि सोध्नु हुन्छ घर पनि सोध्नु हुन्छ कुरा ता केही पनि बुझ्नु सकिन त मैले। डराउँदै भने।
धन बहादुर: ए बाजे त डराउनु भयो कि क्या हो हामीले बोलाएर पनि ल्यायौँ। यहाँ मान्छे पनि धैरै जम्मा भएका छौँ।
बाजे: अन्त त्यसै हुँदा पोत डराएँ त।

कृष्ण बहादुर:		बाजे तपाईं डराउनु पर्दैन । तपाईंलाई बोलाको कारण के भने हामी सबै मिलेर श्री सत्यनारायण भगवान्को पूजा लगाउने विचार गर्यौं। यता बाहुन कोही पनि नभएको हुँदा बलबहादुरज्यूले तपाईं भएको कुरा गर्नुभयो र लिनु पठाएको ।

बाजे :		हत्तेरीका अन्त खेरि कुरा त त्यसो पो ? मत डरले थर्थरी भइसकेको थिएँ।

बल बहादुर :		बाजे पात्रो ल्याउनु भयो के त ?

बाजे:		अन्त खेरी किन नल्याउने क्यारेनी योता म जहाँ गए पनि साथैमा हुन्छ। मेरो त कामै यही हो।

भीम बहादुर :		पूजा लाउने साइत कैले जुर्छ राम्रो साइत हेर्नुहोस् त बाजे।

बाजे :		लौ हुन्छ भन्दै (पात्रो झोलाबाट झिकेर हेर्नु लागे। हिसाब गर्नु लागे। क्षेत्रे, तिथि, र बार जुराउनु लागे। कहिले साइत छ भनेर) लौ नानी हो पूजा लाउनु ता जुर्ने भयो नेपाली मिति २०३४ साल पुसको ३ गते अंग्रेजी तारिक १९७७ साल डिसेम्बर १८ तारिक शनिबार साँझ ५ बजे १५ मिनेटबाट पूजा लगाउनु सुरु गर्नुपर्छ। राम्रो साइत छ। त्यसो भए, हाम्रो यो पूजाको निमित्त ५० रुपियाँ चन्दा म पनि दिने भएँ।

संवेतश्वर :		सबैले भने अब हाम्रो पूजा गम्किने भयो।

बोलक बहादुर :		अब त्यसो भए ६ दिन मात्र बाँकी रह्यो पूजा लाउने दिन।

कृष्ण बहादुर :		हामीले पूजा त लगाउने भयौँ तर के नामले लाउने कुन ठेगानामा मान्छेहरूलाई बोलाउनु। आयोजन गर्नेको नाम र टुङ्गो त हुनुपर्छ।

भीम बहादुर :		ठीकै त हो कृष्ण बहादुरले भन्नुभएको नाम र टुङ्गो त हुनुपर्छ नि।

धन बहादुर :		‘श्री श्री जानकी माता नेपाली धार्मिक संघ’ राखौँ न साथी हो भगवान्को नाम पनि हो। सबैको सर्वसहमतिबाट यो नाम पारित भयो।

भीम बहादुर :		लौ आजदेखि ‘श्री श्री जानकी माता नेपाली धार्मिक संघ’ ११ नं. गोपाल चटर्जी रोड, कलकत्ता-२ भनेर प्रथम वर्षको श्री सत्यनारायण भगवान्को पूजा लगाउनु भन्ने घोषित गरे।

कृष्ण बहादुर :		क्लबको नाम भयो। अब कमिटी पनि त बनाउनु पर्छ।

धन बहादुर :		कमिटी पनि बनाउँ तर कसरी बनाउने हो थाहा चाहिँ छैन।

भीम बहादुर :		अहिले यसरी नै बनाउन म भन्छु-

पञ्चप्रधान :		कृष्ण बहादुर छेत्री

उपप्रधान :		बोधराज शर्मा

सभापति :		बोलक बहादुर श्रेष्ठ

सचिव :		धन बहादुर तामाङ

सेक्रेटरी :		बल बहादुर श्रेष्ठ

उपसेक्रेटरी :		ललित नारायण श्रेष्ठ।

ललित नारायण श्रेष्ठ :	केसियर पनि ता चाहिन्छ, कसलाई बनाउने ?
कृष्ण बहादुर :		भीम बहादुर तामाङलाई बनाउँ।
वलक बहादुर :		हुन्छ पूजा पनि यहीँ हुन्छ। केसियर पनि उसैलाई बनाउँ। सबैले हुन्छ भने।
भीम बहादुर:		पूजाको दिन सबै जना सबेरै आइपुग्नु पर्छ है।
कृष्ण बहादुर:		पूजा सकिए पछि त सारा रात जागरण बस्नुपर्छ। साथीहरूको तिर मादल भए लिएर आउनु नाचगान, भजन, गरी रात बिताउनु पर्छ। (सबै उठेर हिंडे)।

**दृष्य – ४**

(इस्टेजमा पूजाको मण्डप राम्रोसँग सजाएको हुन्छ बाहुन बाजे पूजाको लागि तयार गरिरहेका छन्। बर्तालु महिला पुरुषहरू हुन्छन्।)
बाहुन बाजे:		लौ पूजा आरम्भ गरौँ। चारैतिरबाट मानिसहरू आउन लागे। मादल पनि लिएर आए। श्री सत्य नारायण पूजा सकिनु लाग्यो बर्तालुहरूले पाती चढाए एवं आरती भयो यस प्रकारले पूजा समाप्त भयो। रात करिब नौ बज्नु लाग्यो। सम्पूर्ण पूजामा उपस्थित हुनेहरूमा प्रसाद वितरण भयो। पूजा समाप्त भयो।
वाजे:		लौ अब नाचगान, भजन कीर्तन गरी सारा रात बिताउँ। (सबै भजन गाउनु लागे अर्कोतिर गीत गाउनु लागे। नाच्नु लागे एवं प्रकारले सारा रात बिताए र बिहान भयो।)
भीम बहादुर:	प्रथम वर्षको श्री सत्यनारायण पूजा भव्यरूपमा सम्पन्न भयो। आगौ साल अझ राम्रोसँग पूजा गर्नुपर्छ भनेर समापन भयो।

**दृष्य – ५**

(बुडी आइमाई घरमा बडाल्दै छिन्।)
कुमार:		काकी के गर्दै हुनुहुन्छ ?
काकी:		ऐ बाबु ! कैले आयौ कलकत्ताबाट ? बस बस भन्दै दलानमा गुन्द्री ओछयाई दिइन्।
कुमार:		हिजो बेलुका आइपुगेँ भनेर गुन्द्रीमा थ्याच्च बसे।
काकी:		कुमार बाबु कलकत्ता जादाँ सानु थियौ। कति ठुलो भैसके छौ।
कुमार:		अँ काकी ठुलो भएँ अब।
काकी:		कति मैनाको बिदामा आएको बाबु ?

कुमार: एक मैनाको बिदामा आएको ।

काकी: यस पाली त भतिजोको विवाह खानु पाइन्छ होला विवाह त गरेर जानुपर्छ है बाबु ।

कुमार: अँ काकी, मेरो विवाह त खुवाउँछु निश्चयै तर दुई तीन वर्ष पछि मात्र हुन्छ ।

काकी: ए ! किन बाबु यत्रो दिन पछि ? अब ता छिटै गर्नुपर्छ ।

कुमार: काकी मेरो आशा कल्पना र भावनाहरू धेरै छन् ती सब कार्य पूरा गरी सकेपछि मात्र विवाह गर्छु ।

काकी: ओहो बाबुको सोचाई कति राम्रो छोरा भएर यस्तो भए पो हुन्छ । तर के गर्नु मेरो ता एउटा भएको छोरा पनि जाड, रक्सी, जुवा, र तास खेलेर खाएर मात्र हिडछ । न, भनेको सुन्छ ।

कुमार: खोई त च्याङवा दाइ काकी ?

काकी: खई बाबु हिजोदेखि गएको आज पनि आएको छैन भनेको पटक्कै सुन्दैन म चिन्ताले हैरान परेँ । बरु कतै गएर बसे पनि अलिदिन आनन्दले बस्ने थिएँ ।

कुमार: त्यसो भए च्याँङवा दाइ माने भने, म कलकत्ता लिएर जान्छु है काकी ।

काकी: बाबुले लगिदिएमा म ता कति खुशीले बस्ने थिएँ ।

कुमार: हुन्छ काकी म जाँदा दाइलाई लिएर जान्छु ।

काकी: हुन्छ बाबु म सँगै पठाउँछु ।

कुमार: अब म जान्छु काकी दाइ पनि आइपुगेनन् । धेरै बेर भयो ।

काकी: ए बाबु ! कहाँ जाने अहिले, बल्ल बल्ल आएको, खाजा नखाईकन कहाँ पठाउँछु ।

कुमार: होइन काकी मैले भर्खर खाएर आएको त ।

काकी: खाए पनि के भयो त हाम्रो घरमा खानु के हुन्छ ?

कुमार: त्यसो भए चिया मात्रै दिनुहोस् काकी ।

काकी: सेतो चिसो चिया दिउँ बाबु ?

कुमार: कस्तो सेतो चिया काकी ?

काकी: ए बालुले पनि कस्तो नचिनेको, सेतो चिसो चिया भनेको रक्सी क्या बाबु रक्सी ।

कुमार: काकीले पनि त्यसो भन्नु पर्छ नि । मैले त बुझिन र पो सोधेको । म त रक्सी कहिले पनि खान्न त काकी ।

काकी: कैले पनि नखाने गरेको बाबु ।

कुमार: अँ काकी कहिले पनि खाँन्न ।

काकी: त्यसो भए बाबु म चिया ल्याउँछु। एक छिन बस ल (काकी चिया लिन भित्र गईन् तेति नै खेर च्याङ्बा आई पुग्छ धर खरिदै।)

कुमार: ओहो च्याङ्बा दाइ नमस्ते है नमस्ते। (दुवै भाइ अंकमाल गर्दछन् च्याङ्बाको शरीर भरी रक्सीको गन्ध आइरहेको थियो)

कुमार: दाइ तिम्रो शरीरमा त कति मीठो रक्सीको बासना आउँछ।

च्याङ्बा : अँ भाइ अलिकति एक बोतल खाएको थिएँ। लेउ भाइ लेउ भाइ बस न बस। ए आमा ? आमा ?? कता गइन् बोलाउँदा पनि नसुने झैं गरी बस्छिन्।

आमा: ए ! च्याङ्बा आइपुगिस् भर्खर ? हिजोदेखि कहाँ गएको थिइस् तँलाई जाड, रक्सी, जुवा, तास खेलेर र खाएर मात्रै हुन्छ ? घरको काम पनि हेर्दैनस्। यसरी कति दिन बिताउँछस च्याङ्बा तैले ?

च्याङ्बा : आमा पनि कस्तो रैछिन्। भाइ आएको बेलामा पनि कच कच गरिबस्छिन्। बरु जाऊ न, एक बोतल रक्सी लेऊ न, भाइलाई खुवाउनु।

आमा: तै जस्तो जुवाडे रक्सिया हो कुमार भाइ, ऊ त केही पनि खाँदैन।

च्याङ्बा : खाने कुराहरू पनि केही खाँदैन।

आमा: म तँलाई त्यसै कराउँछु, ठूलो भइसक्यो। मातिहिँड्छ खालि।

च्याङ्बा : भो भो आमा, भाइ आएको खुशीमा नकराउनुस्, जति गाली गरे पनि भरै गर्नुस् ।

आमा: भो भो नकरा, भाइसँग बसेर गफ गरी बस, म चिया ल्याउँछु कुमारलाई। (आमा उठेर भित्र जान्छिन् र चिया ल्याउँछिन् कुमार चिया खानु लाग्छ)

च्याङ्बा : गोजीबाट रक्सीको बत्तल झिकेर कुमार भाइ अलिकति खा न, ला न ला।

कुमार: नाई नाई खान्न दाइ।

च्याङ्बा: खा न है खा पानी जस्तै ता होनी मज्जा पो हुन्छ भाइ।

कुमार: नाई नाई खान्न म चिया पिउँछु।

च्याङ्बा: त्यसो भए म खान्छु है भाइ भन्दै (बतलले ठाडो घाँटी लगाउँदै खानु लाग्यो, खाइसकेर हतार हतार खाली बतल लुकाउँदै थियो कुनातिर उता आमा आइपुगिन् )।

आमा: के खोजेको च्याङ्बा त्यहाँ।

च्याङ्बा : ए, आमा यहाँ खाली बत्तल रछ त फुट्छ भनेर यता राखेको।

कुमार: लौ काकी म जान्छु भन्दै कुमार उठ्छ।

च्याङ्बा : भाइ त्यसो भए कलकत्ता कैले जाने।

कुमार: अब आउने सोमबार।

च्याङ्बा : त्यसो भए भाइ म पनि कलकत्ता जान्छु तिमीसँग लैजाने है ।
कुमार: हुन्छ जाने भए हिड लान्छु तिमीलाई ।
च्याङ्बा : आमा ए आमा !
कुमार: के यो ?
च्याङ्बा : म पनि भाइसँग कलकत्ता जान्छु लाने रे कुमारले भन्दै खुसीले उफ्रिनु थाल्यो ।
आमा: ठीक छ च्याङ्बा जा भाइसँग गइस् भने सुध्रिन्छस् कि । मलाई पनि रातदिनको चिन्ताबाट शान्त हुने थियो ।
कुमार: हुन्छ काकी मसँगै कलकत्ता लैजान्छु तर सोमबार बिहान ५ बजीतिर ठीक भएर बस्नु है दाइ भनेर हिडे ।

## दृष्य – ६

(भीम बहादुर डेरामा बसिरहन्छ एउटा कपी र कलम लिएर १९७७ सालमा भएको पूजामा कति खर्च भयो होला भनेर) ।
राम बहादुर: घुम्दै घुम्दै आइरहेको हुन्छ र एक जना नेपाली बसिरहेको देख्छ । को रहेछ हाम्रो जाति नै रछ बोलाउन पर्यो भनेर नजिकै गएर) घर कहाँ हो भाइ ?
भीम बहादुर: मेरो घर रामेछाप जिल्ला हो । तपाईंको नि ?
राम बहादुर: मेरो पनि उतै नै हो भाइ ।
भीम बहादुर: यता कता बस्नु हुन्छ ?
राम बहादुर: पर चिडयिा मोडमा बस्छु ।
भीम बहादुर: त्यसो भए ता तपाईं ता पुलिसमा पो होला ।
राम बहादुर: अँ भाइ पुलिसमा नै हवल्दार छु । अनि भाइको नोकरी कहाँ छनी ।
भीम बहादुर: म पनि यो स्कूल हो यहाँ नै छु ।
राम बहादुर: ए स्कूलमा राम्रो छ ठीक छ भाइ राम्रोसँग नोकरी गर्नु पर्छ है भाइ हो । म पनि यसो घुम्दै घुम्दै आएको तिमीलाई देखेर बोल्नु मन लाग्यो र यता तिर पसेको भाइ । अनि के घर तिर चिठी लेख्नु लागे को हो क्यार ।
भीम बहादुर: होइन, अस्तिनै हामीले श्री सत्यनारायण भगवान्‌को पूजा लगाएका थियौँ। मलाई कोषाध्यक्ष बनाएको छ । हिसाब पनि राम्रो ठीकसँग गर्नु सक्तिन अनि यसो हिसाब गरिरहेको ।
राम बहादुर: के भाइहरूको क्लब पनि छ ?
भीम बहादुर: छनी हामीले पोहोरबाट बनाएका छौँ । साइनबोर्ड पनि छ हेर्नुहोस् न ।

राम बहादुर: (हेरे) धन्ये हो भाइ तिमीहरूलाई कति राम्रो खुसीको कुरा।

भीम बहादुर: आज त बिदा होला नी तपाईंको बसौँ न। अलिखेर हाम्रा क्लबका सबै साथीहरूपनि आउँछन्। कारण फेरि दोस्रो वर्ष ७८ सालको पूजा लगाउनको लागि छलफल छ।

राम बहादुर: साथीहरू कति बेरसम्म आइपुग्छन् त भाइ ?

भीम बहादुर: अब आउने बेला भइगयो (भन्दै थियो उताबाट कृष्ण बहादुर र चित्र नाराण आए। एताबाट बलक बहादुर र ललित बहादुर आए। उताबाट फेरि बल बहादुर र बोध राजा शर्मा आए। (सबै जना जम्मा भए)

राम बहादुर: वहाँ राम बहादुरज्यू हुनु हुन्छ, चिडीया मोडमा पुलिसमा हुनुहुँदो रहेछ। हाम्रो जिल्ला नै घर रहेछ। वहाँलाई पनि हाम्रो क्लबमा राख्नुपर्छ। अलि बुडापाको पनि हुनु हुन्छ (अरू सबैले सहमत गरेर हुन्छ भनेर सबैले खुसी हुँदै नमस्कार गरे र सचिवले खातामा नाम लेखे। पोहोर हामीले यस्तो तरिकाले पूजा लगायौँ अब फेरि ७८ सालको पूजा पनि लगाउनु आटेका छौँ।

बल बहादुर: लौ खाता हेर्नुहोस् (भनेर राम बहादुरलाई खाता दिन्छ)

राम बहादुर: खाता हेरेर मेम्बरहरू पनि १०/११ जना रहेछ।

बल बहादुर: छौँ तेतिता अरू पनि आउने वाला छन्।

राम बहादुर: ठीक छ भाइ हो। यो सालको श्री सत्य नारायण पूजा राम्रोसँग लगाउनुपर्छ र क्लब पनि राम्रो जमाउनु पर्छ।

ललित बहादुर: पोहोरको पूजा ता यस्तो प्रकारले लगायौँ अरू केही जान्ने मान्छेहरू पनि आएको रहेछन्। पूजामा र हाम्रो क्लबमा, कमिटी गठन यस्तो प्रकारले गरेको पञ्च प्रधान, उप प्रधान, पनि छन्। सेक्रेटेरी पनि छन्, सभापति, उप सभापति पनि छन् सचिव पनि छन्। दुई थरिको पद भयो भन्ने कुरा सुनें मैले धर्मतलातिर।

कृष्ण बहादुर: मैले पनि तेस्तै कुरा सुने डन्लपतिर। पूजाको दिन पनि यस्तै कुरा गर्थे रे दुईचार जनाहरूले।

भीम बहादुर: नजान्नु पनि केही रैनछ हगी साथी भाइ हो

बल बहादुर: यो पूजामा राम्रो गरी कमिटी बनाउन फेरि। (सबैले हुन्छ लौ बनाउँ भनेर सहमत भयो)

राम बहादुर: त्यसो भए म भन्छु हैत भाइ हो। सबै लौ सुन।

१. सभापति– कृष्ण बहादुर छेत्री।
२. उपसभापति- बलक बहादुर श्रेष्ठ
३. सचिव– बल बहादुर श्रेष्ठ।
४. उप सचिव– ललीत बहादुर श्रेष्ठ।

५. कोषाध्यक्ष– भीम बहादुर तामाङ।

६. उपकोषाध्यक्ष– बोधराज शर्मा।

(यसरी हुनुपर्छ सबै भाइहरूको के सहमत छ ? सबैले सहमत छ भनेर पारित गरे)

कृष्ण बहादुर: त्यसो भए मिटिङ सभापति राम बहादुर महत छेत्रीज्यू बस्नुपर्छ (हुन्छ सबैले सहमत गरे)

राम बहादुर: अब मिटिङ कैले बस्ने होल भाइ हो।

बल बहादुर: मंगसीर १० गते आउने मैनामा बस्नुपर्छ। (लौ हुन्छ भनेर सबै उठेर जान्छ।)

**दृष्य – ७**

(रामबहादुर र गणेश घुम्दै हिँडेझैं गरेको हुन्छ)

राम बहादुर: गणेश म एउटा कुरा भन्छु।

गणेश: के कुरा हो काकु भन्नु होस् न

राम बहादुर: भतिज पर गोपाल च्याटर्जी रोडमा स्कूल रछ त्यहाँ काम गर्दोछ भीम बहादुर हाम्रो जातीय भाइ रहेछ। त्यहाँ अरु पनि १०/११ जना मिलेर नेपाली क्लब पनि खोलेको रछ 'श्री श्री जानकी माता नेपाली धार्मिक संघ' नाम रखेको रछ म पनि गएर हेरें राम्रो नै लाग्यो र म पनि मेम्बर बनेर आएँ तिमी पनि जाउ है भतिज।

गणेश: अहो हुन्छनी काकु म पनि यस्तै हाम्रो नेपाली समाज र नेपाली क्लब भन्दा मलाई कति रहर लाग्छ यस्तै क्लबहरूको खोजीमा थिएँ नपाएर नेपाली क्लब बनाउनुको लागि खोज्दै थिएँ काकु झन् यो त खुसीको कुरा सुनाउनु भयो। तपाईंले लौ त त्यसो भए कैले जानु छिटै नै जाउँ न काकु।

राम बहादुर: भतिज त्यसो भए यही मंगसिर १० गते आइतवार मिटिङ छ, दुई बजीभित्र पुग्नुपर्छ।

गणेश: हुन्छ त काकु अझै ५ दिन बाँकी छ। म जान्छु समय पनि धेरै भयो। (गणेश जानु लाग्छ)

राम बहादुर: हुन्छ भतिज जाऊ

गणेश: अँ काकु यो कुरा तपाईंले क्लबमा गएर मेरो भतिज पनि आउँछ भनेर कमिटिहरूसँग कुरो गरिराख्नु होला।

राम बहादुर: हुन्छ, भतिज म भोलि नै गएर १० गते मिटिङमा मेरो भतिजलाई पनि लिएर आउँछु भनौला। (दुवै जना जान्छन्)।

## दृष्य – ८

(आमा घरको धन्दा गर्दै छोरालाई बोलाउँछिन् च्याङ्बा ! ए च्याङबा ! उठ् अब चार बज्नु लाग्यो ।) कुमार आइपुग्छ ठीक परी बस्नुपर्छ)

च्याङ्बा: कहिले भित्र कहिले बाहिर गर्दै झोला सुमसुम्याउदै आफ्नु कपडा राख्छ । एउटा च्यादर पनि राख्छ । खुकुरी पनि झोलामा राख्छ । रून्चे मुखले आमाले भित्रबाट बोलाउँछिन् । च्याङ्बा आइज भात खानु । अब कुमार पनि आइपुग्ने बेला भयो । (च्याङ्बा भित्र जान्छ, भात खानु। बाहिर झोला ठिक्क पारी राख्छ ।) (कुमार आउँछ बाहिर) बोलाउँछ काकी !!)

काकी: भित्रबाट निस्किन्छ, ए बाबु आइपुग्यौ ? बस बस भन्दै पिरा दिन्छ बस्नुलाई ।

कुमार: (बस्छ र) अब हिँड्नुपर्छ काकी ५ बज्ने बेला पनि भयो । ५ बजे भित्र नै निस्कनुपर्छ राम्रो साइत छ । छिटै गर्नुहोस् काकी । च्याङ्बा पनि आयो हतार हतार गरेर झोला ठिक गर्नु लाग्यो रून्चे मुख गर्दै आँसु चुवाउँदै । उता आमा पनि आँसु चुहाउँदै छोरा र भतिजोलाई बिदा दिनु पूजाको थालमा बत्ती बालेर आमा रुँदैरुँदै आउँछिन् र च्याङ्बा र कुमारलाई टीका लगाई दिन्छिन् । सगुन दिन्छिन् । बाबु बाटोमा बिस्तार जानु कलकत्ता पुगेर चिट्टी पठाउनु भन्छिन् रुँदै छोराहरूले आमाको गोडामा ढोग्छन् ।

च्याङ्बा आमालाई छोड्नु सक्दैन र रुँदैरुँदै आउँछ । खुकुरी भिर्छ कम्मरमा बोक्छ बिस्तारै विस्तारै पाइला सार्छ रुँदै रुँदै । उता आमा मेरो एउटा मात्र छोरा च्याङ्बा हो बाउ पनि छोरा सानु मानै पल्टनमा थियो दोस्रो विश्व युद्धमा परेर वीरगति भइगयो । एउटा छोरालाई पनि परदेश पठाउँदै छु । हे ईश्वर रक्षा गर्नुहोस् भन्दै ईश्वरको प्रार्थना गर्दै रूँदै छात्ती पिट्दै रुँदै फलाक्छिन् । अब छोरा कहिले आउला भनेर नपठाउँ भने पनि जुवा, तास, जाँड, रक्सी खाएर बदमास भयो । भनेको कुरा केही पनि सुन्दैन पढाई पनि केही पनि जान्दैन । पाठशाला पठाउँदा पनि नगइकन भागी भागी हिड्यो । मेरो केही उपाय न लागेर कुमारसँग कलकत्ता पठाउँदै छु । बानी सुद्रिन्छ कि र बुद्धि आउँछ की भनेर है भगवान् हे जानकी माता मेरो छोरालाई रक्षा गर्नुहोस् बुद्धि दिनुहोस् भन्दै बिलाप गर्छिन् उता च्याङ्बा झोला बोकेर रुँदै बिछोडिन्छ । घडीमा पनि ५ बजिसक्यो । बेलाः नै बिछोड बिलौनाको कति बज्छ । आमा एकातिर छोरा एर्कोतिर रुँदै हात हल्लाउँदै जान्छन् । आमा त्यहीँ नै मुर्छा पर्छिन् । (पर्दा बन्द)

## दृष्य – ९

(भीमबहादुर क्लबमा हुन्छ)

राम बहादुर: के गरी बसेको छौ भाइ ?

भीम बहादुर: अहो आउनु होस् बसौं । नमस्ते है नमस्तै ।

राम बहादुर: नमस्ते भाइ नमस्ते ।

भीम बहादुर: कति कामले आउनु भयो ?

राम बहादुर: होइन भाइ यता आउने काम थियो र यसो भेटौँ भनेर यतातिर लागेको।

भीम बहादुर: आउनु भएछ राम्रै भयो। अब एक छिनमा बलबहादुर र कृष्ण बहादुर पनि आउँछन्। १० तारिक मिटिङको समय नजिकै आयो त्यस कारण हिसाब पत्र ठीक गर्नुपर्छ।

(उताबाट बल बहादुर प्रवेश गर्छ) यताबाट कृष्ण बहादुरको पनि प्रवेश। सबैले नमस्ते नमस्ते गरेर बसे)

बल बहादुर: खाता खोलेर हेर्नु लागे।

कृष्ण बहादुर: हिसाब र खाताहरू राम्रो चेक गरी राम्रोसँग मिलाएर ठिक गरी राख्नुपर्छ र मिटिङको दिन सजिलो हुन्छ।

भीम बहादुर: आय व्याय सबै ठिकै छ केही असुविधा हुँदैन।

बल बहादुर: खाता पनि सबै ठिकै छ।

राम बहादुर: होइन भाइ हो म एउटा कुरा भन्छु।

कृष्ण बहादुर: भन्नु होस के कुरा हो।

राम बहादुर: मेरो भतिज गणेश कुमार प्रधान पनि हामीसँगै छ। घर पनि नजिकै हो। उसको व्यवहार पनि राम्रो छ। हाम्रो जाति र समाजलाई खुबै मन पराउँछ। उमेर पनि भर्खर कै छ सब सँगै मिल्नेछ।

बल बहादुर: ए उसो भए ता वहाँ पनि हाम्रो गाउँ नजिकैको रहेछन्।

कृष्ण बहादुर: ए त्यसो भए राम बहादूरज्यू वहाँलाई पनि लिएर आउनु होस् हाम्रो क्लबमा।

राम बहादुर: त्यसै कारणले म आएको तपाईंहरूसँग सल्लाह गरौँ भनेर।

बल बहादुर: वहाँलाई लिएर आउनुहोस् राम बहादुरज्यू यसै गरी राम्रो मान्छेहरूलाई मेम्बर बनाउनु पर्छ।

भीम बहादुर: १० गते मिटिङको दिन गणेशज्यूलाई पनि लिएर आउनुहोला, राम बहादुरज्यू।

राम बहादुर: हुन्छ-हुन्छ म लिएर आउँछु।

कृष्ण बहादुर : अरू सबै मेम्बरहरूलाई खबर दिनुपर्छ।

बल बहादुर: सबै मेम्बर समयमा नै जम्मा हुनुपर्छ। लौ त अब जाउँ भनेर सबै जान्छन्।

**दृष्य – १०**

(कुमार र च्याङ्बा हिँडाइले थाकेर खुई खुई गर्दै प्रवेश, रेलको जक्सनमा। त्याहाँबाट नै रेलमा चढ्नुपर्छ)

च्याङ्बा : खोई कुमार भाइ रेल आएको कतिबेर आउँछ।

कुमार: अब एकछिन पछि आउँछ। चुपो लागेर बस म रेलको टिकट काटेर आउँछु।

च्याङ्बा :		रेल भनेको कस्तो हुन्छ भाइ ?
कुमार:		रेल भनेको लामो हुन्छ धेरै डिब्बाहरू जोडेको हुन्छ र अगाडि इन्जिन हुन्छ इन्जिनबाट धुवाँ आउँछ बस न अहिले देख्नु पाउँछौ ।
च्याङ्बा :		अनि हामी कहाँ बस्नु त कताबाट चढ्नुपर्छ ।
कुमार:		सबभन्दा अगाडि इन्जिन हुन्छ तेसको पछाडकिो डिब्बामा रेल आउने साथ उठ्नुपर्छ नत्र भने बस्ने ठाउँ पाउँदैन । मान्छेको भीड हुन्छ ।
च्याङ्बा :		हुन्छनी कुमार म छिटो बुरुक्कै उठ्छु र तिमीलाई पनि बस्ने ठाउँ रोकी राख्छु।
कुमार:		हुन्छ हुन्छ होसियारले उठ्नु नी । (उताबाट रेल पनि सिटी बजाउँदै बिस्तारै आई पुग्यो)
च्याङ्बा :		कुमार रेल आयो रेल आयो भन्दै दगुर्दै भीड भएको मान्छेहरूलाई ठेल्दै आफू पनि बस्यो भाइलाई पनि सीट रोकिराख्यो र छिटो आउ छिटो आउ भन्दै कराउनु लाग्यो । कुमार पनि बल्ल पुगेर सीटमा बस्यो । केही बेर पछि नै सुई सुई गरी सिट्टी बजाउँदै रेल छक छक गर्दै आफ्नु बेग बडाउँदै दगुर्नु लाग्यो ।
च्याङ्बा :		कुमार अब हामी कलकत्ता कहिले पुग्छौँ।
कुमार:		भोलि बिहान ७ बजीतिर पुग्छौँ।
च्याङ्बा :		हुन्छ- हुन्छ सुत । (पर्दा बन्द)

**दृष्य –११**

पर्दा खुल्छ (भीम बहादुर क्लबमा बसी रहेको हुन्छ आज मिटिङ भनेर एक एक गरेर कमिटीका सबै प्रतिनिधिहरू प्रवेश) राम बहादुरले पनि गणेशलाई लिएर जान्छ । सबैले नमस्कार नमस्कार गर्दै सबैले भन्छन् बसौँ बसौँ दुवै जना बस्छन् ।
राम बहादुर:		मैले अस्ती कुरो गरेको थिएँ वहाँ नै हुनु हुन्छ ।
गणेश:		राम बहादुरज्यू यहाँहरूको परिचय पनि पाउँ न ।
राम बहादुर:		म परिचय गराउँछु नि । क्लबको नाम श्री श्री जानकी माता क्लब हो । सभापति श्री कृष्ण बहादुर क्षेत्री, उपसभापति श्री बोलक बहादुर श्रेष्ठ, सचिव श्री बल बहादुर श्रेष्ठ, उपसचिब श्री ललीत बहादुर श्रेष्ठ, केशियर श्री भीम बहादुर तामाङ र उपकेशियर श्री बोधराज शर्मा हुनुहुन्छ । अनि म अलि बुडापाको भनेर मिटिङ सभापति मलाई बनाएको छ । यस्तै प्रकारले हाम्रो क्लब बढाउँदै जाँदै छौँ।
गणेश:		त्यसो भए आजदेखि म पनि श्री श्री जानकी माता क्लबको साधारण मेम्बर

हुनु पाउँछु होलानी। (सबैले भने। आजदेखि तपाईं पनि हाम्रो क्लबको मेम्बर हुनु भयो हामी सबै मिलेर हाम्रो क्लब, हाम्रो समाज दरिलो बानाउनु पर्छ।)

गणेश: निश्चय नै कोशिष गरौंला गर्दा नहुने कुरा के छर सबै एकजुट भएर गयौँ भने हाम्रो समाज र हामी धेरै अगाडि बड्नु सक्छौं।

बल बहादुर: अब मिटिङ आरम्भ गरौं यस सभामा राम बहादुरज्यूलाई सभा अध्यक्षको आसन ग्रहण गर्ने अनुरोध गर्छु। (आसन ग्रहण भयो) अब क्लबका सभापति कृष्ण बहादुरज्यूले सभा सञ्चालन गर्नको लागि केही बक्तव्य दिनु हुन्छ।

कृष्ण बहादुर: श्री श्री जानकी माता क्लबको सभा अध्यक्षज्यू साथै अरू क्लबका सबै प्रतिनिधिहरू र सदस्यहरूमा मेरो तर्फबाट नमस्कार छ। विशेषः कुरा आज मिटिङमा उपस्थित भएको कारण पोहोर १९७७ साल देखि जानकी माता क्लब त्यति खेर हामी ४/५ जना भएर सुरु गयौं र आज सम्म हामी २०/२२ जना भन्दा पनि धेरै भएकोमा खुसी लागिरहेको छ। सब प्रकारले हाम्रो क्लब अगाडि बढ्दैछ। आज एक जना नयाँ सदस्य गणेशज्यू पनि आउनु भएकोमा हामी सबैलाई खुसी लागेकोछ। अब दोस्रो वर्षको श्री सत्य नारायण पूजा यही मंसिर १५ गते ठीक गरेका छौँ। यो पूजा राम्रो गर्न पर्छ भन्ने सबै सदस्यहरूमा अनुरोध छ। अरू कुरा सचिवज्यूले भन्नु हुन्छ सबैलाई नमस्कार छ।

बल बहादुर (सचिव): श्रीमान् अध्यक्षज्यू साथै क्लबका सभापतिज्यू र प्रतिनिधिगणहरू सबमा मेरो तर्फबाट नमस्कार जनाउँछु। विषयः कुरा आजको मिटिङमा धेरै बिषयहरू केही छैन अब दोस्रो वर्षको पूजा नजिकै आयो हामी सबै मिलेर सफल पार्नुपर्छ प्रथम वर्षको भन्दा दोब्बर हामी सदस्यहरू भयौँ। पूजाको अघिल्लो दिनमा नै कमिटीका साथीहरू आउनुपर्छ। पोहोरको भन्दा यो वर्ष मान्छेको भीड हुन्छ। म अन्तमा एउटा कुरा राख्छु सभामा- आज आउनु भएको नयाँ सदस्य गणेशज्यूलाई कमेटीमा राखी वहाँलाई श्री श्री जानकी माता क्लबको सल्लाहकारमा हुनुपर्छ भनी प्रस्ताव राख्छु। सभामा उपस्थित् सबैले हुन्छ भनी सहमत दिए।

राम बहादुर: मिटिङ अध्यक्षद्वारा सभालाई समापन गर्नुभयो। (पर्दा बन्द।)

## दृष्य – १२

(कुमार र च्याङ्बा कलकत्ता शियालदह रेलबाट आइपुगी धर्मतलातिर लागे। धर्मतलाको कर्जन पार्कमा पुगेर बसे)

च्याङ्बा: ओहो कति रमाइलो ठाउँ ? कुनठाउँ हो कुमार ?

कुमार: यो कलकत्ताको धर्मतला हो यहाँबाट कलकत्ताको चारैतर्फ जाने बस पाइन्छ। (च्याङ्बा मनमनै सोच्नु लाग्यो, रक्सी नखाको चार दिन भैसक्यो छटपटिदै कता जाउँ के गरौँ

भन्दै पार्कको वरिपरि घुम्नु लाग्यो)

कुमार: च्याङ्बा दाइलाई त घरबाट ल्याएँ। अब कता राख्नु। म बस्ने ठाउँमा राखौं भने पनि ठाउँ छैन। कस्तो घरमा राख्नु। राख्ने लायकको ठाउँ भएको कोई चिने जानेको मान्छेहरू पनि छैनन्। फेरि रक्सी खाएर बदनाम गर्‍यो भने कति नराम्रो हुन्छ, यो परदेशमा। यहाँको भाषा पनि जान्दैन पढ्नु लेख्नु पनि राम्रो जान्दैन। यो कलकत्ताको महानगरी भीडमा कतै हरायो भने के गर्नु यस्तो गाडीको भीड छ। कतै गाडीले कुल्च्यो भने के गर्नु ? मैले घरबाट त ल्याएँ अलि बुद्धि आउँछ कि भनेर बानी सुध्रिन्छ की भनेर त्यो जुवा, तास रक्सी खानुबाट छुटाउनु सकिन्छ कि भनेर ल्याएँ। अब के उपाए गर्नु, हे भगवान् भन्दै चिन्तित भई मलाई उपाए दिनुहोस् भनेर ईश्वरलाई सम्झी ब्याकूल भएर पार्कमा बसिरहेको थियो।

च्याङ्बा : उता पार्कको छेउतिर बाटोको फुटपाततिरबाट हातमा रक्सीको बतल लिएर कुमार भाइ कुमार भाइ यहाँ पनि रक्सी पाइदोरछ तर हाम्रो गाउँ घरको जस्तो ता होईन अली ठुस्स गनाउँदो रछ। भन्दै पिउदै आयो र छेउमा बसेर पूरा बतल खाली गर्यो र त्यहीँ नै पल्टियो।

कुमार: छक्क परे, मलाई त थाहा छैन, यहाँ रक्सी पाइन्छ भनेर च्याङ्बा दाइले पाएर पनि खाएर पल्टियो। यस्तो मान्छेलाई कहाँ राख्नु। कता नोकरी लाउनु होला, भन्ने सोचमा पर्यो र धैरै बेरसम्म सोचिरहन्छ। र ठीक मलाई सम्झना आयो। बुद्धि पनि आयो। म बेकारमा यस्तो चिन्तामा परेको। हाम्रो जानकी माता क्लब छँदै छ नी। क्लबमा तेत्रो साथीहरू छन् च्याङ्बा दाइलाई बस्नुलाई पनि क्लब घर छँदै छ नी के को यत्रो चिन्तामा परेको म। हाम्रो समाज, हाम्रो क्लब भएको हुँदा साथै म पनि क्लबको मेम्बर भएको हुँदा आज मलाई यत्रो आपत् कति सजिलो भयो बेकारको चिन्तामा परेको यदि हाम्रो समाज र क्लब नभएको भए आज मलाई कत्रो आपत् थियो अब म सोझै हाम्रो क्लबमा जान्छु। अरूलाई नभेटे पनि हाम्रो केशियर भीम बाहादुरलाई निश्चै नै भेटिन्छ। अनि च्याङ्बा दाइलाई त्यहीँ नै राखिदिन्छु म पनि नजिकै हुन्छु कति राम्रो भयो। हाम्रो क्लब भएको हुँदा। च्याङ्बा दाइ उठ लौ हिंड जाउँ। अब ता रक्सीले छोड्यो होला नीतः जाउँ कुमार भाइ रक्सीले पनि छोड्यो जाउँ हिंड भनेर झोला बोकेर हिडेँ।

## दृष्य – १३

(भीम बहादुर डेरामा किताब पढेर बसिरहेको हुन्छ, कुमार र च्याङ्बाको प्रवेश)

कुमार: के गर्दै बस्नु भएको छ ? केसियरज्यू।

भीम बहादुर: ए ! आइपुग्नु भयो घरबाट। नमस्ते छ, लौ बसौं बसौं।

कुमार: के छ त हाम्रो क्लबको सबै मेम्बरहरू कुशलै छन् त ?

भीम बहादुर: सबै राम्रो नै छौं। हाम्रो कल्बको पूजा पनि नजिकै आयो। छलफल त भयो

तर पूजाको बजेट पनि ठीक गर्नुको लागि बस्ने कुरो छ।

कुमारः बेसै भयो, हामी पनि आइपुग्यौं।

भीम बहादुरः वहाँ चाँहि को हुनुहुन्छ ?

कुमारः वहाँ च्याङ्बा दाइ हो। मेरो गाउँकै हुनुहुन्छ कलकत्ता हेर्ने रहर गरेर ल्याएको। तर म बस्ने ठाउँमा बस्ने ठाउँ छैन। अलिदिन क्लब घरमा तापईसँगै राख्नु पर्ने भयो, भीम बहादुरज्यू। नोकरी पनि खोज्दै गर्नु पर्ला।

भीम बहादुरः हुन्छ नि तपाई बस्ने ठाउँमा फाल्टो मान्छे बस्नु पनि पाउँदैन। यहाँ ठीकै छ नि मसँगै बस्छन्। एउटा नोकरी पनि छ भन्थे सिठिमोडमा राम्रो कम्पनी छ। तनखा पनि ५/६ सय र उपरटाईम पनि पाउँछ। बस्ने ठाउँ पनि छरे त्यहाँ नोकरीमा च्याङ्बा दाइलाई लगाइदिउँ है।

कुमारः हुन्छ नी तपाईंको विचारले च्याङ्बा दाइ केही पनि जान्दैन नयाँ मान्छे राम्रो सम्झाई दिनु होला तपाईले।

भीम बहादुरः हुन्छ तपाईले केही पीर मान्नु पर्दैन।

कुमारः च्याङ्बा दाइ अब वहाँसँग बस नोकरीमा पनि लगाई दिनु हुन्छ यही नजिकै छरे। राम्रोसँग काम गर्नु रक्सी नखानु भोलि पर्सी म पनि भेट्नु आउँछु।

च्याङ्बा : हुन्छ कुमार भाइ राम्रो सँग नोकरी गर्छु, रक्सी पनि खान्न।

कुमारः यति भनेर लौत भीम बहादुरज्यू म हिंडे भनेर जान्छ।

भीम बहादुरः च्याङ्बा दाइ लौ जाउँ यसो घुम्न भनेर दुवै जना निस्किन्छन्। (पर्दा बन्द)

**दृष्य – १४**

(कृष्ण बहादुर घुम्दै आएको हुन्छ यसो उता हेर्छ त बाटोमा एक जना मान्छे मातेर लडिरहेको हुन्छ। नजिकै गएर राम्रोसँग हेर्छ- हाम्रो नेपाली भाइ पो र छ) र बोलाउँछ ए भाइ के नाम हो तिम्रो कता बस्छौ तिमी ? तिम्रो घर कता हो ?

च्याङ्बा : मेरो घर नेपाल हो भन्दै लर बरिदै उठ्नु खोज्छ। हातमा रक्सीको बतल छ। मेरो नाउँ च्याङ्बा हो क्या च्याङ्बा।

कृष्ण बहादुरः तिमी कहाँ नोकरी गर्छौं।

च्याङ्बा : उ पर क्या सिटीमोडको नजिकै नोकरी गर्छु क्या।

कृष्ण बहादुरः अनि अहिले कहाँ गएर आएको त तिमी ?

च्याङ्बा : उ पर गाउँ छ त्यहाँ हाम्रो नेपालीहरू पनि छ त्याहाँ ता मज्जा पो हुदोरछ रक्सी पनि खानु पाउने तास पनि खेल्नु पाउने रमाइलो पो हुदोरछ सँधै दशैं तिहार जस्तै हुदोरछ।

कृष्ण बहादुरः तिम्रो तनखा कति छ नि ?

च्याङ्‌बा : छ सए पाउँछु। हेर न अझ दुई सय बाँकी नै छ। हिजो ता होनी तलब पाको। आउन दाइ हिँड रक्सी खानु जाउँ म खुवाउँछु नी क्या।

कृष्ण बहादुर: होइन भाइ म रक्सी खान्न म पर क्लबमा हिँडेको हिँड जाउँ तिमी पनि हाम्रो क्लबमा जाउँ यस्तो राम्रो मान्छे। रक्सी खाएर झल्ला भएर हिँड्छौ। हाम्रो जातिको बिजेति तेत्रो तलब पाएर पनि यस्तो गती भएर हिड्छौ।

च्याङ्‌बा : क्लबमा जुवा, तास, खेल्नु पाइन्छ ?

कृष्ण बहादुर: यो सब पाईदैन भाइ।

च्याङ्‌बा : त्यसो भए रक्सी ता खानु पाइन्छ होला नी ?

कृष्ण बहादुर: त्यो सब केही पनि पाइन्दैन।

च्याङ्‌बा : तेस भए ता के मज्जा भयो र क्लबमा गएर, भो जान्न मता तिमी जाउ, जाउ दाइ।

कृष्ण बहादुर: त्यसो भए तिमी जादैनौ त म हिँडे। (जान्छ)

च्याङ्‌बा : रक्सी खाने ठाउँतिर नगएर कोई जान्छ क्लबतिर भन्दै दुई सयको नोट गोजीबाट झिकेर हल्लाउँदै जान्छ। (पर्दा बन्द)

## दृष्य – १५

(एउटा केटी बसी रहेकी हुन्छ)

च्याङ्‌बा : ए नकली, ए नकली कान्छी, के गरी बसेकी छौ।

नक्कली : तिमी आएनौ भनेर पर्खी रहेको नि कहाँ गएको थियौ ?

च्याङ्‌बा : म आएँ त अब खुसी भयौ होइन त।

नक्कली : अँ खुस भएँ। आउ बस।

च्याङ्‌बा : नक्कली एक बत्तल रक्सी लेउ न लेउ पैसा पनि लिएर जाउ।

नक्कली : हुन्छ भन्दै रक्सी ल्याउँनलाई जान्छ।

च्याङ्‌बा : नक्कलीले कति प्यारो गर्छिन् मलाई। (नक्कलीको प्रवेश) लौ रक्सी लिनुहोस् भनेर दिन्छिन्।

च्याङ्‌बा : नक्कली तिमी पनि खाउँ न भन्दै उसले उसलाई, उसले उसलाई खुवाउँदै नाच्नु गाउनु सुरु गर्छन् दुवै जना।

नक्कली : ए च्याङ्‌बा, उपर नेपाली क्लब छ भोलि त्यहाँ श्री सत्यनारायण भगवान्‌को पूजा लाउँछ रे रमाइलो हुन्छ पोहोर ता रमाइलो भएको थियो। रातभरि नाच गान भएको थियो।

च्याङ्‌बा : त्यसो भएता जानुपर्छ भोलि म यहाँ नै आउँछु सँगै जानुपर्छ है नक्कली।

नक्कली : हुन्छ म पर्खिबस्छु मलाई छोडेर नजानु है ।

च्याङ्बा : के जान्थेँ नक्कली तिमीलाई नलिकन त । तर नक्कली भोलि रातीको लागि एक बत्तल रक्सी बोक है ।

नक्कली : हुन्छ हुन्छ म ठीक पारी राख्छु ।

च्याङ्बा : लौ म गए भनेर जान्छ । (पर्दा बन्द)

## दृष्य– १६

(पूजाको मण्डप हुन्छ भीम बहादुर मण्डप सजाउँदै हुन्छ । अरू केही सदस्यहरू पनि हुन्छन्) क्लबको सचिव, सभापति र सल्हाकार साथै कमिटीका सबै सदस्य एक एक गरी प्रवेशः पूजा गर्ने बाहुन पनि आइपुग्छन् । अरू बर्तवाला महिला, पुरुषहरू पनि र निम्ताहरू अरू संगठन, संस्थाहरूका प्रतिनिधिहरू पनि आईपुग्छन् । अब पूजा आराध्य गर्नुपर्छ भनेर पुरोहित पूजा शूरू गर्छन्, साथै प्रमुख अतिथि, विशेष अतिथिहरूको पनि प्रवेश । पूजामा भक्तहरूको भीड हुन्छ । कसैले फूल, फल, पैसा चडाउँछन् । कसैले पाती चढाउँछन् । उता च्याङ्बा र नक्कली पनि आइपुग्छन् ।

भीम बहादुर: च्याङ्बा दाइ पनि आइ पुग्यौ? बस बस भने ।

नक्कली पूजा मण्डपमा गएर फूल प्रसाद धूप चढाउँछिन् । च्याङ्बा पनि बाजेको छेउमा गएर वस्छ। यो मेरो भेटी पनि चडाई दिनुहोस् भनेर एक रुपयाँको डबल दिन्छ । पाती चढाउँछन् आरती हुन्छ र कथा पनि समाप्त हुन्छ । बाजे द्वारा टीका र रक्षाबन्धन लगाई दिन्छन् । मानिसहरूको निकै भीड हुन्छ । प्रसादहरू वितरण गर्दछन् । बाहुन बाजेले पूजा समाप्त भयो भनेर घोषणा गर्छन् । (उता सचिवले पूजा सकिएपछि क्लबको बारेमा केही वक्तव्यको लागि ठीक गर्दछन्) ।

सचिव: श्रीमान् सभापति, र आजको प्रमुख अथितिज्यू साथै अतिथि र अरू संस्थाका प्रतिनिधिहरूमा श्री श्री जानकी माता क्लबको तर्फबाट सबैमा नमस्कार छ । यो आजको पूजा तेस्रो वर्षको १९७९ साल को पूजा हो प्रथम वर्षमा २०/२२ जना सदस्य भएर लगायौं । दोस्रो वर्षमा ४०/४५ जना भएर पूजा गयौं । यो तेस्रो वर्ष १९७९ को पूजामा ६०/६५ जना सदस्य भएका छौं। खुसीको कुरा छ राम्रो कार्यक्रम हाम्रो क्लब बढ्दैछ । आशा गर्छौं । अब आउने दिनमा अझ राम्रो होला भन्ने आशा राखेका छौं । हाम्रो यो कार्यक्रम सफल गरिदिनु भएकोमा सम्पूर्ण दाजु, भाइ, दिदी, बैनीहरूमा धन्यवाद र नमस्कार छ श्री श्री जानकी माताले र श्री सत्यनारायण भगवान्ले रक्षा गरुन् । अब सारा रात ब्यापी सांस्कृतिक र मनोरञ्जन कार्यक्रम हुन्छ । मेरो वक्तब्य समाप्त गर्दैछु नमस्कार ।

च्याङ्बा : म नाच्छु भन्दै बेसुरमा नाच्नु थाल्छ । लौ सुहाएन भन्दै, ए नक्कली ! आउन

नाचौँ त भन्दै जान्छ र दुवै जना लौ नाचौं भनेर नाच्नु लाग्छन्। नाच समाप्त।

## दृष्य– १७

(च्याङ्बा को प्रवेश नोकरी गयो, नोकरी गयो भन्दै रुँदै कराउँदै घुमिरहन्छ। नोकरी गएको कारण चाहिँ रक्सी मात्रै खाएर बस्ने अनि जुवा, तास मात्र खेली बस्ने जागिरमा न जाने डिउटीमा गयल मात्र भएर बस्ने भएकोले च्याङ्बालाई नोकरीबाट निकाली दिन्छ।)

च्याङ्बा : हे भगवान् अब म के गर्नु। नोकरी पनि गयो अब के खानु पैसा पनि छैन भोक लागि रहेकोछ। दुई दिन भयो पेटमा अन्न नपरेको। अब के गर्नु मैले। कस्तो भुल गरेछु। दुई वर्ष भै सक्यो घर पनि गइन। कसैले भनेको पनि मानिन। कुरा पनि सुनिन कुमार भाइले कति सम्झायो कति पनि कुरा सुनिन र अर्को एक जना मान्छे भेटेको थिएँ। उ रहेछ नेपाली कल्बको सभापति उस्ले पनि कत्ति सम्झायो अस्ती बाटोमा मातेर लडिरहेको बेलामा मलाई पनि क्लबमा जाउँ न भन्थियो म गइन, म लागें कता रक्सी खानु पाइन्छ कता जुवा खेल्नु पाइन्छ खोज्दै हिँड्नु लागेँ। आज यो गती भयो गोजीमा एक पैसा पनि छैन। हे भगवान् अबदेखि रक्सी पनि खान्न। जुवा, तास पनि खेल्दिन। आजदेखि नै छोड्छु अब कहिल्यै पनि खान्न पनि खेल्दिन पनि भगवान्। नोकरी पनि गयो कुमार भाइसँग कसोगरी मुख देखाउनु। अरू मान्छेहरूले के भन्छन्। अब मेरो केही उपाय छैन। जसले जे सुकै भनोस् जान्छु श्री श्री जानकी माता क्लबमा हाम्रो नेपाली समाजमा, हाम्रो संगठनमा, हाम्रो सोसाइटीमा निश्चय नै मेरो कुरा सुन्छन्, मेरो दुःख कष्ट देख्छन् नै होला। नोकरी ता गयो गयो नोकरी गए पछि त नक्कलीले पनि छोडी। यो सब पैसाको मतलब रहेछ। जे होस् हे भगवान्, हे श्री सत्यनारायण भगवान् म रक्सी पनि खान्न, खान्न, खान्न। जुवा पनि खेल्दिन, खेल्दिन, खेल्दिन भन्ने कसम खादै रुँदै विलाप गर्दै अब क्लबमा नै जान्छु भनेर रुँदै क्लबतिर लाग्यो।

## दृष्य – १८

(भीम बहादुर क्लबमा बसिरहेको हुन्छ। क्लबको बैठक भनेर सचिव आयो, सभापति, सल्लाहकार साथै अरू कमिटीका मानिसहरू पनि आएर बसेर आपसमा गफ गर्नु लागे।)

सल्लाहकार: सचिवज्यू अस्ति १५ गते को पूजामा कति खर्च भएछ।

सचिव: पूरा हिसाब भै सकेको छैन। अब म गर्छु भनेर सुरु गर्छ।

सभापति : हर हिसाब ता राम्रो गरी मिलाउनु होस् सचिव र कोषाध्यक्ष भएर।

कोषाध्यक्ष: हुन्छ मिलाउँछौं मोटामोटी ठीक भइसकेको छ। (यति बेला नै च्याङ्बाको प्रवेश)

च्याङ्बा :		रुँदै रूँदै आएर नमस्ते छ है सबै हजुरहरूलाई भन्दै टुसुक्क बस्छ भुइँमा ।

सल्लाहकार:		यहाँ बस भनेर बेञ्ची देखाइदिन्छ । भन च्याङ्बा दाइ के भयो तिमीलाई किन रोएको?

च्याङ्बा :		रुँदै हजुर हो मलाई जागिरबाट निकाली दियो । खाना नखाको पनि ३/४ दिन भयो। कुमार भाइ तिम्रो बात पनि सुनिन । सभापति हजुरले भनेको कुरा पनि मानिन अस्ती बाटोमा भेट हुँदा कति सम्झाउनु भयो । हिड क्लबमा जाउँ भन्दा पनि मानिन । वहाँ भीम बहादुर क्लबको केशियर हुनुहुँदो रहेछ । वहाँले नै मलाई जागिरमा लगाइदिनु भयो । म वहाँलाई भेट्नु फर्केर पनि आइन आज मेरो जागिर गयो । खान पाइन बस्ने ठाउँ छैन । घर जाउँ खर्च छैन । जागिर छउञ्जेल हाम्रो जातिलाई हाम्रो समाजलाई कसैलाई पनि पुछिन । अहिले दुःख पर्यो आपतमा परेँ र बल्ल मेरो ज्ञान आयो । हाम्रो जाति भनेको के हो ? हाम्रो सामाज भनेको के हो ? हाम्रो क्लब, संस्था, समिति भनेको के हो ? इष्टमित्र भनेको के हो ? यति बेर बल्ल थाहा पाएँ । मेरो ज्ञान बल्ल आयो । हजुरहो आफ्नु देश । आफ्नु गाउँ घर सबै भुलेछु । अब तपाईंहरूले जे भन्नु हुन्छ जो गर्नु हुन्छ सोही म गर्छु रक्सी, जुवा, तास अबदेखि छुदै छुन्न जे किरिया खानु भन्नु हुन्छ म किरिया खान्छु । अब यस्तो कुरा कदापि गर्दिन मलाई माफ गरीदिनुहोस् मलाई सुबुद्धि दिनुहोस् म तपाईंहरूको शरणमा पर्छु, भन्दै दुवै हात जोरेर रून्छ धर धरती । (सबैले सल्लाह गर्नु लागे)

सभापति :		अब च्याङ्बा तिमी सबै बानी छोड्छौ त ?

च्याङ्बा :		हजुर सबै छोड्छु ।

कुमार :		छोड्याँ नी च्याङ्बा दाइ तिमीले, कति वर्ष भयो तिमी घरबाट आएको के थाहा छ तिमीलाई ? यत्रो वर्ष त बितायौ मातेरै खोइत तिम्रो नक्कली कान्छी ? जागिर हुन्जेलता खुब प्यारो गर्थी होइन त ।

च्याङ्बा :		छैन पोइल गै सकिछे । सचिवज्यू मेरो पनि नाम लेखिदिनुहोस् म पनि क्लबको मेम्बर बन्छु । (सबैले सल्लाह गरी च्याङ्बालाई पनि सदस्य बनाए)

सल्लाहकार:	सभापति, सचिवज्यू एउटा काम गरौं च्याङ्बा दाइले त चोरी गरेर कामबाट निकालेको त होइन खाएर डिउटी ठीकसँग नगरेर मात्र निकालेको हो हामीहरू जाउँ र मालिकसँग भनसुन गरी सम्झाउँ त । हामीले अलि दुःख गर्यौं भने च्याङ्बाको भलाई हुन्छ । हाम्रो कुरा निस्चै नै मालिकले सुन्छ होला ।

सभापति :		हुन्छ नि निश्चय नै जाउँ न

सचिव:		ठीक कुरा गर्नुभयो, जाउँ यस्तै दुःख परेको बेलामा त चाहिन्छ हाम्रो क्लब, हाम्रो समाज भने त क्लब खोलेको सोसाइटी खोलेको लौ जाउ भनेर कमिटी सबै जना जान्छन् ।

## दृष्य – १९

(च्याङ्बाले नोकरी गर्ने अफिस कोठा। त्यहाँ म्यानेजर बसिरहेको हुन्छ)

पिउन: साहेब आपसे मिलने के लिए चार आदमी आया है।

म्यानेजर : ठीक है बुलाओ अन्दर। (भित्र प्रवेश सभापति, सचिव, कोषाध्यक्ष र सल्लाहकार)

म्यानेजर : सल्लाहकारलाई देख्ने बितिकै हल्लौ दोस्त, कैसे हो ? कैसे आना हुआ ? भन्दै हात मिलाउँछ। बैठे–बैठे भन्दै बसाउँछ। अनि किरिङ–किरिङ गरी घन्टी बजाउँछ।

पिउँन : प्रवेश ५ कप कफी ल्याउ भनेर अडर दिन्छ।

म्यानेजर : क्या खबर है?

सल्लाहकार: सब ठीकठाक है। ये लोग हमलोग का क्लब है क्लब का सभापति, सचिव, कोषाध्यक्ष और मैं सल्लाहकार। सबका नमस्कार है। (यति बेलामा नै कफी पनि ल्याई पुर्यायो सबै कफी पिउन लागे)

सल्लाहकार: आच्छा आपका यहाँ पर च्याङ्बा नामका एक आदमी नोकरी करता था।

म्यानेजर : हाँ करता था लेकिन वो इतना सराब पिता था कि डिउटी में अपसेन्ट होता था। इतना रिपोर्ट आता है की क्या बताएँ। उसका सब ठीक है इमान्दारी है लेकिन जब सराब पिना सुरु करता है तो उसका होस ही नही होता। वो सराब से बर्बाद हो गया।

सल्लाहकार: च्याङ्बा दाइ यहाँ आउत।

च्याङ्बा : आउँछ हात जोड्दै रून्चे मुख गरेर।

म्यानेजर : च्याङ्बा अभी कैसे लगा हमने तो तुमको कितना सम्झाया ईतना सराब मत पियो। मेरा बात तो सुना ही नही। अभी बोलो गलती किसका है ?

च्याङ्बा : हजुर कसुर मेरा ही है। आपने त कितना बार हम को सम्झाया था।

म्यानेजर : और सराब पियोगे ? और भी जुवा, तास खेलोगे ?

च्याङ्बा : हजुर साहेब, और हम सराब कभी नही पियेंगे, जुवा तास भी नही खेलेंगे।

म्यानेजर : ये क्लबका सब लोग से वादा करो कि आज के बाद और ऐसा गल्ती कभी नही करेंगे।

च्याङ्बा : दुवै कान समातेर हजुरहरूसँग म कसम खान्छु अबदेखि यस्तो गल्ती काम कहील्यै पनि गर्दिन। भन्दै आँसु बरर चुहाउँछ।

म्यानेजर : ठीक है च्याङ्बा जाओ ठीक से अपना डिउटी करो।

च्याङ्बा : खुसी हुँदै आछा साहेब नमस्कार भनेर जान्छ। (बाहिर मनमनै सोच्छ हे भगवान् आज हाम्रो नेपाली समाज, क्लब थियो र वहाँहरूले भनेर मैले गुमाएको जागिर फेरि पाएँ। म

हाम्रो जाति र हाम्रो समाजलाई कहिल्यै पनि भुल्दिन भन्दै खुसीले गद् गद् हुन्छ।

सभापति: धन्यबाद म्यानेजर जी।

म्यानेजर: धन्यबाद। (सबै उठेर जान्छन्।)

**दृष्य – २०**

(क्लबको चौथा वर्षको श्री सत्यनारायणको १९८० सालको पूजाको लागि सबै बसेका हुन्छन्। र दर्शकहरू पनि थुप्रै हुन्छन्। साथै पूजा समाप्त भएर सामाजिक नाटक 'च्याङ्बा को चेतना' देखाइसकेको हुन्छ। च्याङ्बा र नक्कली पनि मञ्चमा नै हुन्छन्।)

सचिव : आज हाम्रो १९८० सालको पूजा र नाटक पनि समाप्त हुन्छ। सम्पूर्ण दर्शकहरूले सारा रात बसेर श्री श्री जानकी माता क्लबको आयोजन गरेकोमा तपाईंहरू सबैको सहयोगले 'नाटक' र पूजा राम्रो सफल भयो तपाईंहरू सबैलाई धन्यबाद छ क्लबको तर्फबाट। अब अन्तमा हाम्रो क्लबमा नयाँ आएको च्याङ्बा दाइले भाषण गर्नुहुन्छ।

च्याङ्बा: श्रीमान् सभापतिज्यू साथै हाम्रो अतिथिज्यूहरू र सम्पूर्ण दर्शकमा मेरो नमस्कार छ। विशेष कुरा के भनौं र मेरो गती मेरो परिस्थिति त सबैले जानी हाल्नु भयो। म घरबाट किन परदेशमा आएँ। परदेशमा आएर के के कुरा मैले भोग्नु पर्यो। कसैको अर्ति नसुन्दा, नमान्दा घमण्डी भएर हिड्दा, के कस्तो भोग्नु परेको कुरा त तपाईंहरूले छर्लङ्गै देखी हाल्नु भयो। हाम्रो जाति, हाम्रो भाषा, हाम्रो समाज, हाम्रो संगठन, हाम्रो क्लबहरूले के कति सहयोग गर्दछन् भन्ने कुरा सबै तपाईंहरूलाई थाहा भयो नै होला।

मैले त यस्तो दुःख र कष्ट भोग्नु पर्‍यो तर तपाईंहरू यस्तो दुःखकष्टबाट सावधान हुनुहोला। मेरो तर्फबाट भगवान्सँग प्रार्थना छ सबैमा नमस्कार।

समाप्त।

# अगमसिंह गिरी संस्थान सलुवा

अगमसिंह गिरी संस्थान सलुवा, पश्चिम मेदिनीपुरको स्थापना सन् १९९२ सालमा भएको थियो। त्यस समयमा सलुवामा हाम्रो समाजमा भाषा, साहित्य, संस्कृतिलाई लिएर त्यस्तो सचेतन्ता थिएन। हाम्रा मानिसहरू गाँस, बास र कपासको समस्यासितै अल्झिरहेका थिए। आफ्नो संस्कार संस्कृतिप्रति उति सचेत थिएनन्। यहाँ बिहे बटुलमा बङ्गला अनि हिन्दी गीतहरू मात्रै बज्थ्यो। यिनै कुराहरूलाई मध्य नजर राखी, समाजका केही सचेत व्यक्तिहरूले अगमसिंह गिरी संस्थानको गठन गरे। संस्थानले समाजमा भाषा, सहित्य संस्कृति भेषभूषा बारे सचेतनता जगाउन अथवा जागरण ल्याउन, सांस्कृतिक कार्यक्रम, स्व भाषामा कविता अथवा रचना लेखन प्रतियोगिता, तर्क प्रतियोगिता, खेलकूद, पत्र-पत्रिकाको वितरण गर्ने काम गरयो। त्यस समयमा अहिले जस्तो प्राविधिक सुख सुविधा थिएन। संस्थानले भाषा अनि साहित्यको विकासको निम्ति, सन् १९९७ को जुलाई महिनाबाट परदेशी नामक साहित्यिक पत्रिकाको प्रकाशन प्रारम्भ गरयो। जो हालसम्म लगातार प्रकाशित भइरहेको छ। संस्थानले पत्रिकाको माध्यमद्वारा श्रष्टाको जीवनकालमै उनीहरूलाई सम्मान दिन सन् २००८ सालबाट अभिनन्दन ग्रन्थहरू प्रकाशित गर्न थाल्यो, जो अद्यावधिक चलिरहेको छ। प्रतिष्ठानले अहिलेसम्म ६ वटा अभिनन्दन ग्रन्थहरू प्रकाशित गरिसकेको छ, जसमा एम एम गुरुङ, हायमनदास राई किराँत, महानन्द पौड़ेल, गुप्त प्रधान, नरबहादुर दाहाल र डा गोकुल सिन्हा प्रमुख हुन्। संस्थानले स्थानीय साथै बाहिरका, हाम्रा समाजका वरिष्ठ अनि कनिष्ठहरूलाई सम्मन गरेर उनीहरूलाई प्रोत्साहित गर्ने कार्य पनि शुरूदेखि अहिलेसम्म गरिरहेको छ।

स्मरण रहोस्- सलुवा एउटा क्यान्टोमेन्ट हो, जहाँ पूर्वोत्तर सीमान्त वाहिनीको छाउनी छ। यहाँ गोर्खा अनि असमियाहरूलाई लिएर कम्पनी सरकारले तयार गरेको, सस्त्र बाहिनीको मुख्यालय छ। यस वाहिनीको आगमन यहाँ कसरी भयो भन्ने प्रसंगमा, पूर्वोत्तर सीमान्त वाहिनीको गठन ब्रिट्रिस कालिन अविभाजित भारतको ढाकामा सन् १९०७ सालमा भएको थियो, जो हाल बंगलादेशको राजधानी पर्छ। भारत स्वतन्त्र भएपछि देश टुक्रियो र पाकिस्तानको जन्म भयो। ढाका पाकिस्तानभित्र परयो। धर्मको नाममा देशको गठन भएकोले र यस वाहिनीमा कार्यरत सबै उत्तर बङ्गाल अनि आसामका भएकोले उनीहरूलाई त्यहाँ बस्न सम्भव थिएन। यसैले यस वाहिनीलाई पश्चिम बङ्गालको खड़गपुर नजिक हिजलीमा ल्याएर राखियो। केही काल त्यहाँ बसेपछि उक्त ठाउँमा आई आई टी खड़गपुरको स्थापना हुनेभएपछि ई एफ आर लाई सलुवामा ल्याएर स्थायी बसोबास गराए। यो ठाउँ ब्रिट्रिसकालीन भारतमा एलाईड फौज बसेको क्यान्टोमेन्ट नै थियो। जुन ठाउँ खाली थियो। यसरी यहाँ गोर्खालीहरूको आगमन भयो। सलुवा स्थायी अस्थायी प्रायः आठ दशहजार गोर्खाली परिवार बसोबास गर्छन्। यहाँ पुरानो बस्ती (पेन्सन पाड़ा), नयाँ बस्ती, तालतलाउ, नो सुटिङ आदि ठाउँहरूमा गोर्खालीहरूको बाक्लो बसोबास छ।

# ख्याति र सम्मानको हिमाल चढ्दै
# श्री श्याम थापा

**-सन्जीब गुरुङ**

लातेभकुण्डो खेलाडी श्री श्याम थापाको परिचय लेखेर समय खेरो नफाले हुन्छ। फुटबलको मैदानमा आफ्नो अद्भूत क्षमता अनि प्रतिभाको प्रदर्शन अनि प्रमाण दिएर उनी जुन उचाइमा पुगेका छन्, त्यसलाई कसैले र कुनै थोकले छेक्न सक्दैन।

भारतको देहरादुनमा जन्मेर आफ्नो बाल्यकाल उनले उतै बिताए। शिक्षा पनि त्यहीँ टिपे। तिनताक नेपाली आमाबाबा आफ्ना छोराछोरीलाई पल्टने भएको सपना देख्थे । अझै फौजमा अफिसर पदमा छोराछोरी नियुक्त हुनु भनेको उनीहरूको निम्ति सबैभन्दा ठूलो कुरो थियो। फौजमा अफिसरको पदमा गएर उनीहरूको सबैभन्दा सुन्दर सपना टुङ्गिन्थ्यो। त्योभन्दा ठुलो सपना उनीहरूको कल्पनामा पनि थिएन।

हाम्रा श्याम थापा भने फुटबलमा चुर्लुम्मै डुबेका थिए। अचम्मै राम्रो खेल्थे उनी। ठीक त्यही बेला देहरादुनमा प्रसिद्ध क्लब इष्ट बेङ्गल र गोर्खा ब्रिगेडमाझ एउटा प्रदर्शनी खेल आयोजित भएको थियो। यो सन् १९६५ को घटना हो। भारत अनि चीनमाझ सन् १९६२ मा भएको युद्धका असरहरू सेलाएका थिएनन्। यसैले गोर्खा ब्रिगेडको फुटबल दलका कतिपय खेलाडीहरू मैदानमा होइन सिमानातिर थिए। खेलाडीहरूको अभाव थापाको निम्ति भने “टर्निङ पोइन्ट” भइदियो। उनले कलिलो उमेरमा नै गोर्खा ब्रिगेडको दलमा ठाउँ पाए। जुन प्रतिभा र क्षमता त उनमा थिए, ती सबैले देखे। सबैभन्दा महत्त्वपूर्ण कुरो इष्ट बेङ्गलका श्री ज्योतिष गुहोको आँखा उनमा पर्यो। गुहो बाबूले बुझे कि उनले हिरा फेला पारेका छन्। उनले थापालाई सोधे,”के तिमी फुटबल खेल्न कलकत्ता आउँछौ ?”। के खोज्छस् कानो आँखा भनेजस्तै भयो।

तर अरुका आमाबाबाझैँ थापाका आमाबाबा पनि छोरोलाई फौजमा अफिसर भएको सपना देखिरहेका थिए। छोरो खेल्न कलकत्तातिर लाग्ने खबरले उनीहरूलाई हर्ष दिन सकेन। उनीहरूले बाटो छेक्न खोजे। यसैले आमाबाबालाई अटेर गरेर नै उनी कलकत्तातिर लम्केका थिए। यो घटना सन् १९६६

सालको हो। त्यसपछि नै चढ्न थालेका हुन् उनले ख्याति र सम्मानको यो हिमाल जसको चुचुरा पुगेका छन् उनी अहिले। यसरी छोरोले कमाएको नाम र सम्मान देखेर निश्चितरूपमा उनका आमाबाबाका छातीहरू गर्वले फुलिए हुन्।

यसरी सन् १९६६ सालमा कलकत्ता आएका उनी यतै अल्झिए। अझै छन् यतै। आफू जन्मिएर हुर्किएको ठाउँतिर फर्किएर किन नगएको भन्नेहरूको जिज्ञासामा उनी भन्छन्," यहाँका मानिसहरू हामी खेलाडीहरूलाई उधुमै माया गर्छन्। औधी सम्मान दिन्छन्। उनीहरूका माया र सम्मानमा अल्झिएर म त यतै बसे।

अब गोलीलाई आफ्नो नियन्त्रणमा राख्दै अनि विपक्षका खेलाडीहरूलाई झुक्याउँदै उनलाई गोलपोस्टतिर कुद्नु छैन। केही फुर्सदका क्षणहरू छन् उनको पोल्टोमा अहिले। उनी कलकत्ता, देश अनि विदेशतिर आयोजित कार्यक्रमहरूमा पुगिरहन्छन् हाम्रो जातीय अनुहार बोकेर।

उनी हाम्रो देशमा फुटबललाई अन्तर्राष्ट्रिय उचाइमा पुराउन चाहन्छन्। उनीसँग त्यसको निम्ति बलियो रणनीति पनि छ। तर उनको हैँसैमा होस्टे दिनेको अभाव छ। यसैले हाम्रो देशमा फुटबल खेल टाक्सिएको तितो यथार्थ हाम्रो आँखाअघि छ। फुटबललाई आफूले चाहेको उचाइमा पुर्याउन नसक्दाको पीडा भने उनीभित्र सल्बलाइ रहेको होला भन्ने अनुमान गर्नै सकिन्छ।

भर्खरै भारतको केन्द्र सरकारको डाक विभागले उनको योगदानको सम्मान गर्दै उनको नाममा डाक टिकट निकालेको छ। उनलाई हार्दिक बधाई छ। उनीसँग हामी पनि रमाएका छौँ।




-कलकत्ता

# संयुक्त नेपाली वेलफेयर ट्रस्ट

**-चन्द्र बहादुर स्याङ्दन**

संयुक्त नेपाली केन्द्रिय सेवा सङ्घलाई सन् २००० सालमा नेपाल सरकार द्वारा प्रदत्त नेरु ६ लाख नेपाली महावाणिज्यदूतावास मार्फत उपलब्ध भई सन् २००३ सालमा कोलकाताको महेशतला अन्तर्गत नतुनहाटमा स्थानीय ११ कट्ठा ४ छटाक ( ८१२० वर्ग फिट ) जमिन खरिदगरी आफ्नो योजनालाई अघि सारेको थियो। आर्थिक कमी साथै समन्वयको अभावले गर्दा योजनालाई मूर्तरूप दिन सकिएन। कोलकाता तथा यसको वरिपरि बसोबास गर्ने अरु नेपाली समुदायलाई समेट्नको उद्देश्यले तथा सङ्घको उद्देश्य अनुरूप भएका संघ/संगठनमा आबद्ध रहेका जनमानसलाई सम्मिलित गराई आफ्नो बृहत् उद्देश्य– कोलकातामा एक नेपाल भवन खडा गरि त्यस मार्फत पुस्तकालय, पठनपाठन कक्ष, कम्युनिटी हल, अतिथिगृह, इत्यादिलाई मूर्तरूप दिन एउटा स्वनिर्भर संस्थाको परिकल्पना गरेको थियो. यसैको परिणाम स्वरूप विभिन्न संघ/संगठनहरूलाई आमन्त्रण गरियो। व्यापक छलफलद्वारा यस निर्णयमा पुगियो कि ट्रस्ट बनाएर अगाडि बढ्न सकिन्छ. ट्रस्टको नामकरण "संयुक्त नेपाली वेलफेयर ट्रस्ट" गरियो तथा संयुक्त नेपाली केन्द्रिय सेवा सङ्घको नाममा रहेको सम्पूर्ण जमिनलाई उक्त ट्रष्टको नाममा १५.९.२०१५ को दिन हस्तान्तरण गरियो. ११ अक्टोबर २०१५ को दिन पूर्ण कमिटी बनाई ट्रस्टको कार्य अगाडि बढाउन माइनुट भए तापनि लगातार आठ वर्षसम्म कुनै प्रगतिको बाटो खुलेन। वार्षिक साधारण सभामा छलफल मात्र हुने तर कुनै भरपर्दो कार्ययोजना चाहिँ अगाडि बढेन। नेपाल भवन बनाउन भनेर १० करोड भारुको योजना बनाएर नेपाल सरकारसँग माग राख्ने तथा केही साथीहरूले माग पेस गर्न नेपालसम्म पनि जानुभयो तर त्यो योजना एक कपोलकल्पित नै ठहर भयो। केही साथीहरूले जनमानसमा पुगी हामी स-स्यानो योजनामा काम गर्दै जाऔँ भन्ने प्रस्तावमा चाहिँ कसैले ध्यान पुर्‍याएनन्। यस आठ वर्षको अन्तरालमा केही साथीहरू हतोत्साही भएर भारतीय ट्रस्ट एक्टभन्दा बाहिर गएर काम गर्ने सोचसम्म राखेका थिए तर त्यसमा बन्देज भएको थियो। ९ अप्रिल २०२३ को दिन आठौँ वार्षिक भेला राखिएको थियो। यस भेलाभन्दा अघि एक दुई भेलामा ट्रस्ट जमिनमा एक पशुपतिनाथ मन्दिर बनाउने प्रस्ताव राखिएको थियो। ९ अप्रिलको भेलाले चाहिँ उक्त जमिनमा श्री पशुपतिनाथ मन्दिर निर्माण कार्य अगाडि बढाउने कार्ययोजनाको अठोट गर्‍यो। मई २०२३ देखि मन्दिरको कार्यमा हात हाल्यौं। अभियन्ताको प्लान अनुसार जग हाल्ने र त्यसै अनुरूप मन्दिरको कार्य अगाडि बढ्यो। पैसाको अभाव र साथै अरु विभिन्न कारणले कामको प्रगति धेरै ढिलो भएको चासोवालामा विदितै छ तथापि मन्दिर बन्ने प्रगति निक्कै अगाडि बढेको छ। मन्दिरको ढाँचामा तल्लो भुइँ तलमा ६२५ वर्ग फिटको हल घर राखिएको छ। प्रथम तलमा मन्दिर अवस्थित रहने छ। प्रथम तलको

बनावटमा चारैतिर ढोका राखी गारो उठाइसकेका छौँ। अब माथि दुई स्तर भएको पेगोडा स्वरूपको छानो, गजुर लगाउने चाँजो मिलाउँदै छौँ। हामीले ठ्याक्कै नेपालको पशुपतिनाथ मन्दिरको प्रारूप बनाउन अभियन्ताको सहायता लिएर मात्र अगाडि बढ्ने निर्णय गरेका छौं। आर्किटेक्ट अभियन्ताको खोज लिने कामले पनि निक्कै समय लिएको छ। दृढ विश्वास छ भोले बाबाको आशीर्वादले उनको अरु एक धाम खडा हुने छ। पूर्ण रूपमा मन्दिर तयार हुन ठूलो धन राशिको आवश्यकता हुने छ। कोलकातामा पशुपतिनाथ मन्दिर बनाउन सम्पूर्ण धर्म प्रेमीहरूमा मुक्तहस्त आर्थिक सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछौँ ।

सचिव
संयुक्त नेपाली वेलफेयर ट्रस्ट



संयुक्त नेपाली वेलफेयर ट्रस्टद्वारा निमाणाधिन श्री पशुपतिनाथ मन्दिर

# “हाम्रो छहारी एक कैरन”

**-मणिकुमार शर्मा**

छहारी भन्नाले हामी एउटा ओत लाग्ने ठाउँ, शीतलताको अनुभव साथै सुरक्षित स्थान बुझ्न सक्छौँ। यही शब्दलाई यथार्थमा अर्थात् कार्यरूपमा परिणत गर्ने सेवारूपी उद्देश्य लिएर बनिएको छहारी हाम्रो छहारी हो। विशुद्ध मन लिएर समर्पित सेवा भावनाको साथमा अघि आएका मन प्रेमीहरूको सहयोगमा भुक्त भोगीहरूको सेवार्थ ठिङ्ग उभिएको सेवामूलक संस्था हो हाम्रो छहारी।

विशेषत: हाम्रो देश भारत वर्षको प्रख्यात औद्योगिक, व्यापारिक साथै व्यस्त नगर मुम्बई, महँगो बसोबासको स्थान भएको शहरमा विभिन्न काम लिएर साथै प्राणघातक बिरामीको चिकित्सा हेतु मानिसहरू चारै दिशाबाट पुग्ने गर्छन्। विशेष गरेर यहाँ मुम्बईको टाटा अस्पताललाई प्रमुख उदाहरणको रूपमा राख्न सकिन्छ। जब हाम्रा मध्यम वर्गीय मानिसहरू विभिन्न क्षेत्रबाट, राज्यबाट साथै छिमेकी देशबाट क्यान्सर जस्तो प्राणघातक रोगको उपचार हेतु मुम्बई टाटा अस्पताल पुग्ने गर्छन्, उनीहरू सटीक जानकारीको अभावमा महँगो होटलमा बस्न वाध्य हुन्छन् साथै दलालहरूको चङ्गुलमा पनि पर्न जान्छन्। जसले गर्दा बिरामीको उपचारको निमित्त असमय आर्थिक चपेटामा परेर अस्पतालको बरण्डा अनि सिँढीहरूमा दिन काट्न वाध्य हुन्छन्। यस्तो कहालीलाग्दो अवस्थाबाट रोगी तथा तिनका परिजनहरूले निजात पाउन् भन्ने उद्देश्यले मुम्बई महानगरमा बसोबास गर्ने, जिविकोपार्जन गर्ने, सरकारी बेसरकारी कार्यालयमा कार्यरत सेवाभावले ओतप्रोत रहेका हाम्रा मनहरू मिलेर नेपाली गोर्खा सेवा समितिको गठन गरेर पञ्जीकृत गरी २०१९ देखि हाम्रो छहारी अभियानको रूपमा ती भुक्तभोगीहरूको सेवार्थ आश्रम सञ्चालन गरी उत्कृष्ट सामाजिक कार्य गर्दै आएका छन्। हाम्रो छहारीको छत्रछाँयामा आजको दिनमा आर्थिक रूपले विपन्न हाम्रा मानिसहरू अब अस्पतालको बरण्डा अनि सिँढीहरूमा दिन वा रात कटाउनु पर्ने छैन। सुलभ मूल्य तिरेर सबै सुविधाहरूको उपभोग गर्न सक्छन् जसमा जरूरी सबै सुविधाहरू लगायत भान्सा घर पनि सामेल छन्। यी सुविधाहरू भ्रमणकारी, विशेष कुनै पनि काम लिएर गएकाहरूले पनि उपभोग गर्न सक्छन् , आफ्नो भ्रमण आदि बारे केवल अग्रिम सूचना दिनु पर्ने हुन्छ। अझ थप कुरा जो विश्व प्रसिद्ध छन् यथार्थ हुन्, जब हामी एउटा विरूवालाई राम्ररी मलजल दिन्छौ तब त्यो विरूवाले निश्चयनै हामीलाई मिठ्ठो फल अवश्य दिन्छ। त्यसैको प्रतिफल हो मुम्बई हाम्रो छहारी(२०१९), सिलगढी हाम्रो छहारी (२०२१) अनि कलकत्ता हाम्रो छहारी (२०२३)।

खुशीको कुरा आजको दिनमा केन्द्रिय स्तरमा हाम्रो छहारी पञ्जीकृत भइसकेको छ। सबै शाखाहरूलाई

एउटा छातामुनि समेट्दै अघि बढ्ने महत् उदेश्यका साथ अगि बढ़िरहेछ हाम्रो छहारी अभियान।

आजका दिनसम्म प्रथम मुम्बइ त्यस पछि सिलगढी अनि कलकत्ता हाम्रो छहारीसँग जोडिएका सबै तप्काका व्यक्तित्वहरूको सक्रिय रूपमा आर्थिक सहयोग, दाताहरूको लामेताँत, सहभागिता अनि मन खोलेर अघि आएर मलजल गरेकाले हाम्रो छहारी विभिन्न रङ्गका सुन्दर शुशोभित बगैँचाका रूप लिएर हाम्रो भुक्तभोगीहरूलाई अनि खाँचो परेकाहरूलाई नौलो ठाउँमा घरेलु परिवेशको सुगन्ध प्रदान गरिरहेका छन्। यसरीनै सेवाका भावना बोकेका जनहरू, जनोपयोगी कार्यको निमित्त केही गरौं भन्ने सोँच राखेका समाजका योद्धाहरू, कर्णधारवर्ग अनि समाज सेवकहरूलाई आफ्नै घड़ेरी हाम्रो छहारीको मुम्बई र कलकत्तामा चलिरहेको हाम्रो छहारीको "घड़ेरी कोष संग्रह अभियान" संग जोड़िने आव्हान पनि यसैका साथ गरिन्छ।

आजसम्म सञ्चालनमा रहेका-
मुम्बइ हाम्रो छहारी (मुख्यालय)को सम्पर्क सङ्ख्या: ९१३६१९१३१८,
सिलगढी हाम्रो छहारीको सम्पर्क सङ्ख्या: ७५०११५९९४७
कलकत्ता हाम्रो छहारीको सम्पर्क सङ्ख्या: ८३३५९८७२५६१
रहेको हुनाले जरूरतमा परेकाहरूले यी नम्बरहरू आफूसँग सुरक्षित राख्न सक्नुहुनेछ ।

अन्तमा हरेक गाँउ-बस्ती, पहाड़-तराई, देश-विदेश तथा विश्वकै हरेक कुनाबाट हाम्रो छहारीसँग आजीवन सदस्यको रूपमा जोड़िएर असहायहरूको आँसु पुछने मानव सेवाको निम्ति अगि आइदिनु हुने नै छ भन्ने ठानेका छौं । "सेवाको कुरा उर्जाशील हाम्रो छहारी"

केन्द्रिय कोषाध्यक्ष
हाम्रो छहारी
ठेगाना: प्रधाननगर सिलगढ़ी।

# कोलकाता महानगरीमा ए.जी. नेपाली मण्डलीको सङ्क्षेपमा परिचय

**-आचार्य फिलिप सेराब लेप्चा**

सन् १९५४ मा अमेरिकाको क्यानाडा देशबाट आउनुभएको एक युवा मिसनरी दम्पती स्वर्गीय रेभरेन्ड डाक्टर मार्क अनि श्रीमती स्वर्गीय हुँदा बन्टेनले परमेश्वरको बोलावट लाई आज्ञा पालन गर्दै पानी जहाजमार्फत लामो यात्रा गरेर भारतको कोलकाता शहरमा प्रवेश गर्नु भयो। यसरी परमेश्वरको निष्ठापूर्वक सेवा र सुसमाचार प्रचार साथै करुणामय मानव सेवाद्वारा परमेश्वरको ज्योति अर्थात् उहाँको वचन सत्यको वाणी प्रतिबिम्बित गर्न समर्पित हुनुभयो। कोलकाता शहरको धेरै इलाका, बस्ती, र विभिन्न क्षेत्रहरूमा रहेका गरीबी, भोकमरी र घरबार विहीन विभिन्न वर्गका परिवारहरूको दयनीय अवस्था बाट प्रेरित भएर गरिब बालबालिकाहरूको निम्ति एउटा अङ्ग्रेजी मिडियम The Assembly of God Church School, Royd Street Kolkata 700016 मा स्थापना गर्नुभयो। यहाँहरूले हाम्रा समाजमा भएका नेपाली जातिको पनि प्रगति र उन्नतिको लागि सन् १९७५ सालमा रोस मार्टिन स्थित एउटा प्राथमिक नेपाली अंग्रेजी मिडियम पाठशाला स्थापना गरि दिनु भएको थियो। यसरी नै नेपाली सम्प्रदायका सम्पूर्ण महानुभावहरूले पनि आत्मामा मुक्ति, उद्धार र शान्ति पाउन भन्ने हेतुले लगभग सन् १९६८-६९ सालमा नेपाली भाषामा पनि प्रार्थनालयमा - आराधना गर्ने एउटा सानो ठाउँको प्रबन्ध गरिदिनुभयो। यसरी नेपाली भाषाको पहिलो प्रार्थना स्थल Royd Street A G School 1st floor staff room बाट प्रारम्भ भएको थियो। स्वर्गीय मार्क बन्टेनज्यूको दर्शनलाई पूर्ण रूपमा साकार पार्न उहाँलाई साथ-सहयोग दिनेहरू मध्येमा महान् परमेश्वरका सेवक स्वर्गीय श्री एम्ब्रोस विनीफ्रेड इनकम ट्याक्स विभागबाट साथै स्वर्गीय श्री एडेन पिटर्स स्टेट ब्याङ्क अफ इन्डियाबाट साथै यहाँहरूका सम्पूर्ण परिवारहरूको बहुमूल्य प्रार्थना र अथक परिश्रम र सेवा द्वारा नेपाली मण्डलीको प्रारम्भ भएको ऐतिहासिक जनश्रुतिद्वारा पाइन्छ।

यसरी केही वर्षको अन्तराल पछि सन् १९७७ सालमा खरसाङ अम्बोटीया निवासी स्वर्गीय वरिष्ठ पास्टर जोन हेनीज्यू ए० जी० नेपाली विभागका लागि सिनियर सेवकको रूपमा नियुक्त गरिएका थिए।

उहाँ साथै सम्पूर्ण परिवार कोलकाता शहरमा रहेर नेपाली सम्प्रदायहरू माझ महान् सेवा गरी ईश्वरको महिमा गर्नुभएको थियो । त्यस समय नेपाली विभागका आराधना सभाहरू ए० जी० प्राईमेरी स्कूल

रोएड स्ट्रीटको सुजन हलमा हुने गर्दथ्यो।

वर्तमानमा सन् १९९८ देखि अहिले सम्म कोलकाता ए०जी० नेपाली विभागको आचार्य पास्टरको रुपमा कार्यरत हुनुहुन्छ उहाँ लोवर साक्योङ बस्ती जिल्ला कालेम्पोङ निवासी श्री आचार्य फिलिप सेराब लेप्चा औ उनकी पत्नी श्रीमती क्याथरिन लेप्चा साथै सहयोगी पास्टर श्री एनोस राई अनि उनकी पत्नी श्रीमती स्टेला शर्मा दार्जिलिङको लामाहाट्टा बाट कार्यरत हुनुहुन्छ। यसरी लामो समय बाट कोलकातामा पुस्तौँ पुस्ताहरूबाट रहिआएका रैथाने सम्पूर्ण भोटिया, लेप्चा, नेपाली, गोर्खाली सम्प्रदायहरू साथै प्रवासी नेपाली परिवारहरू माझ आत्मिक, मानसिक, शैक्षिक साथै सामाजिक उन्मूलन र जनचेतना जस्ता विभिन्न कार्यक्रमहरू गर्दै आइरहेका छन्। कोलकाता महानगरीमा ए०जी०नेपाली मण्डलीले लामो समय बाट लगभग ४५ भन्दा बढी नेपाली समाजका संघ - संस्थाहरूसँग मिलेर एकताको साझा मञ्चहरूबाट साहित्य, संस्कृति, कला साथै मानव धर्म सेवाहरूमा यथाशक्ति योगदान पुर्याउने काम भइरहेको छ। यसरी वर्तमान र विगतमा सेवकको रुपमा प्रार्थनाको साथै आफ्नो जीवनको अमूल्य त्याग र बलिदानको कारण आज पनि ए. जी. नेपाली मण्डलीको यस दर्शनलाई कायम राख्न हामी सबै कटिबद्ध र समर्पित छौ|

वर्तमानमा ए० जी० नेपाली विभागिय आधिकारिक कार्यहरू साथै प्रार्थना आराधना सभाहरूको ठेगाना र समयको विवरण यस प्रकारले छ:

आइतबारे आराधना पहिलो सभा- बिहान ८:०० बजे बाट ९:०० बजे सम्म, स्थान : होप सेन्टर बेसमेन्ट

दोस्रो सभा- बिहान ११:०० बाट दिउँसो १:०० सम्म,

स्थान: ए० जी० टावर ८ तल्ला , १२५/१ पार्क स्ट्रिट , कोलकाता ७०००१७ पश्चिम बङ्गाल, भारत

-डिकन देवराज भट्टराई (ए.जी. नेपाली विभाग) द्वारा विनम्रतापूर्वक प्रस्तुत।

एसेम्ब्ली अफ गड चर्च ( नेपाली विभाग)
१२५/१ पार्क स्टीट कोलकाता ७०००१७
मोबाइल न० ८९१००७११९४

# संयुक्त नेपाली केन्द्रिय सेवा सङ्घको गतिविधि

पश्चिम बङ्गालमा पहिले देखि जीविकोपार्जन गर्न आएका नेपालीहरूले आफ्नो भाषा, संस्कृतिको जगेर्ना गर्नका साथै सामाजिक सुरक्षाको लागि सङ्घ-सङ्गठनहरू तयार गर्दै आएका थिए. आआफ्नो क्षेत्र कोलकाता र हावड़ामा कार्यरत संघ-संगठनले राष्ट्रिय चाड पर्व मनाउनु, राष्ट्रिय दिवस पालना गर्नु, रक्तदान शिविरको आयोजना, नेपाली शैलीले दुर्गा पूजा गर्नु, नेपाली सांस्कृतिक कार्यक्रम आयोजना गर्नु, इत्यादि इत्यादि, सामाजिक कार्य गर्दै आए तापनि आज भन्दा ३४ वर्ष अघि बृहद् उद्देश्यलाई अङ्गाली संयुक्त नेपाली केन्द्रिय सेवा सङ्घलाई अस्तित्वमा ल्याएको थिए।

विक्रम सम्वत् २०६८ साल असार २४ गते तदनुसार ८ जुलाई २०११ मा संशोधन गरिएको सङ्घको विधानमा उद्देश्यहरूलाई विस्तृत रूपमा उल्लेख गरिएको छ।

विगतमा सङ्घले भारतमा बेचिएका नेपाली चेलीहरूको उद्धार कार्यमा स्थानीय प्रशासन तथा नेपाली महावाणिज्य दूतावासको सम्पूर्ण सहयोग लिएर उद्धार गरिएका चेलीहरूलाई स्वदेशमा पुर्याई प्रशासनको हात सुम्पिने कार्य सम्म गरेको थियो।

सङ्घको वृहत उद्देश्य मध्ये कोलकातामा "नेपाल भवन" निर्माण गरि त्यस मार्फत सामाजिक सेवा कार्य, पठनपाठन, कला, संस्कृतको सम्वर्द्धन गर्ने, पर्यटन सम्बन्धी प्रचार प्रसार गर्ने रहेको छ. यसै सन्दर्भमा सङ्घले नेपाल सरकारलाई बारम्बार आर्थिक सहयोगको गुहार गर्दा सन् २००० सालमा सङ्घलाई नेरु ६ लाख नेपाली महावाणिज्य दूतावास मार्फत उपलब्ध गराएको थियो. विभिन्न कारणले गर्दा उक्त रकम सङ्घलाई हस्तान्तरण गर्दा करिब तीन वर्षको समय लागे तापनि सन् २००३ सालमा कोलकाताको महेशतला अन्तर्गत नतुनहाटमा स्थानीय ११ कट्ठा ४ छटाक ( ८१२० वर्ग फिट ) जमिन खरिद गरी आफ्नो योजनालाई अघि सारेको थियो. आर्थिक कमी साथै समन्वयको अभावले गर्दा योजनालाई मूर्तरूप दिन सकिएन. पछि गएर अरू पनि संघसंगठनलाई सम्मिलित गराई "संयुक्त नेपाली वेलफेयर ट्रस्ट"को नाममा जमिन हस्तान्तरण गरियो र हाल उक्त जमिनमा श्री पशुपतिनाथ मन्दिर निर्माण कार्य अगाडि बढ्दै छ।

संयुक्त सङ्घले सबै सदस्य समितिहरूलाई साथमा लिएर सामाजिक कार्यहरू विशेष गरेर स्वास्थ्यको

क्षेत्रमा अरु वृहत कार्यक्रम जस्तै निशुल्क एम्बुलेन्स सेवा, निशुल्क स्वास्थ्य परिक्षण, औषधि वितरण, इत्यादि गर्ने कार्ययोजनाको तयारी गरिरहेको छ।

हालै २१ सितम्बर २०२४ को दिन संयुक्त नेपाली केन्द्रिय सेवा संघले राम प्यारे राम मेमोरियल वेलफेयर सोसाइटी संग मिलेर निशुल्क आँखा शिविर लगाएको थियो जसमा ५० जना जनसाधारणको आँखा जांच अनुभवी डाक्टर द्वारा गरिएको थियो. धैरैलाई चस्माको खाँचो परेको छ र सङ्घले उनीहरूलाई निशुल्क चस्मा उपलब्ध गराउने व्यवस्था गरेको छ. आँखा जांच गरिएका मध्ये डाक्टरको सुझाव अनुसार केहीलाई शल्य चिकित्साको जरुरत छ र उनीहरूलाई श्रद्धा हेल्थ केयर, न्यु अलिपुर, कोलकातामा निशुल्क शल्य चिकित्साको व्यवस्था मिलाइएको छ।

२२ मार्च २०२५ सम्म सङ्घले गरेको आँखा शिविरको विवरण तल दिईएको छ:

| Camp Date | Total number of Patients | Spectacles Distributed | Eye Operation done | Medicine distributed |
|---|---|---|---|---|
| 21-09-2024 | 53 | 43 | 08 | 02 |
| 16-11-2024 | 39 | 30 | 07 | 02 |
| 21-12-2024 | 48 | 42 | 05 | 01 |
| 18-01-2025 | 48 | 35 | 10 | 03 |
| 15-02-2025 | 41 | 30 | 07 | 04 |
| **TOTAL** | 229 | 180 | 37 | 12 |

१५ सितम्बर २०२४ देखि कार्यभार ग्रहण गरेको कार्यकारिणीले सम्पूर्ण सदस्यहरूको सहयोगले महाकवि लक्ष्मी प्रसाद देवकोटाको ११६औं तथा ११७ औं जन्म जयन्ति अति साधारण तवरमा सम्पन्न गरेतापनि आगामी दिनहरूमा जन्म जयन्ति मनाउने प्रारूप माथिल्लो स्तरमा पुर्याउने अठोट चाही लिएको छ. महाकविको सम्मानमा संघले अरु वृहत् स्तरको कार्यक्रम माथि काम गर्ने विचार विमर्स चलाई राखेको छ. सङ्घले गरेको अर्को उल्लेखनीय कार्य माघे संक्रान्तिमा गंगासागर निशुल्क स्वास्थ्य सेवा शिविर. स्थापनाकाल देखि गंगासागर मेलामा आफ्नो सेवा दिंदै आएको तथा हाल १५ वर्षदेखि निशुल्क स्वास्थ्य शिविरको संचलन गर्दै आएकोमा वर्ष २०२५ सालमा नयाँ कार्यकारिणीले यस कार्यलाई निक्कै उल्लेखनीय तवरमा सफलतापूर्वक सम्मपन्न पारेको छ. विगत वर्षमा पूर्व कमिटीले घाटामा चलाएको २०२५ सालमा खर्चमा दस प्रतीशत बढोत्तरी भएतापनि सङ्घलाई रू.८७९/= नाफा भएको थियो र आउने २०२६ सालमा सङ्घले साफल्य को निरन्तरता अवश्य पनि जोड्ने छ. संघले निशुल्क स्वास्थ्य सेवा शिविर लगत्तै २ फरबरी २०२५को दिन स्वेच्छा रक्तदान शिविरको आयोजना गर्यो. स्वास्थ्य सेवा शिविरको लागि दुई मैना शारीरिक-मानसिक रूपले मिहनत गरिरहेको

कार्यकर्ताहरूको जोश हेर्नु लायक थियो. मात्र सात दिनको समयमा रक्तदान शिविरलाई सफलतापूर्वक सम्पन्न पर्यो. शिविरको उद्घाटन नेपाली महावाणिज्यदूत श्रीमान झक्क प्रसाद आचार्यले तथा पश्चिम बंगल सरकारका शहरी विकास, नगरपालिका मामिला र आवास मन्त्रि तथा कोलकाताका माननीय मेयर जनाब फिरहाद हकीमले गर्नु भएको थियो. निमन्त्रित गणमान्यहरूमा हुनुहुन्थ्यो Kolkata Municipal Councillor हरुमा Sri Satyendar Singh, Ward No. 01, Janab Nizamuddin Shams, Ward No.75 Sri Sosti Das, Ward No.76, Samima Rehan Khan, Ward No. 77, Smt. Soma Das, Ward No. 78 Janab Anwar Khan, Ward No. 80. Ward No. 79 बाट दिवंगत काउन्सिलर राम प्यारे रामको पुत्रवधु श्रीमती दया किंकर राम, Shri Alam Bhai, 79 Ward President (Mother TMC), Khidderpore ले क्याम्पमा आएर हाम्रो उत्साहलाई बढाउनु भएको थियो. संघको सदस्य समितिहरूका कार्यकर्ताहरू क्याम्पमा मौजुद रही कार्य सम्पन्न गर्नु भएको थियो. श्री जानकी माता नेपाली धार्मिक संघका १६ जनाका टीमनै मौजुद रही यस क्याम्पलाई सुनमा सुगन्ध पारेका थिए भने संघका साथी संगठन एसेम्बली अफ गड चर्च नेपाली विभागका गुरु पास्टर श्रीमान फिलिप लेप्चा सह पास्टर श्रीमान देवराज भट्टराई तथा अरु पास्टर साहित् १५ जनाको टीमले आर्थिक साथै जनबल ले जस्तो सहयोग दिनु भयो अत्यन्त सराहनीय रह्यो र भविष्यमा पनि वहाँहरूको सहयोग सङ्घले पाईनै रहनेछ भन्ने पूर्ण विश्वास छ. सङ्घले हाईड रोडको टिनाखोली मैदानमा भारतीय नाबयुबक संघको परिसरमा रक्तदान शिविरको आयोजना गरेको थियो. उनको सहयोगको प्रसंसा सङ्घले गर्दछ. संघको यस कार्यमा बीएसपी सुर्योदय संस्थाका अग्रणी सदस्यहरू श्री राजु प्रधान, श्री देबु गुरुङ, श्री किशोर सिंह आदिको योगदान विशेष सराहनीय रहेको थियो. यसैगरी खिदिरपुर वरिपरिका श्री कृष्णा, श्री शिवपुजन, श्री संजय, जाहिद अलि, श्री विजयजी, श्री राजेन्द्रजी लगायत धेरै साथीहरूको सहयोगको साथ रक्तदान शिविरलाई सफलताको चरममा पुर्याउन विशेष हात रहेको थियो र यी साथीहरू प्रत्येक आँखा शिविरको संचालनको दिन मौजुद रही कार्य सम्पन्न पर्ने गर्दछन. धन्यवाद साथीहरू. यतिको छोटो समयमा स्वेच्छा रक्तदान शिविरको आयोजना गर्नु त्यो पनि पूर्ण सफलता को साथ सबैको सहयोग छाडा सम्भव हुन सक्ने थिएन. मुरी मुरी धन्यवाद !!! विभिन्न कारणले १० जनाको रक्तदान गर्न नमिलेको भएतापनि ४४ जना को संख्याले रक्तदान गरे, यो पनि एक उल्लेख्य सङ्ख्या मानिन्छ. सबै रक्त दाताहरूको हामी ऋणी छौं ।

धन्यवाद !

-चन्द्र बहदुर स्याङ्दन
अध्यक्ष

# लैनसिंह बाङ्‌देल साहित्य कला प्रतिष्ठानको परिचय

दार्जिलिङको तकभर चियाबारीमा, स्व रङ्गलाल राई अनि माता स्व. विमला राईको कोखबाट जन्मिएका लैनसिंह बाङ्‌देल अङ्ग्रेजी भनाइलाई टिप्दै, भन्नु हो भने मुखमा चाँदीको चम्ची लिएर जन्मिएका थिएनन् । तर चाँदीको चम्चीभन्दा कता हो कता बहुमूल्य दुई वटा थोकहरू आफूभित्र लिएर जन्मिएका थिए । ती थिए कलम अनि कुची । उनले उनको जीवनकालमा ती दुवै थोकहरू गजबले चलाए । कलमभन्दा कुची धेरै चलाए कि भन्ने पनि हामीलाई लाग्छ । जे होस्, उनी चित्रकार अनि साहित्यकारको रूपमा अग्लिनसम्म अग्लिए । उनको उचाइ बारे शब्द खर्चिने आवश्यकता नै छैन ।

चित्रकारिताको औपचारिक अध्ययनार्थ सन् १९३९ मा कलकत्ता आइपुगेका बाङ्‌देलले यहाँको गभर्मेन्ट कलेज अफ आर्ट एन्ड क्राफ्टबाट छ: वर्षे अध्ययन पूरा गरे । आफ्नो अध्ययनको समाप्तिपछि उनी फर्किएर दार्जिलिङ गइहालेनन् । उता दार्जिलिङमा भएका आफन्तहरू आर्थिकरूपमा दुब्ला थिए भने कलकत्तामा उनका कोही आफन्तहरू थिएनन् । यस्तो स्थितिमा उनले बनिबुतो गरेर जीवन धाने । जीवनयापनको भारी त उनको थाप्लोमा थियो नै तर आफ्नो भाषा अनि साहित्यको चिन्ता गर्ने उनले त्यो भारीमाथि प्रभात पत्रिकाको सम्पादन अनि प्रकाशनको भारी पनि बोके । यो ऐतिहासिक महत्त्वको काममा भने उनी एक्लो थिएनन् । उनीसँग थिए प्रभात पत्रिकाका दुई सह-सम्पादकहरू जे बी तामाङ अनि रुपनारायण दाहाल । उनीहरूको सहकार्यमा प्रभात सन् १९५० को सेप्टेम्बर महिनादेखि सन् १९५१ को अक्टोबर महिनासम्म प्रकासित भयो ।

सन् १९५२ मा चित्रकारिताको अध्ययनार्थ उनी पेरिसतिर लागे । त्यसपछि हावड़ाको पुलमुनिबाट धेरै धेरै पानी बगेर गयो ।

सन् २०१३ मा उनी अनि उनका योगदानहरूलाई सम्झदै साथै उनले देखाएको बाटोमा हिँड्ने प्रयासमा लैनसिँह बाङ्‌देल साहित्य कला प्रतिष्ठानको स्थापना भयो ।

आफ्नो स्थापनाकालदेखि नै यो संस्थानले भाषा, साहित्य अनि कलाको अभिवृद्धिको निम्ति काम गर्दै आइरहेको छ । प्रतिष्ठानले साहित्य अनि कलाको क्षेत्रमा मात्र नभएर सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान प्रदान गरेका व्यक्तिहरूलाई पुरस्कार अनि सम्मान प्रदान गर्दै आइरहेको छ ।

आजसम्म लैनसिँह बाङ्देल स्मृति पुरस्कार प्रापकहरुको फेहरिस्त यसप्रकार छ।

१) स्व राजनारायण प्रधान, दार्जिलिङ

२) झमक घिमिरे, धरान

३) भानु राई, दार्जिलिङ

४) अमिर सुन्दास, बाग्राकोट, डुवर्स

५) समशेर अली, कालेबुङ

यस प्रतिष्ठानले विभिन्न क्षेत्रमा योगदानको निम्ति सम्मान प्रदान गरेका व्यक्तिहरू यसप्रकार छ।

१) स्व. मनीराम भित्रीकोटी (सङ्गीत)

२) श्री डी. बी. सिङ

४) श्री एम. के. प्रधान

५) श्री दिलिप ठटाल

६) श्री चन्द्र भण्डारी

७) श्रीमती देविका मोक्तान

८) सुश्री शान्ति राई

९) सुश्री रङ्गु सौरिया

१०) श्री बिमल लामा

कलकत्तामा सामाजिक, धार्मिक, भाषिक र साहित्यिक श्रेत्रमा लामो समयदेखि अत्यन्तै सक्रिय संस्था श्री श्री जानकी माता नेपाली धार्मिक संघको योगदानको मुल्याङ्कन गर्दै सम्मान जनाउने काम पनि गरेको छ।

लैनसिँह बाङ्देल साहित्य कला प्रतिष्ठानले हरेक वर्ष २१ अगस्टमा भाषा मान्यता दिवस पालन गर्दै यसै उपलक्ष्यमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान प्रदान गर्ने व्यक्तिहरूलाई पुरस्कार अनि सम्मान प्रदान गर्नको साथै विद्यार्थीहरुमा भाषा, साहित्यको लगावको निम्ति प्रतियोगिताको आयोजना अनि विजयी विद्यार्थीहरूलाई पुरस्कारको रुपमा नगद राशी अनि प्रमाणपत्र र स्मृति चिन्ह पनि प्रदान गर्दै आएको छ। बाङ्देलले सन् ५० को दशकमा कलकत्ताबाट प्रकाशित गरेको साहित्यिक पत्रिका प्रभातको पुनः प्रकाशन गरेको छ। प्रतिष्ठानले कलकत्तामा नेपाली भाषा र साहित्यको विकासमा लगातार काम गरिरहेको छ।

-देविका मुक्तान
अध्यक्ष

# "भयो बाबु ! कस्तो अहो ! त्यो मनैमा"

-डा. युवराज भट्टराई

कुनै साथ दिन्छन् कुनै छल्न खोज्छन्,
खुशी छन् कुनै या कुनै जल्ने गर्छन् ।
सधैँ जिन्दगीमा यिनै खेल चल्छन्,
थिये आफना झैँ पराई पो रैछन् ॥१

घरी दु:ख आयो घरी सौख्य पायो,
कतै खित्खिताई मजाले हँसायो ।
बुलाई घरैमा भनी पुत्र सानो,
कठै! धर्धरी अश्रुपातै गरायो ॥२

थिए आफना जो उनै थे पराई,
गरे छन् प्रतीकै त माथी चढाई ।
रुवाये कठै! शत्रुझैं पुत्रलाई,
कराई कराई धपाए तुरन्तै ॥३

छ मेरो त भाग्यै चढेको बुलंदी,
तँ मोरो न मान्ने भनेको नि पाजी ।
भनी बाण-वाणी प्रहारै गरेर
खपी सक्नु के खै गयो नि रोएर ॥४

बिरूआ पलाको ढल्यो आज यौटा,
उनीले त खेले पुन: खेल यौटा ।
बुझे है तिमी ज़िन्दगीको सुलेखा
तिमी सूर्य हौ ती उडेका हुन् मेघा ॥५

नयाँ केहि गर्छू भनी जिन्दगीमा,
तिमी भेट्न आयौ स्वयं नै रहर्मा ।
नयाँ दौलतैको उनी थे नशैमा
निकाले भडासै न भाको तिमीमा ॥६

भयो बाबु! कस्तो अहो! त्यो मनैमा
यथातथ्य बुज्ने तिमी छौ स्वयंमा ।
म धाएँ भनी आफना दिल्ली-माहाँ
भयो खेल कस्तो कलीलो उमेर्-मा ॥७

न आत्ती हिडे है अंध्यारो पथैमा
अवश्यै उज्यालो हुने जिन्दगीमा ।
बचे है तिमी कालनेमी हरूमा,
छ रात्री नि कट्ने बिहानी पखैमा ॥

-लब्धसाहित्यकादेमी युवपुरस्कार

# कला

**-सिर्जना शर्मा**

हिमाल उच्च भालमा भला कला खुलाउँछन्
कला छरेर चाँदनी धरा गरा फिंजाउँछन्
बिहान सूर्यको कला विशिष्ट लाग्दछे उषा
कलामयी छ झुल्किए,लुके सहस्र तारका।

कला भरेर गीतको चरी गला खुलाउँछन्
झरेर नित्य  निर्झरी  कलातला बनाउँछन्
अनेक वन्य वृक्षले लिएर वायुसारथि
विशेष नृत्य गर्दछन् कला दिई भएजति।

नियाल्न थाल्नु हो भने कलामयी छ सृष्टि यो
कलाविहीनता हुँदा न खुल्छ रम्छ दृष्टि यो
पहाड,दून लेक वा हराभरा गरागरा
सुरम्य छन् सबै सधैं  विशिष्ट बन्नुले कला !

-नेपाल

# तिम्रो स्वागतमा म

-सुरेशजङ्ग शाह

खर्चमा मासिएका
मेरा दिनहरू
सापटीमा आम्दानी
के गर्थे र …
मैले आशालाई पुल्पुल्याउनु !
केही सपनाहरू
ऐँसेलुघारितिरै जकडिए
खेस्रा कागज हुन् वा
टुक्रा कसिङ्गर
मेरो प्रतिबिम्ब
फिरफिर गर्दै
सडकमै तङ्ग्रिरहे
एक अञ्जली पानी
सँगालेर  राख्दा
मरुभूमिको रेत
कुल्चिएका डोवहरू
मात्र देखेँ
प्रिय सङ्गी
अब त
मन टुक्रिएर
काँचका टुक्राहरूझैँ
झर् याङ्  झुरूङ्
बिख्रिएको बेला
मेरो परिचय
सुन्दर पर्छाईं
आकृतिमा आउला  र …

म तिम्रो स्वागतमा
सगरमाथा झैँ
उभिन सकूँ …
साउनको भेलझैँ
उर्लिएका तरङ्गहरू
एक-एक केलाउन
म जत्ति नै
घोत्लिएर बसुँ
प्रिय सङ्गी
मात्र यत्तिखेर
सहरको बीचमा
नियालिरहेको धरहराझैँ
तिम्रो स्वागतमा
सिङ्गो जिन्दगी
एक थान
कविता उभिएको छ
स्वीकार गर ल …

संस्थापक तथा निवर्तमान अध्यक्ष
नेपाली साहित्य विकास परिषद् यूके
स्थापित 1995(विसं 2051), लन्डन
Sent from my iPhone

# कोमल श्रेष्ठ मल्लका कविताहरू

## (१) थाहै हुन्न जलेको मरे पछि

भैगो पर्दैन मलाई अब
मायाले बेर्न
आउँदै नआऊ पछि पछि
म मरेको हेर्न
भने हुन्छ मलाई
त डाडाँको घाम होस्
पूजा गर्न काम नलाग्ने
काँढाको नाम होस्

यतिकै सकिन्छ आँसु
पीडा थप्दै जाऊ सके जति
भेटिएला नि मन उर्लदा
काटिदै किनारा हारेपछि
भैगो पर्दैन अब
किनारा कुर्न
बगेको भेल यो
सकिन्न मायाले रोक्न
भने हुन्छ मलाई
जलेर उड्ने खरानी होस्
हुस्सुमा फसेको बिहानी होस्

जलाऊ मन अझै
जीउन्जेल जल्झ सकेजति
पीडाको के अर्थ रहन्छ र ?
थाहै हुन्न जलेको मरे पछि ।

## (२ ) माटोकै ध्वजा फहराउन !

म
बाटो र माटोको रे
त्यसैले
हिँड्नु पनि छ
भिड्दै बाँच्नु
र बचाउनु पनि छ !
म संघर्ष र विद्रोहमा छु
बाटोमा
माटोमा
यसैको लागि !
तर
म कहाँ लैजाउँ जीवन ?
म काहा बिसाउँ मन ?
पीडा छ
दुःख छ
अशान्त छ
र चन्चल छ !
सत्य हो
रिष ,इर्स्या गर्नेहरुको
नटुङ्गिने लाम छ ...., !
भोगेकैछु सास
बोकेकै मुटु
क्षणक्षण उर्लिएका
बाँढि पहिरोहरु
एक्लै एक्लै !
तर
थेग्नु कसरी ?
रगताम्य
मन ,मुटु र जीवन ?
पसिना छर्दै
पौरख उमार्न
र गौरवमा चन्द्र सूर्य फरफर गर्न !
जहाँ
हुलका हुल सोच ,विचार
शान्ति र प्रगती लाई
भ्रष्टहरुको वधशालामा
झुण्डाइन्छन्
र
परिवर्तनको विगुल फुक्छन् !
म सकुँला र
माटोमा माटो रोपेर
माटोकै शान्त अनुकरणीय
घर निर्माण गर्न
र नवरत्नको छानोमा
माटोकै ध्वजा फहराउन !

---

अध्यक्ष
नेपाली साहित्य विकास परिषद्
यू.के.
स्थापित: २०५१, लन्डन
१४औं कार्यसमिति २०२४-२६

# मेरो सत्लुङ

-हरिसिंह थापा

झल्झली आउँछ झझल्को मनमा जन्मेको ठाउँ
स्वर्ग नि भन्दा कमी चाहिँ छैन त्यो मेरो सत्लुङ गाउँ
सपनामा पनि देखि नै रहन्छु ती मेरा साथीभाइ
संगसंगै खेली हुर्केका हामी सम्झन्छु तिनलाई

विछोडको व्यथा पिरोल्छ मन सम्झेर साथीसंगी
रम्दैन मन जति नै भा नि विदेशको झिलिमिली
ढिँडो र गुन्द्रुक जे खाए पनि छ गाउँ मै आनन्द
विदेशको सुख के सुख भनौँ छैन नि मन शान्त

दसैँ र तिहार सम्झाई रहन्छ सयपत्री फुलेर
सत्लुङको तिर्खा मेट्दैन कहिल्यै विदेश डुलेर
जहाँ बसे पनि एउटै हो भन्नु नहुने रहेछ
जन्मेको ठाउँ सत्लुङ गाउँ झन् प्यारो भएछ

असारे पन्द्र दही चिउरा खाको सम्झना ताजै छ
गोठाला गाको गाइ गोठ धाको मुटुको माझै छ
विदेश गाको साथीले अब बिर्सेछ नभने है
साथी र संगी गाउँका सबै सम्झन्छु दिनदिनै

नेपाली साहित्य विकास परिषद् यूके
पूर्व अध्यक्ष

# गीत

-सुमन थापा सङ्गम

समयको स्पर्शलाई मौन बनि अङ्गालेछु
सम्झनाका पलहरू हृदयमा सङ्गालेछु

कहिले बनेँ खुसी धेरै कहिले फेरि मौन छु
मौनभित्र मौनतामा अनेक रङ्ग भेटेकीछु
न त सधैँ सुख आफ्नो न त सधैँ दु:ख नै छ
जीवन हिँड्ने गोरेटोमा घुम्ती मोड भेटिनेछ

रङ्ग रङ्ग घुलेर नै जीवनको सौन्दर्य छ
कहिले रङ्ग अँध्यारो छ कहिले उषामय छ
समयको स्पर्शलाई मौन बनि अङ्गालेछु
सम्झनाका पलहरू हृदयमा सङ्गालेछु ।

-नेपालगञ्ज (हाल: काठमाडौं)



# कोरोना र फेहरिस्त

**-सन्जीब गुरुङ**

विश्व एउटा कक्षा
हरेक मान्छे विद्यार्थी
कोरोना भाइरस शिक्षक बनेको छ अहिले
र घोकाउँदैछ मान्छेलाई जीवन
घोकाउँदैछ घोकाउनै पर्ने एउटा पाठ

प्राथमिकताको फेहरिस्तमा त्यो
तलतिर खस्किएको थियो जीवन
जीवन भन्दा मास्तिर थिए
फेहरिस्तमा त्यो
घर
गाडी
लुगाफाटा
रूपियाँ पैसा
माछा मासु
केके

फेरबदल गर्न लगायौ तिमीले, कोरोना
फेहरिस्त त्यो
र राखेका छन्  अहिले जीवनलाई
टुप्पोमै फेहरिस्तको यो

फेरिन्छ समय
फेरिन्छ स्थिति
फेरिफेरि नफेरियोस् फेहरिस्त यो
फेरिफेरि नफेरियोस् फेहरिस्त यो ।

-कलकत्ता

# सिंहको राज्यमा स्यालको बिद्रोह

-राजु पाठक

सिंह राजा जंगलको, एक एक गरी
उसले खान्थ्यो रोजी रोजी पेट भरी भरी,
चतुर स्याल बुद्धि खटायो सज्जन बनी
सबै जुटायो, अब सिंह हटाउँ भनी

स्यालको नेतृत्वमा ठूलो बिद्रोह भयो
सिंहले आफ्नो राजमहल छोडिदियो
सबैतिर त्यै स्यालको गुनगान थियो
सबैको चाहनाले स्याल राजा बन्यो

स्यालले पनि त आफ्नो पेट भर्नै पर्थ्यो
अनि सिंहका मित्रसँग मित्रता गर्यो
उनैलाई सिकारमा पठाउन थाल्यो
बिद्रोहका आफ्ना साथीहरू खाँदै गयो

खाँदै गयो आफ्ना साथीहरू खाँदै गयो
बचेखुचेकाको नयाँ बिद्रोह उर्लियो
स्याल भाग्यो कता गयो गयो हरायो
अनि बल्ल जंगलमा सुशासन आयो

न त सिंह राजा रह्यो न त रह्यो स्याल
अब न ढोका बन्द छ डरले न झ्याल
न कोही राजा रह्यो अब न कोही प्रजा
न कोही दण्डित भो न कसैलाई सजा।

-कोलकाता

# गजल

-निमा 'निष्कर्ष'

प्रशंसाले तिमीलाई बिगार्दै जान्छ थाहा पनि हुन्न
यो दुनियाँले फेरि धिक्कार्दै जान्छ थाहा पनि हुन्न ।

मरेकालाई मात्रै थाहा हुन्छ स्वर्ग र नर्कको कुरा
बाँचुन्जेल सबले निहार्दै जान्छ थाहा पनि हुन्न ।

जन्मेपछि मर्नु पर्ने हुन्छ मान्छे यो अकाट्य सत्य हो
राम्रो कर्मले मृत्युलाई पनि टार्दै जान्छ थाहा पनि हुन्न ।

धनीलाई मात्रै हो जहाँ गए पनि भगवान् सरह मान्छ
गरिबलाई त गरिबीले नै मार्दै जान्छ थाहा पनि हुन्न ।

बोल्नु पर्ने ठाउँमा नबोल्ने कतिपय मान्छेहरू हुन्छन्
खुट्टा पछाडि र हात अगाडि सार्दै जान्छ थाहा पनि हुन्न ।

-कलकत्ता

# जन्म दिने आमा

- रमा शर्मा

हे माता जननी ! तिमी नै  हौ मेरो जन्मदाता !
जन्म दियौ यो धर्तीमा तिमी हौ भाग्य बिधाता !!
दु:ख पीडा भोगी नौ महिना राख्यौ कोखमा !
त्यो बेलाको कडा नियम थियो पाउँदिन थियौ खान भोकमा !!
यो संन्सार देखायौ आज तिम्रै हो खातिर !
सन्तानको प्रगतिमा बढी खुशी हुने तिमी नै हो आखिर !!
प्रशय बेथा सहँदा कती आँसु धारा बगे होलान् !
आमाको यो भित्री वेदना ब्यथा सबै सन्तानले जानून् !!
हे जननी  ! सहनशक्ति छ  कति तिम्रो अपार !
तिम्रो त्याग र  कष्ट जति भने पनि कमी नै हुन्छ है आखिर !!
आमाकै प्रेरणा  र संस्कारले राख्नेछु म उच्च शिर !
तिम्रो मार्गदर्शनलाई जान दिन्न म कहिल्यै खेर !!
अनुशासन सिकायौ इज्जत गर्न सिकायौ  स्वावलम्बी बनेँ म !
हजुरको त्याग, दु:ख र पीडा बल्ल बुझेँ आमा बनेपछि म !!
मात्री वात्सल्य  नरित्तिने रैछ बचराले छोडेर टाढा गए पनि !
निस्वार्थ माया र त्याग, दुधको भारा नतिरिने कहिल्यै पनि !!
विकसित शहरमा (देशमा) पैसाले सबै  चिज किन्न पाइने !
तर जन्म दिने आमा गुमाएपछि
कहिल्यै  किनेर नपाइने !!

-कोलकाता।

# TAMANG BUDDHIST WELFARE & DEVELOPMENT FOUNDATION

*( Regd No. S/91447/98 )*



**' थुप्तेन छोईलिंग गुम्पाको छोटो परिचय '**

एम. के. घिसीङ तामांङ,

कोलकाता

कोलकाता शहर बाट करीब 20 कि0 मी0 टाड़ो Natunhat, Mahestalla , Buddha Nagar, Kolkata – 700 141 मा गुम्पाको निर्माण भएको छ । गुम्पाको नामकरण ' THUPTEN CHHOLING MONESTARY ( TAMANG GUMPA )' अर्थात् ' बुध्दधर्म दीप गुम्पा ' । गुम्पाको उपरोक्त नामकरण भएता पनि बुध्दप्रेमीहरुले ' मनोकामना गुम्पा ' भनी परिचित छ । गुम्पामा भएको तीन वटा सांगै (भगवान) को मूर्तीको राप्ने / शुध्दिकरण चै Dharma Guru Lakpa Bomjan Tamang , Kalimpong निवासीले गरी दिनु भयो ।

सांगैको जिन्लब / आर्शीबादले गर्दा 25 वर्ष पूर्व कोलकाता का बुध्दप्रेमीहरुले देखेको सपना / मनोकामना पूरा भए कि भन्ने आशा छ । यसर्थ, गुम्पामा आउनु होस सांगैको दर्शन गर्नु होस । मनोकामना पूरा होस भन्दै आर्शीबाद माग्नु होस, साथै गुम्पा पछाड़ी नाग देवताको मन्दिर स्थापित छ, दर्शन गर्नु न भूल्नु होला । नाग देवता को मन्दिर किन बनायो होला भन्ने मनमा जिज्ञासा भए गुम्पा कमेटी संग अवश्य जानकारी लिनु होला ।

गुम्पामा लामा मेहमेहरु पठाउनु मा Dharma Guru Dawa Wangyal Yonzon Tamang मेहमेको ठुलो अवदान छ भन्दा अनुचित न होला । वहाँ Rangli Rangliot गुम्पाको प्रमुख धर्मगुरु हुनु हुन्छ । लामा मेहमेहरु तीन - तीन महिना अन्तराल कोलकाता आउनु हुन्छ । फिलहाल गुम्पामा Lama Serap Tamang बस्नु हुदै छ । तपाईहरुलाई पनि लामा मेहमे दरकार परे सम्पर्क गर्नु होला ।

मनोकामना गुम्पा बारे लेख्नु परे एउटा किताब बन्नै छ । यसर्थ, छोटकरीमा गुम्पा संबंधी जानकारी राखे, आशा छ तपाईहरुबाट पनि गुम्पा संबंधी सुझाव आशा राख्दै ........ ।

अंतमा भन्नु पर्दा - एउटा विख्यात व्यक्तिको भनाई अनुसार :- अगर तपाईलाई मृत्यु पश्चात् पनि जिवित रहनु छ भने, एउटा काम जरुर गर्नु होला ।

पढ़ने लायक केही लेखेर जानु होस अथवा लेख्ने लायक केही गरी जानु होस । आशा छ, तपाई सबैले उपरोक्त कुरो बुझेर केही लेखी जाने अथवा गरी जाने मनमा आए कृपया संपर्क गर्नु होला ।

- भवत् शुभ मंगलम् -

संपर्क गर्नु परे :-

1. Pal Kamal Yonzon Lama - Phone No. 62911 59294
2. Pal Madan Kr. Ghising Tamang - Phone No. 79806 15952
3. Lama Serap Tamang - Phone No. 95473 31464


*" Tamang Cottage" 66/1, Banerjee Para Road, P.O. Paschim Putiary, Kolkata -700041, India.*

*email : mkghising5@gmail.com*



narzo 60x 5G
31 December 2025 at 20:44

# कलकत्तामा २५६९ औँ बुद्ध जयन्ती पालन



**खरसाङ, १३ मई :** कलकत्ताको ढाकुरियास्थित भारत जापान बुद्ध संघ कलकत्ताको आयोजनामा, जापानी बौद्ध गुम्बामा २५६९ औं बुद्ध जयन्ती भव्य रुपमा पालन गरिएको जानकारी प्राप्त भएको छ। वेन छिरिङ शेर्पा (कुसला) द्वारा पूजा अर्चना गरिसकेपछि वाङ वितरण गरियो।

यस कार्यक्रममा कलकत्ता वरिपरि रहेका हजारौं श्रद्धालुहरूले भगवान बुध्दको दर्शन गरे। कलकत्ता अहिले अत्याधिक गरम छ। यस गरममा दर्शनार्थीहरूलाई केही राहत दिन गत वर्ष झैं यसवर्ष पनि श्री श्री जानकी माता नेपाली धार्मिक संघ कलकत्ता अनि हाम्रो छहारी कलकत्ताको संयुक्त पहलमा श्रद्धालुहरूलाई चिसो सर्वत पानी वितरण गरियो। प्रायः तीन हजारभन्दा धेरैलाई सर्वत वितरण गरियो। यस जल वितरण सेवालाई सफल बनाउन धनबहादुर भुसाल, दिलीप श्रेष्ठ, सेर बहादुर श्रेष्ठ, जगत थापा( जित), श्री श्री जानकी माता नेपाली महिला कल्याणकारी कोष कोलकाताकी स्वयंसेवीकाहरू प्रसन्नता, उषा उपाध्याय, अस्मा गुरूङ्ग, अनिमा श्रेष्ठ, पम्फा प्रधान, प्रमिला श्रेष्ठ, शान्ता श्रेष्ठ, कृष्ण श्रेष्ठ, पुष्पा श्रेष्ठ, उर्मिला छेत्री, पद्मा गुरूङ्ग, सन्तोषी सिंह, अनिता छेत्री, गौतम छेत्री, हरि सिंह मुक्तान, अंकित साव लगायत श्री श्री जानकी माता नेपाली धार्मिक संघ कलकत्ताका सभापति गुञ्जदास श्रेष्ठ, चियर म्यान भीमबहादुर श्रेष्ठ, हाम्रो छहारी कलकत्ताका सभापति संगीता शेर्पा, सल्लाहकार खिमराज बराल, संयोजक बिकास कार्की सदस्यहरू रमिता कार्की सिंह, निमा डोल्मा शेर्पा, आदिको प्रमुख भूमिका रहेको थियो।

# सबै तीर्थ बार बार, गंगा सागर एक बार



**दार्जीलिङ, १२ जनवरी :** बिगत ३२ बर्षदेखि लगातार सेवामा तत्पर छन्। कलकत्ताका नेपालीहरू। संयुक्त नेपाली केन्द्रीय सेवा संघ कलकत्ताको आयोजना ११ जनवरीको दिन कलकत्ताको बाबुघाटमा, गंगा सागर तीर्थ यात्रीहरुको सेवार्थ शिविरको विधिवत उद्घाटन नेपाली महावाणिाज्यदूत ईश्वरराज पौडेलको कर कमलबाट भयो। यश अवसरमा नायव महावाणिज्यदूत विश्वनाथ पनेरू, बोरो चियरम्यान राम प्यारे राम, कर्नल महेश्वरसिंह गुरुङ, समासेवी नारायण प्रसाद होमागाई, महेश सिंह, संघका सभापति गुञ्जदास श्रेष्ठ, उपसभापति पूर्णबहादुर विष्ट, महासचिव राम प्रसाद गंगा सागर मेला आयोजन समितिका सभापति खेमराज बराल, संस्थापक गणेश प्रधान, नरविक्रम थापा, सुरज बहादुर छेत्री, बद्री बिक्रम थापा, धनबहादुर भुसाल, हितबहादुर खड्का, बाबुराम शर्मा, राजु प्रधान, डम्बरबहादुर श्रेष्ठ, महिला सदस्यहरू रमा शर्मा, रितासिंह र गीता शर्मा आदि उपस्थित थिए। स्मरण रहोस् यश वृहत् मेलामा नेपालीहरुको आफ्नो छुट्टै पण्डाल बनाएर सेवा गरेको ३२ औं वर्ष हो। सबै तीर्थ बार बार गंगा सागर एकैबार भन्ने कुरालाई चरितार्थ गर्दै यश महा मेलामा देश विदेशदेखि लाखौं श्रद्धालुहरू आउछन्। यहाँ नेपाल, भुटान, बर्मा, भारतका विभिन्न प्रान्तबाट धेरै नेपालीहरू पनि आउछन् र कहिले कहीं बिपत्तिमा पर्छन्। उनीहरू कै विशेष सेवार्थ यो सेवा शिविर राखिएको हो। यस शिविरमा २४ सै घण्टा डा. नर्स र स्वयम सेवीहरू तीर्थयात्रीहरुको सेवामा तैनाथ छन्। संघले यस शिविरमा १४ बेडको मिनी अस्पताल संचालन गरिरहेको छ। यहाँबाट तीर्थ यात्रुहरूको निशुल्क स्वास्थ जाँच, औषधि, पिउने पानी, माक्स अनि सेनिटाइजर वितरण गरिन्छ साथै २४ घण्टा निशुल्क एम्बुलेन्स सेवा रहनेछ। यसमा कोविद् १९ को महामारीलाई मध्य नजर राख्दै, सरकारको सम्पूर्ण नियम कानुनलाई मानिनेछ भन्ने कुरा संघका सभापति गुञ्जदास श्रेष्ठले जनाएका छन् भनी बिकास कार्कीले जानकारी गराएका छन्।

# लॉयन्स क्लब्स इंटरनेशनल जिला 322 बी1 एवं बी2 के वैक्सीनेशन सेवा शिविर की सराहना



**कोलकाता :** लॉयन्स क्लब्स इंटरनेशनल जिला 322 बी1 एवं बी2 के संयुक्त तत्वावधान में कोरोना संक्रमण से सुरक्षा के लिये निःशुल्क वैक्सीनेशन ड्राइव सेवा शिविर का आयोजन स्वर्णकार भवन, बड़ाबाजार में श्री जानकी माता नेपाली धार्मिक संघ के सहयोग से किया गया . लायन प्रदीप नैयर ने बताया कि स्वर्णकार भवन में 275 नागरिकों को निः शुल्क वैक्सीन सुविधा प्रदान की गई . लायन रतन दुगड़ (डी जी, बी 1), लायन अमित बोथरा (डी जी, बी 2), लायन सुभाष मुरारका, सूरज बागला, त्रिलोक राजगढ़िया, अमित शर्मा, श्यामल कान्ति आचार्जी, विनीत केडिया के मार्गदर्शन में जैन भवन, कलाकार स्ट्रीट एवं समता भवन, विवेक बिहार (हावड़ा), औरपोटा युवा भारती, धापा सहित राजस्थान गोकल्याण गोशाला,

बारासात में भी सेवा शिविर का आयोजन किया जायेगा . आज तक 11 हजार से अधिक नागरिकों को निःशुल्क वैक्सीन सुविधा दी गयी है . लायन बन्धु सामाजिक कर्तव्यनिष्ठा से कार्यरत हैं . लायन मनोज नाथानी, डॉ. मिथिलेश वर्मा, गूँजदास श्रेष्ठ, कपिल कुल्थिया, रमेश मौसूण, अरुण पाण्डे, नीतू पटेल, दिलीप श्रेष्ठ, मोहन सिंह, हितबहादुर खड़का, विशाल श्रेष्ठ, धनबहादुर भुशाल, खेमराज बराल, जगत थापा, अनिल पांडेय, पद्मा गुरुंग, रमिता कार्की, संतोषी सिंह, संगीता खड़का, अनिता क्षेत्री एवं कार्यकर्ता सक्रिय रहे .

दैनिक

# बिनेश टाइम्स

TITLE CODE- UPHIN45141

सम्पादक: बिनेश कुमार तेवतिया

वर्ष: 2 अक 81 | मेरठ रविवार 5 अप्रैल 2020 | (4) | मूल्य एक रूपया

## श्री श्री जानकी माता नेपाली धार्मिक संघ कोलकाता के कर्मठ समाजसेवी स्वयंसेवक ने लाइफ केयर ब्लड बैक मे जाकर रक्तदान किया

दैनिक बिनेश टाइम्स

कलकत्ता। कोरोना वायरस महामारी के चलते विश्व लॅकडाउन के कारण कोलकाता मे कोई भी संघ संस्था रक्त दान शिविर का आयोजन नही कर पारा है इस दर्दनाक महामारी के समय मे कोलकाता के ब्लड बैक मे रक्त स्टाक नही है । और कोलकाता के विभिन्न हास्पिटल मे जटिल रोग से पिडीत मरीज के इलाज और थैलियासिमी बच्चों के रक्त पूर्ति नहीं हो पारहा है । इसी कारण श्री श्री जानकी माता नेपाली धार्मिक संघ कोलकाता के कर्मठ समाजसेवी स्वयंसेवक ने आज लाइफ केर ब्लड बैक मे जाकर आपने शरीर के प्रवाह न करके इस दर्दनाक महामारी के अवस्था मे भी अपने



रक्तदान देकर पुन्य को काम किया । इस पवन शुभ कार्य मे निम्न सदस्य सहभागी रहे । , गुन्ज दास श्रेष्ठ , दिलिप श्रेष्ठ , सोम श्रेष्ठ , श्याम श्रेष्ठ , राज कुमार श्रेष्ठ , हरे राम खड्का , पद्मा गुरुङ्ग , सुश्री संगीता खड्का , पायल पान्डे , सुभद्र शर्मा सहयोगी हित बहादुर खड्का,शैलेश कुमार जायसवाल भी उपस्थित रहे ।






# इंफो इंडिया
कोलकाता एवं पोर्ट ब्लेयर के 18 सितम्बर, 2023
अंक में पेज 4 पर प्रकाशित

# कोलकाता में नेपाली समुदाय द्वारा हरतालिका तीज की धूम



**कोलकाता, 17 सितम्बर (इं.प्र.)।** नेपाल के लोगो के इष्ट देव पशुपति नाथ महाराज यानि की शिव भगवान है। अतः अपने आराध्य से जुड़े पर्व को ये बहुत धूमधाम से मनाते है फिर वो शिवरात्रि हो या शिव -पार्वती के विवाह से संबंधित हरतालिका तीज। इस त्योहार को नेपाली महिलाए पूरे साज - शृंगार के साथ बहुत ही श्रद्धा, भक्ति से मनाती है। हरतालिका तीज का उत्सव तीन दिन पहले से ही आरंभ हो जाता है। विवाहित बेटियां कही भी रह रही हो उन्हे मायके वाले मान - सम्मान के साथ बुलाते है। उपवास के पहले के दो दिन, एक दूसरे से मिलने, सामूहिक भोज और रंगारंग कार्यक्रम का आयोजन किया जाता है। ऐसे ही हरतालिका तीज के पारंपरिक कार्यक्रम को गरियाहाट के उत्सव सभागार में, श्री श्री जानकी माता नेपाली धार्मिक संघ एवं श्री श्री जानकी माता नेपाली महिला कल्याणकारी कोष, कोलकाता ने हर्ष -उल्लास के साथ आयोजित किया। इस अवसर पर बच्चों और महिलाओं ने नृत्य और गायन प्रस्तुत किया।

# सीके श्रेष्ठलाई भाषा गौरव सम्मान




**दार्जीलिङ, २२ अगस्त (हिस):** नेपाली भाषाले भारत देशमा सरकारी मान्यता पाएको ३१ औं वर्ष पुगेको अवसरमा कलकत्तामा भाषा मान्यता दिवस पालन गऱ्यो। गत आइतबाको दिन लैनसिंह बाङ्देल साहित्यकला प्रतिष्ठान अनि श्री श्री जानकी माता नेपाली धार्मिक संघ कलकत्ताको संयुक्त आयोजनामा ३१औं भाषा मान्यता दिवस भव्य रुपमा पालन गरिए। सन्तोषी सिंहद्वारा सरस्वती बन्दनापछि कार्यक्रमको आरम्भ भयो।

कार्यक्रममा सभापति गुञ्जदास श्रेष्ठ, मुख्य अतिथि नाट्य भूषण सीके श्रेष्ठका, विशिष्ट अतिथि देविका मोक्तान, अतिथिहरूमा क्रमश कथाकार शमसेर अली, साहित्यकार नारायण प्रसाद होमागाई, साहित्यकार गणेष प्रधान, साहित्यकार हिरा छेत्री आदि थिए। कार्यक्रममा नाट्य भूषण सी के श्रेष्ठलाई भाषा गौरव सम्मानले सम्मानित गरियो। यसै अवसरमा कलकत्तामा विभिन्न कलेजमा अध्ययनरत विद्यार्थीहरुमा कविता प्रतियोगिता राखिएको थियो। जसमा प्रयास राई प्रथम, बिमर्श दोस्रो र बेदान्त तामाङ तेस्रो भएका थिए। कविता प्रतियोगितामा उत्साहजनक नानीहरूले सहभागिता जनाएका थिए। कार्यक्रममा प्रयास बान्तवा राई, बिमर्श, बेदान्त तामाङ, सन्तोषी सिंह, आशा उपाध्याय, निरजला तामाङ, सन्दीप शर्मा आदिले आफ्ना स्वरचित कविता सुनाए। सी के श्रेष्ठ, देविका मोक्तान, शमसेर अली, नारायण प्रसाद होमागाई अनि हिरा छेत्रीले भाषा विषयमा आ आफ्नो मन्तव्य राखे। कलकत्ताको रविन्द्र सदनमा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य संजीव गुरुङले अनि धन्यवाद ज्ञापन गुञ्जदास श्रेष्ठले गरेका थिए। कार्यक्रमको संचालन बिकास कार्कीले गरेका थिए।



খিদিরপুর দর্পণ-8 • Vol.-XX • No. : 169 • 1st May-31s

## নেপালি নববর্ষ উৎসব



গত ১২ এপ্রিল ২০২৫ শনিবার, শ্রীশ্রীজানকী মাতা নেপালি ধার্মিক সংঘ কলকাতা কর্তৃক নেপালি নববর্ষ উদযাপন ২০৮২ উদযাপিত হয় লাজপত হিন্দি হাই স্কুলে। উপস্থিত ছিলেন গুঞ্জা শ্রেষ্ঠা সভাপতি,সম্পাদক তিলকরাম শর্মা। এই অনুষ্ঠানে প্রধান অতিথি হিসেবে উপস্থিত ছিলেন শ্রীমতী স্মিতা বক্সী। রাজু প্রধানের তত্ত্বাবধানে এই অনুষ্ঠানে বিশেষভাবে সম্মানিত হন বাবলু ভটাচার্য, প্রকাশ সিং, অশোক সিং, খিদিরপুর দর্পণ পত্রিকা সম্পাদক বরুণ মুখোপাধ্যায়, এডভোকেট পার্থসারথি বসু, ডা. সজিত ভট্টাচার্য ও বনি মণ্ডল। এছাড়াও বহু বিশিষ্ট ব্যক্তিবর্গকে সম্মানীত করা হয়। বর্ণময় অনুষ্ঠানের শেষে শ্রীমতী স্মিতা বক্সির দ্বারা বিশেষভাবে সক্ষম ব্যক্তিদের হুইল চেয়ার প্রদান করা হয়।

# मेलम्चीलाई कोलकाताको सहयोग




**दार्जीलिङ, ८ अगस्त (सबिता संकल्प)।** कोलकाताका दुई संस्थाहरू श्री श्री जानकी माता नेपाली धार्मिक संघका अध्यक्ष भीमबहादुर श्रेष्ठ र संयुक्त नेपाली केन्द्रीय सेवा संघका अध्यक्ष युवराज श्रेष्ठले एक समारोहका बीच मेलम्चीका बाढी पीडितहरूको आवास निर्माण सहयोगार्थ नगरपालिकाका मेयर दुम्बर अर्याललाई नगद पाँच लाख हस्तान्तरण गर्नुभयो।

यसैगरी कोलकाताबाट प्रकाशित संझना पत्रिकाको अंक ७ को लोकार्पण पनि गरियो। कार्यक्रममा पूर्व सूचना प्रविधि तथा संचार मन्त्री एवं आपद व्यवस्थापन संयोजक सांसद मोहन बस्नेत, सांसद देवशंकर पौडेल, नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं राधेश्याम लेकाली, नेपाली काङ्ग्रेस उद्योग विभाग सदस्य मलिना, सखी प्रतिष्ठानका अध्यक्ष मञ्जिला अनिलको उपस्थिति रहेको थियो। यसैगरी श्री श्री जानकी माता नेपाली धार्मिक संघका अध्यक्ष भीमबहादुर श्रेष्ठ र संयुक्त नेपा माता नेपाली धार्मिक संघका संस्थापक अध्यक्ष बलबहादुर श्रेष्ठ, संरक्षक गणेश प्रधान, सल्लाहकार मोहन सिंह, सम्पर्क विभाग प्रमुख अनिल पाण्डेय, सदस्य किशोर थापा, नेपाली महिला कल्याणकारी कोष महिला समितिका उपाध्यक्ष बिन्दा श्रेष्ठसमेतको उपस्थिति रहेको थियो। यसैगरी श्रीश्री श्री जानकी माता नेपाली धार्मिक संघ नेपाली महिला कल्याणकारी कोष महिला समितिका सल्लाहकार नारायण श्रेष्ठ, सचिव रमिता कार्की, सदस्यहरू बाढीहरूलाई सेवा सुविधा सेवा सुविधा प्रदान गर्दै नेपाली सांस्कृतिक पर्वहरूको आयोजनालगायत कार्यहरू सम्पन्न गर्दै आएको छ भने यसअघि पनि नेपालमा समस्या पर्दा सहयोग गर्दै आएको छ। अगस्तको दिन काठमाडौंको अनाम नगरस्थित होटल द्वारी रेस्टुरेन्टमा एक सादा समारोहमा कलकत्ताबाट मेलम्चीको निम्ति राहत लिएर गएको टोलीले, मेलम्ची पुनः निर्माण समितिका सदस्यहरूको हातमा राहत हस्तान्तरण गरे।

उक्त कार्यक्रम श्री श्री जानकी माता नेपाली धार्मिक संघ र संयुक्त नेपाली केन्द्रीय सेवा संघ कलकत्ताका सदस्यहरूले मेलम्ची बाढ पीडितहरूको आर्थिक सहयोगको निम्ति कलकत्ताबाट प्रमुख अनिल पाण्डे, अंकित पाण्डे र किशोर थापा अनि महिला विभागबाट सह सभापति बिन्दा श्रेष्ठ, सचिव रमिता कार्की सिंह र संतोषी सिंह रहेका थिए।

काठमाडौंमा टोलीले मेलम्ची पुनः निर्माण समितिका प्रमुख सासंद मोहन बहादुर बस्नेत र पूर्व सासंद देव शंकर पौडेल र मेलम्ची नगर पालिकाका मेयर दुम्बर अर्यालको हातमा तिनीहरूले जानकी माता नेपाली धार्मिक संघको तर्फबाट रुपियाँ चार लाख र संयुक्त नेपाली केन्द्रीय सेवा संघको तर्फबाट रुपियाँ एक लाख गरी, जम्मा पाँच लाख रुपियाँ हस्तान्तरण गरे। यति मात्रै हैन, कलकत्ताका नेपालीहरूले नेपालमा जब जब विपद् आइपर्छ, सघाएका छन्। भुइँचालोको समयमा पनि कलकत्ताले

# कलकत्तामा नेपालीहरूको अतुलनीय योगदान



**दार्जीलिङ, १० मई** : न जात, न जाति। न धर्म, नसम्प्रदाय। यहाँ सरोकार केवल मानवताको मात्रै छ। कलकत्ताको फुटपात, गल्ली गल्छेडी कतै नछोडी खाद्य सामग्री वितरण गरिरहेका छन्। कोविड १९ कोरोना भाइरसको भयावह स्थितिलाई मध्यनजर राखेर केन्द्र अनि राज्य सरकारले लक डाउनको घोषणा गरेको केही दिनपछि उक्त भेगका विपन्नहरूलाई आफ्नो ज्यानको बाजी लगाएर कलकत्ताको विभिन्न ठाउँमा खाद्य सामग्री वितरण गरेर श्री जानकी माता नेपाली धार्मिक संघ कलकत्ताले मानवताको साँचो उदाहरण प्रस्तुत गरेका छन्।

संघका सभापति गुञ्जदास श्रेष्ठलगायत चेयर म्यान भीमबहादुर श्रेष्ठ, हितबहादुर खड्का, दिलिप श्रेष्ठ, शैलेस कुमार जयसवाल, हरेराम खड्का, पारस जयसवाल, राजन श्रेष्ठ, अञ्जनी दत्त, सेरबहादुर श्रेष्ठ, शम्भु खड्का, कमल श्रेष्ठ, रविन्द्र श्रेष्ठ, पर्शुराम शर्मा, सुमन पौडेल अनि नारीहरू बिन्दा श्रेष्ठ, कविता खड्का, पद्मा गुरुङ, सुभद्र शर्मा, संगीता खड्का र रंजीता खड्का आदिले लगातार सेवा गरिरहेका छन्। अरू घरमा बसेर परिवारसित आनन्द गरिरहेको समयमा यिनीहरूले विपन्न परिवारलाई सहयोग गरिरहेका छन्। खाद्य सामग्री बाहेक संघले बिपदमा परेकाहरूलाई एम्बुलेन्स सेवा पनि निशुल्क प्रदान गरिरहेका छन्।

# एम्फन राहत कोष में एक लाख रुपये का दान

**जागरण संवाददाता, कोलकाता** : श्रीश्री जानकी माता नेपाली धार्मिक संघ ने एम्फन राहत कोष में एक लाख रुपये का दान किया है। संघ के अध्यक्ष गुंज दास श्रेष्ठ ने बताया कि कोरोना संकट के बीच आया चक्रवाती तूफान बंगाल पर दोहरी मार की तरह है। इसने राज्य को काफी नुकसान पहुंचाया है। हमने हमारे संगठन के माध्यम से चक्रवात पीड़ितों की मदद के लिए एक लाख रुपये दान कर छोटा सा आर्थिक योगदान किया है। दानराशि चेक के रूप में जोड़ासांको की तृणमूल विधायक स्मिता बक्सी को सौंपी गई है। चेक सौंपने के अवसर पर भीम बहादुर श्रेष्ठ, अरुण पांडे, अनिल पांडे, हित बहादुर खड़का और दिलीप श्रेष्ठ मौजूद थे। गौरतलब है कि श्री श्री जानकी माता नेपाली धार्मिक संघ की ओर से लॉकडाउन में अब तक 8,000 से अधिक लोगों को खाना खिलाया जा चुका है और 4,000 लोगों में राशन बांटा गया है।

## तीज महोत्सव पर सम्मानित की गईं वरिष्ठ महिलाएं

**जासं, कोलकाता** : श्रीश्री जानकी माता नेपाली धार्मिक संघ व श्रीश्री जानकी माता नेपाली महिला कल्याणकारी कोष, कोलकाता की ओर से रविवार को गरियाहाट स्थित वृंदावन बैंक्वेट में तीज महोत्सव 2025 का आयोजन किया गया। इस अवसर पर वरिष्ठ महिलाओं को 'हाम्रो गौरव जेष्ठ नागरिक आमा सम्मान अवार्ड 2025' से सम्मानित किया गया। कलाकारों ने सांस्कृतिक कार्यक्रम प्रस्तुत कर समां बांध दिया। पूर्व विधायक स्मिता बक्सी तीज महोत्सव में विशेष अतिथि के तौर पर उपस्थित थीं। महोत्सव के सफल आयोजन में चेयरमैन भीम बहादुर श्रेष्ठ, सभापति गुंज दास श्रेष्ठ, महासचिव तिलक राम शर्मा, अध्यक्ष रमा शर्मा पौडेल व सचिव रमिता कार्की सिंह समेत अन्य की सक्रिय भूमिका रही।

# मुख्यमंत्री राहत कोष में सहयोग

**कोलकाता, 25 मई (निप्र)।** राज्य में आये प्रलयकारी तूफान अम्फान ने भारी तबाही मचाई है। तबाही में 90 से अधिक जानें गयी हैं तथा लाखों लोग प्रभावित हुए हैं। मुख्यमंत्री ममता बनर्जी की अपील पर नेपाली समाज की संस्था श्री श्री जानकी माता नेपाली धार्मिक संघ की ओर से 1 लाख रुपये का चेक राहत कोष के लिए जोड़ासांकू की विधायक स्मिता बक्शी को सौंपा गया। इस मौके पर गुंजन दास श्रेष्ठा, भीम बहादुर श्रेष्ठा, अनिल पाण्डेल व संस्था के अन्य गणमान्य व्यक्ति मौजूद थे।

---

# गरियाहाट में तीज महोत्सव पर सम्मानित की गईं वरिष्ठ महिलाएं



तीज महोत्सव में सम्मानित वरिष्ठ महिलाएं ● जागरण

जासं, कोलकाता : श्री श्री जानकी माता नेपाली धार्मिक संघ व श्रीश्री जानकी माता नेपाली महिला कल्याणकारी कोष, कोलकाता की ओर से रविवार को गरियाहाट स्थित वृंदावन बैंक्वेट में तीज महोत्सव 2025 का आयोजन किया गया। इस अवसर पर वरिष्ठ महिलाओं को 'हाम्रो गौरव जेष्ठ नागरिक आमा सम्मान अवार्ड 2025' से सम्मानित किया गया। कलाकारों ने सांस्कृतिक कार्यक्रम प्रस्तुत कर समां बांध दिया। पूर्व विधायक स्मिता बक्सी तीज महोत्सव में विशेष अतिथि के तौर पर उपस्थित थीं। महोत्सव के सफल आयोजन में चेयरमैन भीम बहादुर श्रेष्ठ, सभापति गुंज दास श्रेष्ठ, महासचिव तिलक राम शर्मा, अध्यक्ष रमा शर्मा पौडेल व सचिव रमिता कार्की सिंह समेत अन्य की सक्रिय भूमिका रही। गुंज दास श्रेष्ठ ने कहा-'हम हर वर्ष तीज महोत्सव धूमधाम से मनाते हैं। यह हमारी परंपरा व संस्कृति का अभिन्न हिस्सा है। हमारा संगठन कल्याणकारी कार्यों में भी सक्रिय है।'

---

**संयुक्त नेपाली केन्द्रीय सेवा संघ**
**SANYUKTA NEPALI KENDRIYA SEVA SANGH**
49/5/1L, Circular Garden Reach Road (Karl Mark Sarani),
Kolkata - 700 023

Estd. 1990
Regd. No. S 91 498

: CONSTITUENT MEMBERS :

- Shree Gorakhnath Sewa Samity
- Sgree Janakimata Nepali Dharmick Sangh
- Nepali Janakalyan Samity
- Pravasi Nepali Samaj Seva Sangh
- Pravasi Nepali Kalyan Sangathan
- Jagatra Devi Nepali Samity
- Jagat Sudhar Baudha Samity

Ref. No. ..............

मिति २०७८/०४/२२


श्रीमान् मेयर ज्यु,
मेलम्ची न.पा.सिन्धुपाल्चोक ।

विषय : राहत रकम हस्तान्तरण गरेको सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा संयुक्त नेपाली केन्द्रीय सेवा संघ, कोलकत्ताद्वारा त्यस न.पा. अन्तर्गत विभिन्न वडाहरुमा मिति २०७८।०३।०१ गते राती भएको भिषण वाडीद्वारा क्षेती गरी घरबार विहिन भएको पिडित नागरिकहरुको लागि पुनः आवास निर्माण गर्नको लागि सहयोग स्वरुप सनराईज बैंक चेक नं. १२५७६९६७ को रकम रु.१,००,०००।-(एक लाख) मेलम्ची वाडी पिडित राहत तथा पुर्नस्थापना कोषमा जम्मा हुने गरी चेक श्रीमान् समक्ष हस्तान्तरण गरियो । साथै उक्त रकम कोलकत्तामा बस्ने सम्पूर्ण नेपालीहरुद्वारा संकलित गरिएको जानकारी समेत गराउदछौं ।

गुञ्जराज श्रेष्ठ
अध्यक्ष
संयुक्त नेपाली केन्द्रीय सेवा संघ
कोलकत्ता



श्री जानकी माता नेपाली धार्मिक संघ कोलकाता को तत्वधाममा र संघ को संरक्षक श्रीमान अरूण पाण्डेय ज्यु को नेतृत्वमा आज बेहला डिफेंस पार्क मा गई राकेश रावतको एक वर्ष अगाडि गाड़ी दूर्घटनाबाट खुट्टा फ्याक्चर भई आर्थिक को अभावले ठीक संग उपचार गर्न सकेको थिएन र आज नै हामीले थाहा पाएर उहाँ को घरमा गएर खुट्टा उपचार गर्न को लागी रू 10,000 (दश हजार) र एक महिनाको लागी खाद्यान्न सामाग्री हस्तांतरण गरी शिघ्र स्वास्थ लाभ को कामना गर्दछौ !!

**Date: 1/07/2021**

